# प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/०३

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ २०७५/०६/०४

२०७५ सालको ऐन नं. १

**प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** प्रदेशस्तरका केही सार्वजनिक लिखतहरुको प्रमाणीकरण सम्बन्धी कानून निर्माण गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानून मन्त्रालय, भन्नाले प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले 📖 गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ग) "प्रामाणिक प्रति" भन्नाले सार्वजनिक लिखत प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनु पर्छ ।

(घ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मन्त्री सम्झनु पर्छ र सो शब्दले प्रदेश मन्त्रालयको स्वतन्त्र कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।

(ङ) "मुख्यमन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले प्रदेश सरकारको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको सचिव सरहको अन्य अधिकृत समेतलाई जनाउँछ ।

(छ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(झ) "सार्वजनिक लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छ:–

(१) प्रदेश सभाले बनाएको ऐन,

(२) प्रदेश प्रमुखबाट जारी भएको अध्यादेश,

(३) प्रदेश सरकारले बनाएको नियम,

(४) प्रदेश सरकारले जारी गरेको आदेश,

---

📖 केही प्रदेश कानुनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा संशोधित ।

(५) प्रदेश सभाद्वारा पारित प्रस्ताव,

(६) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(७) प्रदेश मन्त्रिपरिषद्को निर्णय,

(८) संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्रदेश सरकारले दिने नियुक्ति, सरुवा र अवकाश पत्र,

(९) संघीय तथा प्रदेश कानून बमोजिम प्रदेशस्तरमा प्रमाणीकरण गर्नुपर्ने अन्य लिखत ।

३. **ऐनको प्रमाणीकरण कार्यविधि:** (१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभाको सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा सभामुखले प्रदेश सभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एकप्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, संघीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून मन्त्रालय र प्रदेश सभाको सचिवालयमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून मन्त्रालयका सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. **प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण:** (१) संविधान तथा प्रदेश कानून बमोजिम प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा प्रदेश सभाका सचिव वा निजले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने गराउनेछ ।

५. **अध्यादेश प्रमाणीकरणको कार्यविधि:** (१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्ने सिफारिस भएपछि कानून मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीहरुले हस्ताक्षर गर्नु पर्नेछ :-

(क) मुख्यमन्त्री,

(ख) मन्त्री, सम्बन्धित मन्त्रालय

(ग) मन्त्री, कानून मन्त्रालय

(घ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ङ) सचिव, कानून मन्त्रालय ।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा कानून मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ । प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागू हुनेछ ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरु मध्ये एकप्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, संघीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र कानून मन्त्रालयमा पठाउनुपर्नेछ । त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून मन्त्रालयको सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

६. **प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकार पत्र, सूचनाको प्रमाणीकरण:** (१) संविधान तथा अन्य संघीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखतको प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एक प्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

७. **नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरण:** (१) देहायका सार्वजनिक लिखतहरु जारी गर्ने सम्बन्धमा प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेपछि सोको आधारमा प्रमुख सचिवले देहायका लिखत प्रमाणीकरणका लागि दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति मुख्यमन्त्रीको कार्यालयमा राखी अर्को प्रति प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनुपर्नेछ :-

(क) प्रदेश सरकारले बनाएको नियम,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(घ) संघीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्ले गर्नुपर्ने निर्णय, जारी गर्नुपर्ने निर्देशिका वा अन्य सार्वजनिक लिखत ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रामणिक प्रति सम्बन्धित मन्त्रालयले सुरक्षित राखी सोको आधारमा कार्यान्वयन गर्नु पर्नेछ ।

**८. प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः** दफा ३, ४, ५, ६ र ७ मा लेखिएदेखि बाहेकका प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको अन्य अधिकृतबाट हुनेछ ।

**९. संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरणः** (१) संविधान तथा संघीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्ति पत्र प्रदेश प्रमुखको हस्ताक्षरद्वारा प्रमाणीकरण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्ति पत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा लेखी पठाउनुपर्नेछ ।

**१०. अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः** (१) प्रदेश मन्त्रिपरिषद्‌बाट भएका निर्णय तथा नियुक्तिको प्रमाणीकरण प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ ।

(२) दफा ३, ४, ५, ६, ७, ८ र ९ मा उल्लेख भएदेखि बाहेकका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेश मन्त्रिपरिषद्‌ले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. प्रदेश राजपत्रमा प्रकाशन गर्नेः** (१) यस ऐन बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ :-

(क) प्रदेश ऐन वा अध्यादेश,

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्‌ले जारी गरेको आदेश वा अधिकारपत्र,

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्‌को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना,

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन, अध्यादेश भए कानून मन्त्रालयको सचिवले, नियम भए सम्बन्धित मन्त्रालयको सचिवले र अन्य सूचना भए जुन मन्त्रालयबाट कार्यान्वयन हुने हो सोही मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकृतले प्रकाशन गर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश राजपत्रमा प्रकाशन विना नै कार्यान्वयन गर्न सकिने विषयको आदेश वा निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने छैन ।

(४) कुनै सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भएमा सो विषयमा कानून मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(५) प्रदेश राजपत्र प्रकाशन गर्ने सम्बन्धी व्यवस्था प्रदेश मन्त्रिपरिषद्‌ले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. दण्ड सजाय:** (१) कसैले ऐन वा अध्यादेशको कीर्ते गरेमा, नभए नगरेको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा यस ऐन बमोजिम प्रमाणीकरण भएका ऐन वा अध्यादेशलाई केरमेट गरेमा निजलाई कसूरको मात्रा अनुसार पाँच बर्ष देखि दश वर्षसम्म कैद हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य कसूर गर्नेलाई एक वर्ष देखि पाँच वर्षसम्म कैद हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कसूर गर्न उद्योग वा दुरुत्साहन गर्ने वा मतियारलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) यस दफा बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि नोक्सानी भएको रहेछ भने सो बापत क्षतिपूर्ति समेत कसूरदारबाट भराउनु पर्नेछ ।

**१३. सरकारवादी मुद्दा हुने:** यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी मुद्दा हुनेछ ।

**१४. नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**१५. खारेजी र बचाउ:** (१) प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी नियमावली, २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/०५

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७५ | २०७५/०२/३१ |
| २. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ | २०७५/०६/०४ |

२०७५ सालको ऐन नं. २

## प्रदेश सरकार, प्रदेश नं. ४ को आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने, बेरुजू फछ्र्यौट गर्ने गराउने, असुल तथा तहसिल गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधान बमोजिम प्रदेश सभा, प्रदेश नं. ४ को पहिलो अधिवेशनबाट प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **'संविधान'** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) **'संघीय सञ्चित कोष'** भन्नाले संविधानको धारा ११६ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ ।

(ग) **'प्रदेश सञ्चित कोष'** भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ ।

(घ) **'स्थानीय सञ्चित कोष'** भन्नाले संविधानको धारा २२९ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ ।

(ङ) **'कार्यालय'** भन्नाले ⊠ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश लोकसेवा आयोग र सो मातहतका कार्यालय वा निकाय सम्झनु पर्छ ।

---

⊠ पहिलो संशोधनद्वारा संशोधित ।

(च) **'कार्यालय प्रमुख'** भन्नाले खण्ड (ङ) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारीलाई सम्झनु पर्छ ।

(छ) **'तालुक कार्यालय'** भन्नाले सम्बन्धित कार्यालय भन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ ।

(ज) **'मातहतको कार्यालय'** भन्नाले सम्बन्धित कार्यालयको मातहतमा रहेका कार्यालय सम्झनु पर्छ ।

(झ) **'सचिव'** भन्नाले प्रदेश मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुखका साथै प्रदेश सरकारका सबै मन्त्रालयका प्रशासकीय प्रमुख समेतलाई जनाउँदछ ।

(ञ) **'एक तह माथिको अधिकारी'** भन्नाले प्रदेश कार्यालयको प्रमुखको हकमा सम्बन्धित विभागीय प्रमुख, विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालय, सचिवालय तथा आयोगको सचिव, सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र प्रदेश स्थित संवैधानिक अंग तथा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अंग तथा निकायको प्रमुख सम्झनु पर्छ ।

(ट) **'महालेखा नियन्त्रक कार्यालय'** भन्नाले संघीय आर्थिक कार्यविधि ऐन र सो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने अर्थ मन्त्रालय अन्तर्गतको विशिष्टिकृत निकायलाई सम्झनु पर्छ ।

(ठ) **'प्रदेश लेखा नियन्त्रक कार्यालय'** भन्नाले प्रदेश आर्थिक कार्यविधि ऐन र सो ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेश मन्त्रालयहरु प्रदेश अन्तर्गत कार्यालयहरुको र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मातहत रही अन्तर्गत कार्यालयहरुको आर्थिक प्रशासन सञ्चालनमा निर्देशन दिने, आन्तरिक लेखापरीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षक समक्ष प्रतिवेदन पेश गर्ने गरी प्रदेश सरकारले तोकेको कार्यालय सम्झनु पर्छ ।

(ड) **'कोष तथा लेखा नियन्त्रक कार्यालय'** भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गत रही प्रदेश स्थित सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जनाउँदछ ।

(ढ) **'विनियोजन'** भन्नाले प्रदेश विनियोजन ऐन, प्रदेश पेश्की खर्च ऐन द्वारा निर्दिष्ट सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकहरुमा विभिन्न कार्यालयहरुलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले प्रदेश पूरक विनियोजन ऐन र प्रदेश उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेतलाई जनाउँदछ ।

(ण) **'लेखा उत्तरदायी अधिकृत'** भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेटको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सी एवं अन्य जुनसुकै कारोवारको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण गराउने, बेरुजू नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तब्य भएको सचिवलाई सम्झनु पर्छ ।

(त) **'अर्थ मन्त्री'** भन्नाले आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रीलाई जनाउनेछ । सो शब्दले स्वतन्त्र रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई सम्झनुपर्दछ ।

(थ) **'जिम्मेवार व्यक्ति'** भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अख्तियारी दिए बमोजिमको कार्य सञ्चालन

गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी, जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने गैर सरकारी व्यक्ति समेतलाई जनाउँछ ।

(द) **'बैंक'** भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्न तोकिएको आधिकारिक बैंक सम्झनु पर्छ र सो शब्दले त्यस्तो आधिकारिक बैंकको अधिकार प्रयोग गर्ने गरी तोकिएको वाणिज्य बैंक वा प्रदेश सरकारले तोकेको अन्य बैंक समेतलाई जनाउँदछ ।

(ध) **'आर्थिक कारोबार'** भन्नाले सरकारी वित्तीय हस्तान्तरण गर्ने तथा प्राप्त गर्ने, राजस्व संकलन गर्ने, राजस्व दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्तिको लागि योजना बनाउने वा प्राप्ति गर्ने, खर्च गर्ने, धरौटी तथा कार्यसञ्चालन कोष लगायत अन्य कोष समेतको सम्पूर्ण कारोबारलाई सम्झनु पर्छ ।

(न) **'लेखा'** भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात एवं प्रतिवेदन समेतलाई सम्झनु पर्छ ।

(प) **'आन्तरिक लेखापरीक्षण'** भन्नाले सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका निर्धारित कार्य सम्पादनसँग सम्बन्धित व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोवार र सो सँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मुल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य समेतलाई जनाउँछ ।

(फ) **'अन्तिम लेखापरीक्षण'** भन्नाले महालेखा परीक्षकको कार्यालयबाट संविधानको धारा २४१ बमोजिम हुने लेखापरीक्षणलाई सम्झनु पर्छ ।

(ब) **'बेरुजू'** भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनु पर्छ ।

(भ) **'असुल उपर गर्नु पर्ने रकम'** भन्नाले प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याएको बेरुजू रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा प्रदेश सरकारलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(म) **'संपरीक्षण'** भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजूको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्बन्धी कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाबाट गठित प्रदेश सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(य) **'वित्तीय विवरण'** भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनु पर्छ र सो शब्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकको आधारमा बनाइएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाईएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(र) **'सार्वजनिक जवाफदेहीको पद'** भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रुपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानुनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य

र अधिकार भएको पद सम्झनु पर्छ ।

(ल) **'अनुदान संकेत'** भन्नाले प्रदेश संवैधानिक निकाय, मन्त्रालय वा सो सरह क्षेत्राधिकार भएका सचिवालय, आयोग आदिका कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी दिइएको संकेतलाई जनाउँछ।

(व) **'आर्थिक वर्ष'** भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्त सम्मको बाह्र महिनाको अवधिलाई जनाउँछ ।

(श) **'तोकिएको'** वा **'तोकिए बमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ष) **'प्रदेश'** भन्नाले प्रदेश सरकार 🕮 गण्डकी प्रदेश लाई जनाउँछ ।

## परिच्छेद - २
## प्रदेश सञ्चित कोषको सञ्चालन

**३. प्रदेश सञ्चित कोषको सञ्चालनः** संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधिनमा रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम प्रदेश सञ्चित कोषको संचालन गर्नेछ ।

**४. प्रदेश सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः** (१) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ र त्यसको लागि लेखा दाखिला गराउने लगायतका अन्य कामको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयलाई, प्रदेश सरकारको कारोवार गर्ने आधिकारिक बैंकलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जिम्मेवारीको पालना गर्नु गराउनु सम्बन्धित सबै कार्यालय तथा बैंकको कर्तव्य हुनेछ ।

(३) प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेश सरकारको एकीकृत लेखा राख्ने र वित्तीय विवरण तयार गर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षक समक्ष लेखा र वित्तीय विवरण पेश गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) प्रदेश लेखा नियन्यत्रक कार्यालय स्थापना नभए सम्मका लागि प्रदेश लेखा नियन्त्रकको काम, कर्तव्य र उत्तरदायित्व महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिमको हुनेछ ।

## परिच्छेद - ३
## राजस्व र व्ययको अनुमान

**५. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः** (१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको खर्च संरचना तयार गर्नु पर्नेछ । यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ ।

---

🕮 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सो बाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भईसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरणलाई जनाउने छ ।

(३) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**६. स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने:** (१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध पूर्वानुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रथम पटकका लागि यो प्रावधान लागु हुने छैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले एक स्रोत अनुमान समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्रोत अनुमान समितिले गत आर्थिक वर्षको प्रदेशको यथार्थ आर्थिक स्थिती र चालु आर्थिक वर्षको ६ महिनाको समष्टिगत तथा प्रदेशका आर्थिक परिसूचकहरू, आगामी आर्थिक वर्षमा उपलव्ध हुन सक्ने राजस्व, वितिय हस्तान्तरण तथा अनुदान, स्वीकृत भएको वा हुने विकास सहायता र आन्तरिक ऋण रकम समेतका आधारमा स्रोत अनुमान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान भएपछि मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षको लागि गर्न सकिने खर्चको सीमा निर्धारण गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ ।

(६) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. बजेट सीमा र मार्गदर्शन पठाउने:** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालु आर्थिक वर्षको फागुन महिनाको दोस्रो हप्ताभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ । यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिबर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रथम पटकका लागि यो प्रावधान लागु हुने छैन ।

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजनासँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याईका लागि आवश्यक अन्य विवरणहरू समेत खुल्ने गरी तयार गर्नु पर्नेछ ।

(३) बजेट तर्जुमा, छलफल एवं बजेटको मस्यौदालाई अन्तिम रूप दिने अन्य प्रक्रिया र समय

सीमा तोकिएबमोजिम हुनेछ ।

**८. विनियोजन दक्षताः** (१) दफा १० बमोजिम आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछ,

(क) साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याई गर्ने आवश्यक सूचना विस्तृत रूपमा खुलाउनु पर्नेछ ।

(ख) नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुनसक्ने रकम मात्र पुष्ट्याई सहित प्रस्ताव गर्नु पर्नेछ । सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरूप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नु पर्नेछ ।

तर प्रदेश सरकार संचालनमा आएपछि नेपाल सरकारबाट प्रदेश सरकारको अधिकार सूची भित्रका आयोजनाहरु हस्तान्तरण भएर आएको हकमा आयोजना सम्पन्न हुने समय समेत निर्धारण गरी रकम प्रस्ताव गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा ११ बमोजिम लेखांकन गरिएको प्रतिवद्ध कार्यका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रस्तावित बजेट तथा कार्यक्रम उपर दफा १० को उपदफा (४) बमोजिम भएको छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको विश्लेषण र मूल्याङ्कनका आधारमा उपयुक्त ठहरिएको बजेट तथा कार्यक्रम अगामी वर्षको विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ ।

**९. पूर्व बजेट छलफलः** (१) ✠ प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नुभन्दा कम्तिमा पन्ध्र दिन अगावै अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(२) प्रदेश सभाले उपदफा (१) बमोजिम पूर्व बजेट पेश भएको एक महिनाभित्र सो माथि आवश्यक छलफल गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलब्ध गराउनेछ ।

**१०. बजेट प्रस्ताव र छलफलः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी दफा ७ को उपदफा (३) बमोजिम निर्धारित समयसीमा भित्रै आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने दायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सो को लागत एवं त्यस्तो लागत व्यहोरिने स्रोत समेत स्पष्ट खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमानको साथै त्यस पछिका दुई आर्थिक वर्षको खर्च र स्रोतको प्रक्षेपित विवरण पनि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बजेट प्रस्तावको साथमा गत आर्थिक वर्षको यथार्थ स्थिति र चालु

---

✠ पहिलो संशोधनद्वारा संशोधित ।

आर्थिक वर्षको ६ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्तावित बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल हुनेछ ।

**११. प्रतिबद्धता लेखा तथा नियन्त्रण:** (१) प्रचलित कानूनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता वा निर्णय भइ हस्तान्तरण भई आएका विभिन्न सम्झौता वा निर्णयबाट खर्च व्यहोर्न वा प्रदेश सरकार वा नेपाल सरकारबाट राजस्वमा छुट दिन प्रतिबद्धता जनाईएको रकमको स्पष्ट व्यहोरा देखिने गरी लेखा राख्नु पर्नेछ ।

(२) प्रतिबद्धता लेखा राख्ने तथा सो को नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. विनियोजन विधेयक तयार गर्ने:** (१) दफा १० को उपदफा (३) बमोजिमको बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकीकरण गरी बजेट मस्यौदालाई अन्तिम रुप दिई विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको विनियोजन विधेयकको साथमा आर्थिक विधेयक लगायत अन्य आवश्यक विधेयकहरू समेत तर्जुमा गर्नु पर्नेछ ।

**१३. राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने:** (१) अर्थ मन्त्रीले प्रत्येक वर्ष आषाढ महिनाको १ गते दफा १२ बमोजिम अन्तिम रूप दिइएको प्रदेश सरकारको आगामी आर्थिक बर्षको लागि राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुने राजस्व र व्ययको अनुमानको साथमा संविधानको धारा २०७ मा उल्लिखित विवरणहरूको अतिरिक्त देहायका विवरणहरू समेत समावेश गर्नु पर्नेछ:

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको अनुमान अनुसार राजस्व संकलन भए नभएको विवरणको साथै कर वा गैह्रकरमा छुट दिइएको विवरण,

▲ तर यो ऐन प्रारम्भ भएपछिको पहिलो आर्थिक वर्षको लागि यो व्यवस्था लागू हुने छैन ।

(ख) दफा ५ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचना,

(ग) अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति ।

**१४. परामर्श गर्न सक्ने:** प्रदेश सरकारले आय र व्ययको अनुमान तयार गर्नु अघि तत् सम्बन्धमा सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ ।

**१५. घाटा बजेट पेश गर्न सक्ने:** (१) प्रदेश सरकारले घाटा बजेट पेश गर्न सक्नेछ । यसरी घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सो को स्पष्ट आधार खुलाउनु पर्नेछ । तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन ।

(२) घाटा बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

---

▲ पहिलो संशोधनद्वारा थप ।

## परिच्छेदः ४

## बजेट निकासा, रकमान्तर तथा नियन्त्रण

**१६. बजेट निकासाः** (१) विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएपछि खर्च गर्न अधिकार प्राप्त कार्यालयले वार्षिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्नेछन् ।

(२) विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्नुपर्ने अवस्थामा तालुक निकायले विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्नेछ । यसरी एक पटक बाँडफाँट गरिसकेपछि पटक-पटक बाँडफाँट गर्न पाइने छैन ।

(३) उपदफा (२) बमोजिमको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम बाँडफाँटको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले उपदफा (१) बमोजिम खर्च गर्न सक्नेछन् ।

(५) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा अन्तर्गतको निकाय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले सम्बन्धित निकायको सचिवलाई त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशका आधारमा प्रदेश सञ्चित कोषबाट प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा निर्धारित नीति अन्तर्गत रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणालीबाट भुक्तानी निकासा हुनेछ ।

(७) सम्बन्धित कार्यालयको नाममा विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजू फछ्र्यौट गर्ने गराउने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(८) सरकारी रकम भुक्तानी तथा निकासा दिने, कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१७. रकमान्तर तथा स्रोतान्तरः** (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उप-शीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्नेछ ।

(२) आफ्नो र मातहत निकाय अन्तर्गतको कुनै बजेट उप-शीर्षकमा रकम नपुग भएमा सो अन्तर्गत रकम बचत भएको अन्य बजेट उप-शीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालु तर्फका खर्च शीर्षकहरूमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शीर्षकहरूमा तथा चालुबाट पूँजीगत खर्च शीर्षकमा सम्बन्धित सचिवले रकमान्तर गर्न सक्नेछ ।तर यसरी रकमान्तर गर्दा तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा विजुली, सञ्चार महशुल र

घरभाडा जस्ता अनिवार्य दायित्वबाट रकमान्तर गर्न पाइने छैन ।

(३) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने:** (१) दफा १६ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

(२) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण (Budget Surrender) गर्न लगाई आवश्यक अन्य शीर्षकमा दफा १७ बमोजिम रकमान्तर गर्न सक्नेछ । तर बजेट समर्पण पनि नगर्ने कार्य सम्पादन पनि नगर्ने लेखा उत्तरदायी र जिम्मेवार अधिकृतलाई तोकिए बमोजिम कार्य सम्पादनमा आवद्ध गरिने छ ।

**१९. प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरण:** (१) प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको रकम हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ ।

(२) प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको हस्तान्तरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. बजेट तथा कार्यक्रमको मूल्याङ्कन:** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र देहायका विवरण सार्वजनिक गर्नु पर्नेछः

(क) राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारवाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकम, बैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था,

(ग) अन्य आवश्यक विवरणहरू ।

## परिच्छेद - ५

### कारोबारको लेखा

**२१. लेखाको सिद्धान्त, आधार र लेखा ढाँचा:** (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखा

दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरूप नगदमा आधारित हुनेछ । प्रदेश सरकारले तोकेको मितिदेखि प्रोदभावी (एक्रुएल) आधारमा लेखा राख्ने प्रणाली  कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा राख्ने प्रयोजनका लागि नेपाल सरकारको ढाँचासँग तादात्म्य हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले महालेखा परीक्षकबाट स्वीकृत लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण अनुरुप लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण तर्जुमा गरी कार्यान्वयन  गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको आर्थिक संकेत तथा वर्गीकरण र लेखा ढाँचा सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम स्वीकृत आर्थिक संकेत तथा वर्गीकरण र लेखा ढाँचामा सुधार तथा परिमार्जन गर्न आवश्यक देखेमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सुधार तथा परिमार्जन गर्नुपर्ने ढाँचा तयार गरी महालेखा परीक्षकबाट स्वीकृत गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम स्वीकृत लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरणका कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा देखिएमा स्पष्ट गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

२२. **कारोबारको लेखा:** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, प्रदेश सरकारलाई नेपाल सरकारवाट प्राप्त हुने  वैदेशिक अनुदान, ऋण सहायता, लगानी, र अन्य कारोबारको एकीकृत लेखा तयार गरी राख्नु पर्नेछ ।

(२) विनियोजन, राजस्व तथा धरौटीका अतिरिक्त अन्य सबै प्रकारका कारोबार र बजेटमा समावेश नभएका जुनसुकै प्रकारको सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नु पर्नेछ ।

(३) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखांकन एवम् प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ । लेखा उत्तरदायी अधिकृतबाट प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नेछ ।

(५) प्रदेश भित्रका सबै सरकारी कारोवारको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षक समक्ष पेश गर्नु प्रदेश लेखा नियन्त्रक कार्यालयको कर्तव्य हुनेछ ।

२३. **राजस्व दाखिला र राजस्व लेखा:** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम सरकारी कारोवार बैंकमा दाखिला गर्नु पर्नेछ ।

(२) सरकारी कारोवार गर्ने स्वीकृति प्राप्त बैंकमा जम्मा हुन आएको राजस्व सोही दिन सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ । कुनै कावु बाहिरको परिस्थिति परी सोही दिन राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोषमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) विपरित सरकारी कारोवार गर्न स्वीकृति प्राप्त कुनै बैंकले प्रदेश सञ्चित कोषमा

राजस्व दाखिला नगरेको पाइएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैंकले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी राजस्व दाखिला गर्न लगाई सो बैंकको इजाजत रद्ध गर्नेतर्फ कारवाही गर्नु पर्नेछ ।

(४) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ ।

**२४. नगद, जिन्सी दाखिला र लेखाः** (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक मन्त्रालय, कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना सहित साँवा रकम दाखिला गर्न लगाउने ।सो भन्दा बढी ढिलो गरेको भए साँवा रकम र दश प्रतिशत जरिवाना रकम समेत दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दाखिला गर्नु पर्ने नगद बैंक र कार्यालय बीचको दूरी समेतलाई विचार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाइ एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ ।यसरी अनुरोध भई आएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरी बढीमा तीस दिनसम्मको म्याद थप गरीदिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम थपिएको म्याद भित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे एक सय रुपैयाँ वा विगोको दश प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

**२५. लेखा दाखिला गर्नेः** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्ष प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको एकीकृत लेखाको वित्तीय विवरण प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष दाखिला गर्नु पर्नेछ ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालय वा लेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम लेखा दाखिला गर्न नसकेको मनासिब कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा एक तह माथिको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थप गरिदिन सक्नेछ ।तर

यसरी म्याद थप गर्दा महालेखा परीक्षकको कार्यालयमा एकीकृत लेखा दाखिला गर्ने समय अवधि प्रभावित नहुने गरी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पहिलो पटकको लागि प्रत्येक कलममा एक सय रुपैयाँको दरले र दोस्रो पटकमा प्रत्येक कलमको लागि दुई सय रुपैयाँको दरले जरिवाना गर्न सक्नेछ र पुन: अर्को पटक सोही कार्य गरेमा प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सकिनेछ ।

(६) तोकिएको अवधिभित्र महालेखा परीक्षकको कार्यालयमा लेखा तथा वित्तीय विवरण दाखिला गराउन नसकी मनासिब माफिकको कारण देखाई लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थपको लागि अनुरोध गरेमा महालेखा परीक्षक वा निजले तोकेको अधिकारीले बढीमा पैंतीस दिन सम्मको म्याद थपिदिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम म्याद थप माग नगरेमा वा थपिएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण दाखिला नगरेमा महालेखा परीक्षकले जिम्मेवार व्यक्ति भए लेखा उत्तरदायी अधिकृतलाई र लेखा उत्तरदायी अधिकृत भए एक तह माथिको अधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु निजको कर्तव्य हुनेछ ।

(८) उपदफा (७) बमोजिम निर्देशन दिंदा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सकिनेछ ।

(९) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रुपमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२६. एकीकृत वित्तीय विवरण तयार गर्ने:** (१) प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरूको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(२) आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण आफ्नो क्षेत्र भित्रका स्थानीय तहको आर्थिक कारोवारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(३) आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र स्थानीय तहको आर्थिक कारोवारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(४) स्थानीय तहभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(५) आ-आफ्नो कार्य क्षेत्रभित्रको वित्तीय विवरण पेश नगर्ने तथा लेखापरीक्षण नगराउने कार्यालय तथा स्थानीय तहलाई प्रवाह हुने अनुदान रकम रोक्का राख्न सकिनेछ ।

(६) प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ ।

**२७. हानी नोक्सानी असुल उपर गरिने:** यस ऐन बमोजिम राख्नु पर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट प्रदेश सरकारलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट प्रदेश सरकारको सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद - ६
### भ्रमण खर्च

**२८. भ्रमणमा खटाउने:** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वदेश वा विदेशमा काज खटाउन सकिनेछ ।

**२९. दैनिक तथा भ्रमण भत्ता:** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वदेश वा विदेशमा काज खटाउँदा भ्रमण खर्च नियमावलीमा तोकिए बमोजिम दैनिक भत्ता तथा भ्रमण भत्ता प्रदान गरिनेछ ।

## परिच्छेद - ७
### आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

**३०. आन्तरिक नियन्त्रण प्रणाली:** (१) प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि आर्थिक मामिला तथा योजना मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुनेछ ।

**३१. आन्तरिक नियन्त्रण समिति:** (१) दफा ३० बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि प्रत्येक निकायमा देहाय बमोजिमको आन्तरिक नियन्त्रण समिति रहनेछ:-

(क) सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत वा प्रमुख - अध्यक्ष,

(ख) सम्बन्धित निकायको प्रशासन वा योजना महाशाखा/शाखा प्रमुख - सदस्य,

(ग) अध्यक्षले तोकेको सम्बन्धित निकायमा कार्यरत विषय क्षेत्रसँग सम्बन्धित राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य,

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य,

(ङ) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो निकाय र अन्तर्गतबाट सम्पादन गरिने कार्यहरू प्रचलित कानून बमोजिम नियमित तरिकाले दक्षतापूर्ण एवम् मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय प्रतिवेदनहरूलाई विश्वसनीय बनाउने तथा लेखापरीक्षणबाट कायम भएका बेरुजू फछ्र्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन आवश्यक कार्यहरू सम्पादन गर्नेछ ।

(३) आन्तरिक नियन्त्रण समितिको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३२. आन्तरिक लेखापरीक्षण:** (१) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरूको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा प्रत्येक चौमासिक समाप्त भएको १५ दिनभित्र आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(३) आन्तरिक लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आन्तरिक लेखापरीक्षकले सम्बन्धित निकायको उद्देश्य अनुरूपका निर्धारित कार्यसम्पादनसँग सम्बन्धित कारोवारको गणितीय शुद्धता र कानूनको परिपालनाको पूर्ण परीक्षण गर्नु पर्नेछ । सम्बन्धित निकायको कार्य सम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग एवं प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अबलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत एवं प्रक्रियागत पक्षहरूको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालनमा सहयोग पुऱ्याउने गरि प्रतिवेदन गर्नु आन्तरिक लेखापरीक्षकको कर्तव्य हुनेछ ।

(ग) आन्तरिक लेखापरीक्षण प्रयोजनका लागि सम्बन्धित निकायको आर्थिक कारोवार र सो सँग सम्बन्धित अभिलेख तथा निर्णयहरू निरीक्षण, परीक्षण तथा जाँच गर्न पाउने अधिकार आन्तरिक लेखापरीक्षकलाई हुनेछ ।

(घ) आन्तरिक लेखापरीक्षकले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गरी देखिएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन गर्नु पर्नेछ ।

(४) आन्तरिक लेखापरीक्षकले आफूलाई खटाउने र आन्तरिक लेखापरीक्षण गर्ने निकायप्रति जिम्मेवार रही आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, सक्षमता सहित तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ । साथै, आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुँदैन।

(५) आन्तरिक लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखापरीक्षण गरेकै आधारमा निज उपर कुनै कानूनी कारवाही चलाइने छैन । तर आन्तरिक लेखापरीक्षकले अनुचित कार्य गरेमा वा वदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिमको कारवाही वा अभियोजन गर्न बाधा पुगेको मानिने छैन ।

(६) आन्तरिक लेखापरीक्षण्धा प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा संपरीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ । अन्तिम लेखापरीक्षण हुँदा प्रस्तुत हुन आएका आन्तरिक लेखापरीक्षणका सुझावहरूको सम्बन्धमा कारण सहित हटाइएकोमा बाहेक अन्य सुझावहरूलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नु पर्नेछ ।

(७) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निश्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग अलग कर्मचारी खटाउने व्यवस्था गर्नु पर्नेछ ।

(८) प्रदेश लेखा नियन्त्रक कार्यालयले यस ऐन बमोजिम भएको आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ । यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(९) आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३३. **अन्तिम लेखापरीक्षण:**_(१) प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) महालेखा परीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ ।

३४. **कारोवारको लेखा तथा विवरण दाखिला गर्नु पर्ने:** (१) कार्यालयको सरकारी नगदी, जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखा परीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित अधिकृत वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्ने अधिकृत वा जिम्मेवार व्यक्तिले बेरुजू वा कैफियतमा देखिएको रकम व्यहोर्नु पर्नेछ ।

(४) लेखा तथा वित्तीय विवरण पेश नगर्ने प्रदेश संवैधानिक अंग तथा निकायको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित संवैधानिक अंग तथा निकायका प्रमुखले, प्रदेश मन्त्रालय तथा प्रदेश स्तरको सचिवालय तथा आयोगको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीले र अन्यको हकमा लेखा उत्तरदायी अधिकृतले प्रत्येक कलममा एक सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जरिवाना गर्दा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिम अन्य कारवाही समेत गर्नु पर्नेछ ।

३५. **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारवाही:** (१) आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका बेरुजूका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट डोर आउनुपूर्व वा सो बेरुजूको सूचना पाएको ३५ दिनभित्र बेरुजू फछ्र्यौट गरी श्रेस्ता अद्यावधिक गर्नु पर्नेछ । यस म्याद भित्र फछ्र्यौट हुन नसकेमा लेखा उत्तरदायी अधिकृतको स्वीकृतिमा बढीमा १५ दिन म्याद थप हुन सक्नेछ ।

(२) महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैंतिस दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा संपरीक्षण गरी महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद भित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट तथा संपरीक्षण गराउन नसक्ने मनासिव माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ । त्यस्तो अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम थप गरिदिएको म्यादभित्र पनि प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट वा संपरीक्षण नगराएमा महालेखा परीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउने र त्यसरी प्राप्त हुन आएको जानकारी बमोजिमको कारवाही गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ । लेखा उत्तरदायी अधिकृतले कारवाही नगरेमा महालेखा परीक्षकले विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी गराउनेछ ।

(५) यस दफा बमोजिम फछ्र्यौट तथा संपरीक्षण हुन नसकेको प्रारम्भिक प्रतिवेदनको व्यहोरा महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ ।

३६. **लेखापरीक्षण प्रतिवेदनको लगत राख्ने:** (१) आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनु पर्ने भनी ठहऱ्याइएको बेरुजूको लगत कार्यालय स्तरमा राख्नु पर्नेछ ।

(२) प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजूको प्रादेशिक लगत राख्नु पर्नेछ । बेरुजूको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुनेछ । प्रदेश लेखा नियन्त्रक कार्यालयले यसरी प्राप्त बेरुजूको एकिकृत लगत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको लगत राख्दा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको लगत अलग अलग रूपमा राख्नु पर्नेछ ।

(४) ✠ दफा ३२ को उपदफा (६) बमोजिम फछ्र्यौट तथा संपरीक्षण भएको आन्तरिक लेखापरीक्षणको बेरुजू तथा दफा ३८ बमोजिम फछ्र्यौट तथा संपरीक्षण भएको अन्तिम लेखापरीक्षणको बेरुजूको विवरण लगतमा अद्यावधिक गरी राख्नु र पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गर्नु गराउनु पर्नेछ ।

---

✠ पहिलो संशोधनद्वारा संशोधित

**३७. बेरुजू फछ्र्यौट गर्ने गराउने:** (१) लेखापरीक्षणबाट औंल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बेरुजू फछ्र्यौट हुन नसकेमा सो बेरुजू कायम हुने आर्थिक कारोवार गर्ने पदाधिकारीहरू र कारोवारमा संलग्न व्यक्तिबाट असुल उपर गरी फछ्र्यौट गर्नु पर्नेछ ।

(३) आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको देखिएमा वा सरकारलाई हानी नोक्सानी भएको देखिएमा त्यसको सूचना प्राप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि पनि कारवाही नगर्ने अधिकारीलाई प्रदेश स्थित संवैधानिक अंगका कार्यालयहरु तथा निकायको हकमा सम्बन्धित प्रदेश संवैधानिक अंग तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेशस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्य मन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखले प्रत्येक कलममा एक सय रुपैया सम्म जरिवाना गर्नेछ ।

(५) यस दफा बमोजिम बेरुजू फछ्र्यौट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फछ्र्यौट गर्न लगाउने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

**३८. बेरुजू फछ्र्यौट तथा संपरीक्षण:** (१) लेखापरीक्षणको प्रतिवेदनमा औल्याईएको बेरुजू नियमित, असुलउपर तथा संपरीक्षण गरी फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(२) असुल उपर गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याईएको बेरुजू बाहेक अन्य बेरुजूहरूको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको पुष्ट्याई गर्ने मनासिव कारण सहितको प्रमाण प्राप्त भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा संपरीक्षण हुनेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजूहरूको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित हुने र छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने तथा बेरुजू फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेशसभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेश गरेको सुझाव प्रदेश सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) उपदफा (१) र (२) बमोजिम भएको कार्यको अनुगमन महालेखा परीक्षकको कार्यालयले गर्नेछ ।

(६) बेरुजू फछ्र्यौट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३९. बेरुजू फछ्र्यौट समिति:** (१) सामान्य प्रकृयाबाट फछ्र्यौट हुन नसकेका बेरुजूहरू फछ्र्यौट गर्न समय समयमा प्रदेश सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको राय लिई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी देहायका व्यक्तिहरू सदस्य रहनेगरी एक बेरुजू फछ्र्यौट समिति गठन गर्नसक्नेछ:-

(क) प्रदेश सार्वजनिक लेखा समितिले तोकेको समितिको सदस्य - अध्यक्ष

(ख) महालेखा परीक्षकले तोकेको उप-महालेखा परीक्षक वा नायव महालेखा परीक्षक - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक - सदस्य

(ङ) नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाले मनोनयन गरेको चार्टर्ड एकाउण्टेण्ट्स एकजना - सदस्य

(च) प्रदेश सार्वजनिक लेखा समितिको सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित बेरुजू फछ्र्यौट समितिको कार्यक्षेत्र प्रदेश सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित बेरुजू फछ्र्यौट समितिले बेरुजू फछ्र्यौट गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४०. बेरुजू फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकार:** दफा ३९ बमोजिम गठित बेरुजू फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) लेखापरीक्षणबाट औंल्याइएको मस्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बेरुजू बाहेक सामान्य नियमित प्रक्रियाबाट फछ्र्यौट तथा संपरीक्षण हुन नसकेको प्रदेश संवैधानिक अंग तथा निकाय, मन्त्रालय, सचिवालय, विभाग, अदालत वा कार्यालय अन्तर्गतका बेरुजूहरू सम्बन्धित प्रदेश संवैधानिक अंग तथा निकाय, मन्त्रालय वा सचिवालयबाट फछ्र्यौटको निमित्त सिफारिशि भई आएमा औचित्यको आधारमा त्यस्तो बेरुजू नियमित वा मिन्हा गरी बेरुजूको लगत कट्टा गर्ने।

(ख) खण्ड (क) बमोजिम फछ्र्यौटको निमित्त समितिमा सिफारिशि भई आएका बेरुजूहरू फछ्र्यौट गर्न नमिल्ने भएमा सम्बन्धित प्रदेश संवैधानिक अंग तथा निकाय, मन्त्रालय वा सचिवालयलाई बेरुजू रकम नियमित वा असुल उपर गर्न लेखी पठाउने ।

## परिच्छेद -८
## वित्तीय जिम्मेवारी र जवाफदेहिता

**४१. काम, कर्तव्य, अधिकार र जिम्मेवारी:** लेखा उत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति, विभागीय प्रमुख, प्रदेश लेखा नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखा प्रमुख एवम् जिन्सी तथा राजस्वमा काम गर्ने अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

**४२. जिम्मेवार व्यक्ति जवाफदेही हुने:** (१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्‍याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे/नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराई जाँचबुझ गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) लेखा उत्तरदायी अधिकृतले उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत गरेको देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेहीता बहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले आर्थिक कारोवार सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाइ नियमित गराउनको लागि पेश गरेमा अधिकार प्राप्त अधिकारीले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गरिदिनुपर्नेछ ।

तर, मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमितता भएको देखिन आएमा अधिकार प्राप्त अधिकारीले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रुपैयाँ र त्यसपछि पनि दोहोरिन आएमा पटकै पिच्छे एक हजार रुपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रुपैयाँ र सोही अधिकारीबाट पुन: अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा एक हजार पाँच सय रुपैयाँ जरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पुरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालय वा विभागीय प्रमुखले कलमै पिच्छे दुई सय रुपैयाँ जरिवाना गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटक भन्दा बढी जरिवाना भइसकेपछि पुन: त्यस्तो कार्य दोहोरिन आएमा कलमै पिच्छे पाँच सय रुपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्नु पर्नेछ ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रदेश स्थित संवैधानिक अंगका कार्यालय तथा निकायको हकमा सम्बन्धित प्रदेश स्थीत संवैधानिक अंगका कार्यालय तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेश स्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्य मन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको विभागीय प्रमुखको हुनेछ ।

**४३. सरकारी नगदी, जिन्सी दुरुपयोग एवम् मस्यौट भएमा कारवाही गरिने:** (१) कार्यालयको सरकारी तहबिल तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा मस्यौट वा दुरूपयोग भएको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख वा तालुक कार्यालय

वा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरूपयोग गर्ने उपर आवश्यक कारवाही गर्नु गराउनु पर्नेछ ।

(२) अन्तिम लेखापरीक्षण गर्दा सरकारी तहबिल तथा जिन्सी भण्डारको कुनै रकम वा जिन्सी मस्यौट भएको देखिएमा महालेखा परीक्षकको कार्यालयले आफ्नो राय साथ प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट गर्ने व्यक्ति उपर कारवाही चलाउन सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुख समक्ष लेखी पठाउनेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा वा उपदफा (२) बमोजिम कारवाहीको लागि लेखि आएको अवस्थामा सम्बन्धित अधिकारीले कारवाही नगरेमा त्यस्तो अधिकारीलाई विभागीय प्रमुखले र विभागीय प्रमुखले कारवाही नगरेको भए लेखा उत्तरदायी अधिकृतको हकमा विभागीय मन्त्री वा राज्य मन्त्रीले र प्रदेश स्थीत संवैधानिक अंगका कार्यालय तथा निकायका प्रशासकीय प्रमुखको हकमा प्रदेश स्थीत संवैधानिक अंगका कार्यालय तथा निकायका प्रमुखले मस्यौट भएको रकम र मस्यौट रकमको दश प्रतिशत जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्नेछ ।

(४) महालेखा परीक्षकलाई लेखा सम्बन्धी काम यथा समयमा भएको छैन भन्ने लागेमा निजले सो सम्बन्धी कागजात झिकाई जाँच गर्न लगाउन सक्नेछ र त्यसरी जाँच गर्दा केही त्रुटी वा कैफियत देखिन आएमा आवश्यक कारवाहीको लागि सम्बन्धित तालुक कार्यालय समक्ष लेखी पठाउनेछ । यसरी लेखी आएकोमा सम्बन्धित कार्यालयले पनि तुरुन्तै आवश्यक कारवाही गर्नु पर्नेछ ।

**४४. सरकारी धनमाल वा सम्पत्तिको संरक्षण गर्नु र तोकिएको काममा मात्र लगाउनु पर्ने:** (१) कार्यालयमा प्राप्त हुनआएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ । कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइनेछ । तोकिएको काममा बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुलउपर गरी विभागीय कारवाही समेत गर्न सकिनेछ ।

(२) व्यक्तिगत प्रयोगमा ल्याइएको वा प्रयोग गर्न दिइएको सरकारी जिन्सी, धनमाल र सम्पत्तिमा हुन गएको सवै प्रकारको क्षति र नोक्सानी रकम प्रयोग गर्न दिने र लिने दुवैबाट असुल उपर गरिनेछ ।

**४५. जवाफदेही बहन गर्नु पर्ने:** (१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको वा निज आफैले गरेका कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम जिम्मेवारी बहन गर्नु पर्नेछ ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिमका कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिशि गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेही बहन गर्नु पर्नेछ ।

**४६. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:** यस ऐन र अन्य प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद - ९

## सरकारी सम्पत्तिको जिम्मा, त्यसको अभिलेख, संरक्षण, बरबुझारथ, लिलाम तथा मिन्हा

**४७. सरकारी सम्पत्तिको जिम्मा त्यसको अभिलेख र संरक्षणः** (१) प्रदेश कार्यालयमा रहेको नगद, बैङ्क मौज्दात, चेक र त्यसको स्रेस्ता, धरौटी र त्यसको स्रेस्ता र राजस्वको लेखा आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मामा रहनेछ।जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता जिन्सी हेर्न तोकिएको कर्मचारीको जिम्मामा रहनेछ । राजस्वको लगत र त्यस सम्बन्धी अन्य कागजातहरू कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ।

(२) लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरूको राम्रो सम्भार गरी वा चालू अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(३) उपदफा (२) बमोजिमको काम गर्न सम्बन्धित कार्यालय प्रमुखले आफ्नो जवाफदेहीमा आफू भन्दा मुनिका अन्य कर्मचारीलाई लगाउन सक्नेछ ।

**४८. जिन्सी मालसामानको अभिलेख तयार गर्नेः** (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सातदिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको जिन्सी मालसामान जिम्मा लिने अभिभारा कार्यालय प्रमुखले जिन्सी हेर्न तोकेको कर्मचारीको हुनेछ ।

(३) प्राविधिक काममा प्रयोगमा ल्याइने जिन्सी मालसामानको हकमा उपदफा (१) बमोजिम लगत तयार गर्दा सम्बद्ध प्राविधिक कर्मचारीबाट जाँच गराइ के कस्तो अवस्थामा त्यस्तो मालसामान प्राप्त भएको हो प्रमाणित गराई सो कुराको कैफियत जनाई लगत खडा गर्नु पर्नेछ ।

(४) कार्यालयमा मौज्दात रहेका मालसामानमध्ये पुरानो मालसामानको मूल्य खुल्न नसकेको अवस्थामा तोकिए बमोजिमको समितिले तोकिए बमोजिमको प्रकृया पुरा गरी मूल्य कायम गराई राख्नुपर्नेछ ।

(५) वैदेशिक सहायताबाट प्राप्त हुने मालसामानको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. सरकारी सम्पतिको अभिलेख राख्ने तथा प्रतिवेदन तयार गर्नेः** (१) प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत नियमित रुपमा अध्यावधिक गरी राख्नु पर्नेछ । त्यस्तो लगतको वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र प्रतिवेदन गर्नु पर्नेछ । प्राप्त प्रतिवेदनको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयको सम्पतिको अभिलेख तोकिए बमोजिम अध्यावधिक गर्नु पर्नेछ ।तर, प्रदेश सरकार संचालनमा आएपछि प्रदेशको अधिकार सूचि अन्तर्गत नेपाल सरकारबाट हस्तान्तरित भै आएका सम्पूर्ण चल अचल सम्पत्तिको अभिलेख यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र एकिकृत विवरण अद्यावधिक गरी प्रदेश सरकारको नाममा स्वामित्व कायम गर्नु पर्नेछ ।

(२) तालुक कार्यालय, विभाग, मन्त्रालय, संबैधानिक निकायले उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकिकृत रुपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(३) प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन गरी एकिकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनु पर्नेछ ।

(४) जिन्सी निरीक्षण गर्ने, मर्मत संभार गर्ने र प्रतिवेदन गर्ने लगायतको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. बरबुझारथ:** (१) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधि काजमा वा विदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा सात दिनभित्र तोकिए बमोजिम बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ ।

(२) कुनै मनासिव कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकिएमा म्याद भित्र बरबुझारथ गर्न नसकिएको कारण खोली सम्बन्धित तालुक कार्यालयमा निवेदन दिई निकासा भई आए बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बरबुझारथ हुन नसकेकोमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले समय निर्धारण गरी त्यसरी निर्धारण गरिएको समयभित्र आवश्यक जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरबाही गरी बरबुझारथ गर्न बाँकी राख्ने जिम्मेवार व्यक्तिलाई लेखा उत्तरदायी अधिकृतले पाँच हजार रुपैयाँसम्म जरिवाना गरी मनासिव म्याद दिई बरबुझारथ गर्न लगाउने छ ।

(५) उपदफा (४) बमोजिम दिइएको म्यादभित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी र बहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवम् निबृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाइनेछ । सम्बन्धित निकायबाट पक्राउका लागि अनुरोध भई आएमा सम्बन्धित सुरक्षा निकायले पक्राउ गर्नु पर्नेछ ।

(६) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको विगो रकम प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(७) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

**५१. लिलाम विक्री:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गर्दा लिलाम विक्री गर्नु पर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम विक्री गर्नु पर्नेछ ।

**५२. मिन्हा दिने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन अन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुक्खा जर्ती भई वा खिइएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा तोकिए बमोजिम मिन्हा दिन सकिनेछ ।

## परिच्छेद १०

## सरकारी बाँकी असुल उपर

**५३. नियमित प्रक्रियाबाट फछ्र्यौट नभएको बेरुजू सरकारी बाँकीको रूपमा रहने:** (१) आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३४ र ३५ बमोजिम नियमित, असुल, फछ्र्यौट तथा संपरीक्षण हुन नसकेमा त्यस्तो बेरुजू रकम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ ।

(२) असुल उपर गर्नु पर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फछ्र्यौट तथा संपरीक्षण हुन नसकेको बेरुजूलाई सरकारी बाँकीको रूपमा लगत कस्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सरकारी बाँकीको रुपमा लगतकसी तोकिए बमोजिम असुल उपर गर्ने काम प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

**५४. बेरुजू रकम जायजेथाबाट असुल उपर हुने:** दफा ५३ को उपदफा (३) बमोजिम लगत कसी असुल उपरका लागि प्राप्त भएको बेरुजू रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित व्यक्तिको जाय-जेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**५५. बेरुजू रकम असुल उपर गर्ने काम, कर्तव्य र अधिकार:** (१) यो ऐन र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्ने रकम तथा प्रदेश सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउनु पर्ने रकम नबुझाएको र सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट असुल उपर गर्नु पर्ने रकम असुल उपर गर्ने दायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत उक्त कार्यालयको लगतमा कायम रहेको प्रदेश अन्तर्गतको असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्न लेखि आएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले असुल उपर गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिवाना तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिवाना नतिरे नबुझाएमा सम्बन्धित अर्धन्यायिक अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड जरिवानाको विवरण उल्लेख गरी दण्ड जरिवाना असुल उपर गर्नको लागि त्यस्तो विवरण सहित प्राप्त हुन आएमा सम्बन्धित व्यक्तिबाट फैसला बमोजिमको दण्ड जरिवाना सरकारी बाँकी सरह असुल उपर गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) असुल उपर गर्नु पर्ने ठहरी लगत कसिएको बेरुजू वा दण्ड जरिवाना नतिरे नबुझाएमा त्यस्तो बेरुजू वा दण्ड जरिवाना असुल उपर गर्नु पर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम असुल उपर गर्नु पर्ने दण्ड जरिवाना असुल उपर भएपछि सम्बन्धित कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायीक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ ।

(६) असुल उपर गर्नु पर्ने बेरुजू रकमको कुल लगतको दश प्रतिशत भन्दा बढी असुल उपर भएमा सो दश प्रतिशत भन्दा बढी जति असुल उपर भएको छ त्यसको दश प्रतिशतमा नबढाई वा प्रति व्यक्ति वा संस्थालाई दश हजार रुपैयाँ भन्दा बढी नहुने गरी बेरुजू असुल उपर गर्ने कार्यमा संलग्न कर्मचारी, व्यक्ति वा संस्थालाई पुरस्कार दिन सकिनेछ ।

## परिच्छेद - ११
## विविध

**५६. सजायः** (१) यस ऐनको विभिन्न दफामा सजायको व्यवस्था गरिएकोमा बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको उल्लंघन गरेमा निजलाई दफा ४१ बमोजिमको अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम सजाय तथा जरिवाना गर्नु पर्नेमा कुनै अधिकारीले सजाय तथा जरिवाना नगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकृतले पहिलो पटक चेतावनी र दोस्रो पटक देखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**५७. जरिवाना मिन्हा वा कम गर्न सकिनेः** यस ऐनमा उल्लेखित व्यवस्था अनुसार कुनै सजायको आदेश भएकोमा त्यस्तो सजाय गर्न नपर्ने भनी मनासिव माफिकको कारण खोली त्यस्तो सजायको आदेश दिएको मितिले पन्ध्र दिनभित्र सजाय दिने अधिकारी समक्ष लिखित निवेदन दिएमा सजायको आदेश दिने अधिकारीलाई त्यस्तो कारण मनासिव लागेमा पहिले गरेको जरिवाना मिन्हा वा कम गर्न सक्नेछ ।

**५८. पुनरावेदनः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै जरिवाना वा बेरुजू व्यहोर्नु पर्ने गरी भएको निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्ति वा कर्मचारीले त्यस्तो निर्णय पाएको पन्ध्र दिनभित्र सजाय गर्ने अधिकारी भन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यसरी परेको पुनरावेदनको सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ ।

**५९. आर्थिक प्रशासनको सञ्चालनः** आर्थिक प्रशासन सञ्चालन गर्न प्रदेशमा लेखा सम्बन्धी जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

**६०. आर्थिक कार्यविधि सम्बन्धी मार्गदर्शनः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आर्थिक कार्यविधि सम्बन्धी अन्य कानून बनाउँदा संघीय आर्थिक कार्यविधि ऐनको प्रतिकुल नहुने गरी बनाउनेछ ।

**६१. विद्युतीय प्रविधिको प्रयोग गर्नेः** (१) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने आर्थिक कारोवारको लेखांकन एवं प्रतिवेदनका लागि आवश्यकता अनुसार विद्युतीय प्रणालीको उपयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका आर्थिक कारोवार व्यस्थापन प्रणालीहरू प्रदेश लेखा नियन्त्रक कार्यालयले विकास गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनेछ ।

(३) उपदफा (२) बमोजिम विकास भएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्नेछ ।

(४) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट उत्पादित हुने सूचनाहरू प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ ।

(५) आर्थिक कारोवार व्यवस्थापनसँग अन्तर सम्बन्धित अन्य प्रणालीहरूको विकास र अन्तर आबद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६२. अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिम बाहेकका अधिकार अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**६३. नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**६३ क. कार्यविधि र निर्देशिका बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक कार्यविधि र निर्देशिका बनाउन सक्ने छ ।

**६४. ✠ प्रदेश लेखा नियन्त्रक कार्यालयको व्यवस्थाः** प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना भै संचालन नभएसम्म प्रदेशको राजधानी वा कार्यसंचालन स्थलमा रहेको नेपाल सरकारको कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयको कार्य गर्नेछ ।

**६५. बचाउः** यो ऐन र यस अन्तर्गत बनेका नियमहरूमा लेखिएका कुराहरूमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

---

✠ पहिलो संशोधनद्वारा संशोधित ।

# स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/२४

२०७५ सालको ऐन नं ३

**स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनिय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "**उपप्रमुख**" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "**उपाध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "**कार्यपालिका**" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झन ुपर्छ ।

(ङ) "**पदाधिकारी**" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "**प्रमुख**" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) "**वडा**" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ज) "**सदस्य**" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत सम्झनु पर्छ ।

(झ) "**समन्वय समितिको प्रमुख**" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ञ) "**समन्वय समितिको उपप्रमुख**" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको

जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ट) "**सभा**" भन्नाले गाउँपालिकाको हकमा गाउँसभा, नगरपालिकाको हकमा नगरसभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ ।

(ठ) "**सभाका सदस्य**" भन्नाले संविधानको धारा २२२ र धारा २२३ बमोजिमको गाउँसभा वा नगरसभाका सदस्य सम्झनु पर्छ ।

(ड) "**स्थानीय तह**" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ ।

**३. सुविधाको प्रारम्भ :** (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मिति देखि अनुसूची-१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतका आधारमा मासिक सुविधा पाउनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मिति २०७४ सालमा भएको स्थानीय निर्वाचनबाट निर्वाचित स्थानीय तहका पदाधिकारी र सदस्यहरुले २०७४ साल साउन १ गतेबाट मात्र उक्त सुविधा पाउनेछन् ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

**४. सवारी तथा यातायात सुविधा:** (१) प्रमुख तथा अध्यक्षलाई सम्बन्धित स्थानीय तहले सवारी साधन तथा इन्धन उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुविधा उपलब्ध गराइने छैन ।

(३) गाउँपालिका वा नगरपालिकाका वडाध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन जाँदा र आउँदा यातायात प्रयोग गर्नुपर्ने भएमा त्यस्तो पदाधिकारी तथा सदस्यले स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सार्वजनिक यातायातमा लाग्ने भाडादर बराबरको रकम यातायात खर्च पाउने सक्नेछन् ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि सार्वजनिक यातायातमा लाग्ने भाडादर भन्नाले सरकारी निकायबाट तोकिएको सार्वजनिक यातायातको भाडादर वा सम्बन्धित स्थानीय तहले निर्धारण गरेको भाडादर सम्झनु पर्दछ ।

**५. सञ्चार सुविधा:** स्थानीय तहले पदाधिकारीलाई अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सञ्चार सुविधा वापतको रकम उपलब्ध गराउन सक्नेछ ।

**६. दैनिक भ्रमण भत्ता:** (१) पदाधिकारी र सदस्यले स्थानीय तहसँग सम्बन्धित कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्नु पर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची-१ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम भ्रमण गर्नु परेमा सो वापत लाग्ने यातायात खर्च बिल बमोजिमको रकम भुक्तानी दिइनेछ ।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकमको दुर्घटना वीमा गर्दा लाग्ने वीमा शुल्क वापत विल बमोजिमको रकम उपलब्ध गराइनेछ ।

७. **चाडपर्व खर्चः** पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको सुविधा बराबरको रकम प्रत्येक आर्थिक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

८. **एउटा सुविधा मात्र पाउनेः** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउनेछ ।

९. **दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः** (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिकरुपले अशक्त भई हिंडडुल गर्न निजलाई सहयोगीको सेवा आवश्यकता छ भन्ने कुरा अध्यक्ष वा प्रमुख वा समन्वय समितिको प्रमुखलाई लागेमा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने एक जना सहयोगी उपलब्ध गराउनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ,

(क) दैनिक भत्ता : पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ता : पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१०. **भत्ता तथा सुविधा वापतको रकम भुक्तानीः** (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधा वापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

११. **सुविधा नपाउने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर, फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा पाउने छैन तर अदालतबाट सफाई पाएमा उल्लेखित सुविधा पाउनेछ ।

१२. **सुविधा कम हुने गरी निर्णय गर्न सक्ने:** दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनले पदाधिकारी वा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा सम्बन्धित स्थानीय तहको अन्तरिक स्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

१३. **सुविधाको दुरुपयोग गर्न नहुने:** यस ऐन बमोजिमको सुविधा सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउने छन् । सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानी नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

१४. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१५. **अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने:** यस ऐनमा लेखिएदेखि बाहेकका अन्य सुविधा तथा भ्रमण खर्च सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **बचाऊ :** यो ऐन लागू हुनुभन्दा अगाडी सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३, ५, ६, ७ र ८ सँग सम्बन्धित)

**पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा**

**(क) गाउँकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३१,००० | २६,००० | १८,००० | ९,००० | ६,००० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | १५०० | १००० | ८०० | - | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १६०० | १५०० | १४०० | १४०० | १४०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १४० | १२५ | १२५ | १२५ |
| ६. | यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ | ५ | ५ |

**(ख) नगरकार्यपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगरसभाका सदस्यको सुविधा**

(अ) नगरपालिका

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३५,००० | ३०,००० | २०,००० | १०,००० | ७,००० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | २,००० | १,५०० | १,००० | - | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १४० | १२५ | १२५ | १२५ |
| ६. | यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ | ५ | ५ |

(आ) महानगरपालिका

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ४३,००० | ३८,००० | २५,००० | १२,५०० | ८,३५० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | ३,००० | १,५०० | १,००० | - | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,५०० | १,५०० | १,५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १७५ | १५० | १२५ | १२५ | १२५ |
| ६. | यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ | ५ | ५ |

**(ग) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३८,००० | ३०,००० | ११,००० |
| २. | कार्यपालिकार सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | १,५०० | १,००० | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १८०० | १,६०० | १,५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १२५ | १२५ |
| ६. | यात्रा वीमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | ५ |

**द्रष्टव्य :**

१. स्थानीय तहका पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

२.स्थानीय तहका पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

# मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी  ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/२४

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन संशोधित २०७५/०६/०४

२०७५ सालको ऐन नं ४

**मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधाका सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी  ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"मन्त्री"** भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेत सम्झनु पर्छ ।

(ख) **"मन्त्रिपरिषद्"** भन्नाले प्रदेश सरकारको मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(घ) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमका विषय सम्झनु पर्छ ।

**३. पारिश्रमिक :** (१) मन्त्रीले अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछन् ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएमा वा संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा यो व्यवस्था लागू हुने छैन ।

(२) कुनै मन्त्रीको पदमा बहाल रहेकै अवस्थामा मृत्यु भई वा निजले दिएको राजीनामा स्वीकृत भई वा मन्त्रिपरिषद् विघटन भई वा अन्य कुनै तबरबाट निज मन्त्री पदमा कायम नरहेमा निजलाई मन्त्री पद कायम रहेको दिनसम्म पारिश्रमिक दिइनेछ ।

(३) मन्त्रीले दफा (२) बमोजिम पाउने पारिश्रमिक अवस्था अनुसार निजलार्य वा निजले इच्छ्याएको व्यक्तिलाई दिइनेछ । मन्त्रीको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको रहेनछ वा इच्छ्याएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिक रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

**४. आवास सुविधा :** (१) मन्त्रीलाई आवासको निमित्त प्रदेश सरकारबाट सम्भव भएसम्म सरकारी आवासको बन्दोवस्त गरिनेछ । त्यस्तो बन्दोवस्त नभएसम्म वा पोखरा उपत्यकामा आफ्नो घर नभएका मन्त्रीलाई घरभाडा वापत अनुसूची-१ बमोजिमको रकम प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(२) यस दफा बमोजिमको सुविधा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

**५. सञ्चार सुविधा :** मन्त्रीले आवसको लागि टेलिफोन, इन्टरनेट, पत्रपत्रिका जस्ता सञ्चार सुविधा अनुसूची-१ बमोजिम पाउने छन् ।

**६. सवारी तथा इन्धन सुविधा :** (१) प्रत्येक मन्त्रीलाई सवारीको निमित्त सवारी साधन एक र अनुसूची-१ बमोजिमको इन्धन सुविधा दिइनेछ ।

(२) यस दफा बमोजिमको सुविधा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

**७. दैनिक तथा भ्रमण भत्ताः** मन्त्रीलाई सरकारी कामको सिलसिलामा नेपालभित्र वा प्रदेश सरकारको वा प्रदेश सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता पाउनेछन् ।

**८. उपचारको सुविधाः** मन्त्रीलाई उपचारको निमित्त प्रदेश सरकारले स्वास्थ्य बीमाको लागि 📖 प्रिमियम वापत वार्षिक दश हजारसम्म वा बील रकम मध्ये जुन घटि हुन्छ सो वापतको रकम उपलब्ध गराइनेछ ।

**९. चाडपर्व खर्चः** मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

**१०. अतिथि सत्कार तथा भैपरी खर्चः** (१) मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको खर्चको विल भरपाई पेश गर्नु पर्ने छैन ।

**११. निजी सचिवालयको व्यवस्थाः** मन्त्रीको निजी सचिवालयमा अनुसूची-३ मा उल्लेखित कर्मचारी रहनेछन् ।

**१२. विज्ञ सम्बन्धी व्यवस्थाः** (१) मन्त्रिपरिषद्ले मन्त्रीको काममा सहयोग पुऱ्याउन आवश्यकता र औचित्यको आधारमा निश्चित अवधिको लागि विषयगत विज्ञ नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त विज्ञको संख्या र त्यस्तो विज्ञले पाउने मासिक पारिश्रमिक तथा

---

📖 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा संशोधित ।

सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) मन्त्रीले विज्ञ तथा स्वकीय सचिव लगायतका कर्मचारी नियुक्ती गर्दा स्थायी आवासिय अनुमति (डि.भी. पिआर वा ग्रीन कार्ड) लिएको वा सोका लागि आवेदन दिएको र सम्बन्धित पदका लागि अवश्यक शैक्षिक योग्यता नभएका  व्यक्तिलाई नियुक्त गर्न पाईनेछैन् ।

१३. **सुरक्षाको व्यवस्था:** मन्त्रीलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था नेपाल सरकारबाट तोकिए बमोजिम हुनेछ ।

१४. **सुविधाको प्रारम्भ:** मन्त्रीले सपथ लिई पदभार ग्रहण गरेको मितिदेखि यस ऐन बमोजिमको पारिश्रमिक र अन्य सुविधा पाउनेछ ।

१४ क. **सुविधाको दुरुपयोग गर्न नहुने:** यस ऐन बमोजिमका सुविधाहरु सम्बन्धित मन्त्री स्वयंले मात्र उपयोग गर्न पाउने छन् ।  सम्बन्धित मन्त्रीले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानीनोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ  ।

१५. **अनुसूचीमा हेरफेर:**  प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१६. **बचाउ:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सरकारका मन्त्रीहरुले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३, ४, ५, ६ र ७ सँग सम्बन्धित)

**मन्त्रीले पाउने सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ६०,९७० | ५२,००० | ४९,००० | ४७,००० |
| २ | आवास सुविधा* | प्रति महिना रु. | आवास दिने | आवास दिने | आवास दिने | आवास दिने |
| ३ | निजी आवासमा बस्नेलाई घर मर्मत खर्च | एकमुष्ठ | - | १,५०,००० | १,२५,००० | १,२५,००० |
| ४ | फर्निचर (सरकारले व्यवस्था नगरेमा) एकमुष्ठ | एक मुष्ठ | - | १,००,००० | १,००,००० | १,००,००० |
| ५ | सवारी इन्धन | प्रति महिना लिटर | २५० | १५० | १२५ | १२५ |
| ६ | मोविल | त्रैमासिक लिटर | १० | ५ | ५ | ५ |
| ७ | यातायात सुविधा | प्रतिदिन रु. | सवारी साधन | सवारी साधन | सवारी साधन | सवारी साधन |
| ८ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | ५,००० | २,००० | २,००० | २,००० |
| ९ | अतिथि सत्कार | प्रति महिना रु. | ४०,००० | १५,००० | १०,००० | १०,००० |
| १० | विजुली, धारा | प्रति महिना रु | विल अनुसार | विल अनुसार | २,००० | २,००० |

नोट :- *१. मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीलाई आवास सुविधा उपलब्ध गराउनु पर्ने भएमा सो बापत मासिक रु. २५०००।- उपलब्ध गराइनेछ ।

## अनुसूची-२

(दफा १० सँग सम्बन्धित)

**मन्त्रीले पाउने दैनिक भत्ता तथा विमाको सुविधा**

| क्र.सं. | विवरण | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | ३,००० | २,५०० | २,५०० | २,५०० |
| २. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (प्रति दिन अमेरिकी डलरमा) | २५० | १७५ | १५० | १५० |
| घ. | यात्रा विमा (प्रति भ्रमण रु.) | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० |

**द्रष्टव्य :**

१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैँगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

२. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

## अनुसूची-३

(दफा १३ सँग सम्बन्धित)

**मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी**

| क्र.सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वितीय) | १ | ० | ० | ० |
| २. | स्वकीय सचिव (शाखा अधिकृत) | १ | १ | १ | १ |
| ३. | कार्यालय सहयोगी | २ | १ | १ | १ |

**द्रष्टव्य :**

१. स्वकीय सचिवालयका कर्मचारीले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।◆ नियुक्ति भएको छ महिना पुगेपछि वर्षको एकपटक सुरु स्केलको एक महिनाको तलब बराबरले हुन आउने रकम चाडपर्व खर्च वापत पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

३. मुख्यमन्त्रीको हकमा सुरक्षा प्रयोजनको लागि थप एक सवारी साधन उपलब्ध गराइनेछ ।

---

◆ प्रदेश मन्त्रिपरिषद्को मिति २०७५/०८/१९ को निर्णयबाट थपिएको ।

# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/२४

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ २०७५/०६/०४

२०७५ सालको ऐन नं ५

## प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**उपसभामुख**" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ ।

(ख) "**पदाधिकारी**" भन्नाले प्रदेश सभाको सभामुख, उपसभामुख, विपक्षी दलको नेता, दलका सचेतक र प्रदेशसभा समितिका सभापति समेतलाई सम्झनु पर्छ ।

(ग) "**विपक्षी दलको नेता**" भन्नाले देहाय बमोजिमका दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति सम्झनु पर्छ ।

(१) प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दल बाहेक प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको दलहरुमध्ये सबै भन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएका एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दल बाहेकका प्रदेश सभाका सबै भन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दल बाहेकका प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको कुनै पनि दल नभएमा प्रदेश सभाको लागि सभामुखले तोकिदिएको दल, वा

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रदेश सभामा

दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल ।

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरी पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(घ) "**दलको सचेतक**" भन्नाले प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्य रहेको दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ ।

(ङ) "**सदस्य**" भन्नाले प्रदेश सरकारका मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्यलाई सम्झनु पर्छ ।

(च) "**सभापति**" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ ।

(छ) "**सभामुख**" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ज) "**समिति**" भन्नाले प्रदेश सभा संचालन नियमावलीले तोकेको कुनै समिति सम्झनु पर्छ ।

**३. पारिश्रमिक:** (१) सदस्यले सपथ लिएको र पदाधिकारीले निर्वाचित भएको वा सपथ लिएको मितिदेखि अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछन् ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएमा वा संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा यो व्यवस्था लागू हुने छैन ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेशसभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिक दिइनेछ ।

(३) उपदफा (२) बमोजिम पाउने रकम अवस्था अनुसार त्यस्तो पदाधिकारी वा सदस्यलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

(४) योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिइने छैन ।

**४. पदाधिकारी र सदस्यको भत्ता:** (१) पदाधिकारी र सदस्यलाई प्रदेश सभा वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

तर सभा र समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक दिनको मात्र भत्ता पाउनेछन् । सभा र समितिको बैठक बापत छुट्टा छुट्टै भत्ता दिइने छैन ।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यलाई दफा ९ बमोजिमको भत्ता दिइनेछ ।

५. **निजी सचिवालय र कर्मचारीको व्यवस्था:** (१) आफ्नो कार्यकाल भरको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा पाउनेछन् ।

(२) पदाधिकारीलाई निजको कार्यकालभरको निमित्त आवश्यक फर्निचर र अनुसूची-२ मा उल्लेख भए बमोजिमका अन्य मालसामानहरु उपलब्ध गराइनेछ । त्यसरी उपलब्ध गराइएको फर्निचर र मालसामानहरु निजले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।

तर कुनै पदाधिकारीलाई फर्निचर उपलब्ध नगराइएमा फर्निचर सम्बन्धी व्यवस्था गर्न दफा ६ को उपदफा (४) बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) निजी सचिवालयको लागि कार्यालय सञ्चालन तथा अतिथि सत्कारको निमित्त पदाधिकारी र सदस्यलाई अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

६. **आवास सुविधा:** (१) पदाधिकारी र सदस्यलाई आवासको निमित्त प्रदेश सरकारको तर्फबाट सरकारी आवासको बन्दोबस्त गरिनेछ । त्यस्तो आवासको बन्दोबस्त नभएको र पोखरा लेखनाथ महानगरपालिकामा आफ्नै घर नभएमा मासिक रुपमा अनुसूची-१ बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको तर्फबाट बन्दोबस्त भएको आवासको मर्मत र संभार प्रदेश सरकारले गर्नेछ ।

(३) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

(४) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट आवास सुविधा बन्दोबस्त नभएमा वा दफा ५ को उपदफा (२) बमोजिम फर्निचरको व्यवस्था नगरिएकोमा पदाधिकारी र सदस्यलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि प्रदेश सभाको एक कार्यावधिको निमित्त अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

तर मन्त्री वा पदाधिकारीको हैसियतले एक पटक फर्निचर सम्बन्धी सुविधा पाइसकेको भए निजलाई प्रदेश सभा सदस्यको सोही कार्यावधिभित्र यस उपदफा बमोजिमको फर्निचर सुविधा दिइने छैन ।

७. **सवारी साधन तथा इन्धन सुविधा:** (१) सभामुख, उपसभामुख र विपक्षी दलको नेता, ☑ समितिको सभापति र दलका सचेतकलाई चालक सहितको सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन ।

(३) यस दफा बमोजिम पाउने सवारी साधन आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनभित्र फिर्ता गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र संभार प्रदेश सरकारको तर्फबाट गरिनेछ ।

(५) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

---

☑ केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा थपिएको ।

**८. बिजुली, धारा र सञ्चार सुविधा:** सभामुख र उपसभामुखको आवासमा जडान गरिएको बिजुली तथा धाराको पूरै महसुल र एउटा इन्टरनेट सहितको टेलिफोन लाइन जडान गर्न लाग्ने खर्च र टेलिफोनको जरिवाना बाहेकको पूरै महसुल प्रदेश सरकारले व्यहोर्नेछ ।

**९. दैनिक तथा भ्रमण भत्ता:** प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

**१०. चाडपर्व खर्च:** पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

**११. बिल भरपाई इत्यादि पेश गर्नु पर्ने:** (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाइजहाज, रेल र बसको टिकट बापत भएको खर्चको बिल भरपाई पेश गर्नु पर्नेछ ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सभा वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभा सचिवालयले उपलब्ध गराउनेछ ।

**१२. दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउने:** समितिको बैठक चलिरहेको समयमा सभाको बैठक प्रारम्भ हुने कुराको वा सदनको बैठक चलिरहेको समयमा समितिको बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम सभा वा समितिको बैठक प्रारम्भ हुने र चलिरहेको सभा वा समितिको बैठक अन्त्य भएको मिति बीचको अवधि सात दिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा सदस्यले पछिबाट प्रारम्भ भएको सभा वा समितिको बैठकको अन्त्य भएपछि मात्र यस ऐन बमोजिमको भ्रमण भत्ताको सुविधा पाउनेछ ।

**१३. राहदानी सुविधा:** प्रदेशसभाको कामको सिलसिलामा वा नेपालको प्रतिनिधित्व गरी विदेशको भ्रमणमा जाँदा पदाधिकारी र सदस्यले नेपाल सरकारले तोके बमोजिमको राहदानी पाउनेछन् ।

**१४. उपचारको व्यवस्था:** पदाधिकारी र सदस्यलाई उपचारको निमित्त प्रदेश सभा सचिवालयले स्वास्थ्य बीमाको लागि प्रिमियम वापत वार्षिक दश हजारसम्म वा बील रकम मध्ये जुन घटि हुन्छ सो वापतको रकम उपलब्ध गराइनेछ ।

**१५. कार्यालय सुविधा:** (१) पदाधिकारीलाई आफ्नो कार्यालय स्थापना गर्न प्रदेश सभाको सचिवालयमा स्थान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकक्षमा फर्निचर, कम्प्यूटर र टेलिफोन लगायतका अन्य आवश्यक उपकरण उपलब्ध गराइनेछ ।

**१६. अस्थायी समितिको सभापति तथा उपसमितिको संयोजक र सदस्यले पाउने सुविधा:** कुनै खास प्रयोजनका लागि प्रदेश सभामा अस्थायी प्रकृतिको कुनै समिति गठन गरिएमा त्यस्तो समितिको सभापति र सदस्य तथा सो समिति अन्तर्गत गठित उपसमितिको संयोजक र सदस्यले दफा ४ को उपदफा (१) बमोजिमको बैठक भत्ता पाउने छन् ।

**१७. दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा:** (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिकरुपले अशक्त भई हिंडडुल गर्न निजलाई सहयोगीको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुखलाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना सहयोगी उपलब्ध गराइनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ,

**(क) दैनिक भत्ता :** पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

**(ख) भ्रमण भत्ता :** पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

**१८. पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानी:** पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभा सचिवालयबाट पाउनेछन् ।

तर कुनै पदाधिकारी वा सदस्यले प्रदेश सभा सचिवालयको परामर्शमा कुनै बैंकमा खाता खोली आफूले पाउने पारिश्रमिक, भत्ता वा अन्य सुविधा बापतको रकम त्यस्तो खातामा जम्मा गरी दिन लिखित सूचना दिएमा सचिवालयले त्यस्तो रकम त्यस्तो खातामा जम्मा गरी दिनेछ ।

**१९. भत्ता नपाउने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सदनबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको भत्ता पाउने छैन ।

(२) कुनै पदाधिकारी दुईवटा पदमा मनोनीत वा निर्वाचित भएमा निजले कुनै एक पदको सुविधा मात्र पाउनेछ ।

**२०. एउटा सुविधा मात्र पाउने:** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको सुविधा मध्ये एउटा सुविधा मात्र पाउनेछ ।

**२१. सुरक्षाको व्यवस्था:** प्रदेश सभाका सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था नेपाल सरकारबाट तोकिए बमोजिम हुनेछ ।

**२२. सुविधाको दुरुपयोग गर्न नहुने:** यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउने छन् । सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानीनोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

**२३. अनुसूचीमा हेरफेर गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई खाइपाई आएको सुविधामा मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ३, ४, ६, ७, ८ र ९ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यले पाउने सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता र उपसभामुख | समितिका सभापति | दलका सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५३००० | ५०००० | ४९००० | ४७००० | ४५००० |
| २ | बैठक भत्ता | प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| ३ | सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | २००० | १५०० | १५०० | १५०० | १५०० |
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने । 🕮विपक्षी दलको नेतालाई घरभाडा वापत मासिक रु. २०,००० (अक्षरुपी बीस हजार मात्र) उपलब्ध गराउने | १५००० | १५००० | १५००० |
| ५ | फर्निचर (पाँच वर्षको अवधिमा) एक पटक | एक मुष्ठ रु. | - | - | ५०००० | ५०००० | ५०००० |
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २००० | १७५० | १७५० | १२०० | - |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १०० | ☑९० | ☑९० | - |
| ८ | मोविल | त्रैमासिक लिं | १० | ५ | ☑५ | ☑५ | - |
| ९ | बिजुली, धारा | प्रति महिना | विल अनुसार | १५०० | १५०० | १५०० | १५०० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५०० | २००० | २००० | २००० | २००० |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १५० | १५० | १५० | १५० |
| १२ | यात्रा विमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |
| ❖१३ | यातायात सुविधा | प्रतिदिन रु. | | | | | ७५० |

द्रष्टव्य :

१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

२. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

३.✂ ......................

---

🕮 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन २०७५ द्वारा संशोधित ।

☑ केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन २०७५ द्वारा थपिएको ।

✂ केही प्रदेश कानून संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा झिकिएको ।

# अनुसूची-२
(दफा ५ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता र उपसभामुख | समितिका सभापति | दलका सचेतक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (रा.प.तृतीय) | जना | १ | १ | - | - | - |
| २ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | १ | - | - | - |
| ३ | अतिथी सत्कार | प्रति महिना रु. | ५००० | ३००० | - | - | - |

द्रष्टव्य :

१. स्वकीय सचिवालयका कर्मचारीहरुले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

# प्रदेश विनियोजन ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/३०

२०७५ सालको ऐन नं ६

**प्रदेश सरकारको आर्थिक वर्ष २०७४/७५ को सार्वजनिक सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि प्रदेश नं.४ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७४/७५ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. १,०२,०५,००,०००।- (अक्षरेपी एक अर्ब दुई करोड पाँच लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च तर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०४३२ मा विनियोजन भएको रकम अनुदान संख्या ७०४२१ देखि ७०४३७ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले बाँडफाँट गरी निकासा भई आजका मितिसम्म खर्च भएको रकमलाई समेत यसै ऐन बमोजिमको शीर्षकगत रुपमा मिलान गरिएको छ ।

# अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधान बमोजिम**
**प्रदेश नं. ४ प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम**

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | प्रदेश | अ.सं. | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०४ | २१ | प्रदेश सभा सचिवालय-प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | ३४५९ | ० | ० | ३४५९ |
| २ | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - अदालतको फैसला वा आदेशअनुसार तिर्नुपर्ने रकम | १०० | ० | ० | १०० |
| जम्मा | | | | ३५५९ | ० | ० | ३५५९ |

## अनुसूची - २

(दफा २ सँग सम्बन्धित)

**प्रदेश नं. ४ प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अ.सं. | शीर्षकको नाम | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०४ | २१ | प्रदेश सभा सचिवालय | ६६६३९ | ३३०४० | ० | ९९६७९ |
| २ | ७०४ | २३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३३१० | ११७५ | ० | ४४८५ |
| ३ | ७०४ | ३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६४३९ | १८००० | ० | ६४४३९ |
| ४ | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २२५३० | ७५६०० | ० | ९८१३० |
| ५ | ७०४ | ३३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३३८४५ | १२७०० | ० | ४६५४५ |
| ६ | ७०४ | ३४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २७१४२ | ५६६०० | ० | ८३७४२ |
| ७ | ७०४ | ३५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २५९८६ | १४९६० | ० | ४०९४६ |
| ८ | ७०४ | ३६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २६७८५ | २२३८५० | ० | २५०६३५ |
| ९ | ७०४ | ३७ | सामाजिक विकास मन्त्रालय | ४३६७८ | २४२०० | ० | ६७८७८ |
| १० | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - अर्थ विविध | १८०४६२ | ८०००० | ० | २६०४६२ |
| | | जम्मा | | ४७६८१६ | ५४०१२५ | ० | १०१६९४१ |

# स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०१/३०

२०७५ सालको ऐन नं ७

## स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन

**प्रस्तावना:** स्थानीय तहको सभा सञ्चालन, बैठकको कार्यविधि, समिति गठन लगायतका विषयलाई मर्यादित र व्यवस्थित गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "**स्थानीय तह**" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिमका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

(ग) "**सदस्य**" भन्नाले

(१) गाउँपालिकाको सम्बन्धमा गाउँ सभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(२) नगरपालिकाको सम्बन्धमा नगर सभा वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(३) जिल्ला सभाको सम्बन्धमा जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले जिल्ला सभा वा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ ।

(घ) "**सभाको सचिव**" भन्नाले गाउँ वा नगरपालिकाको प्रशासकीय अधिकृत र जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ ।

(ङ) "**बैठक**" भन्नाले गाउँ वा नगर सभाको अधिवेशन सम्झनु पर्छ र सो शब्दले समितिको वैठक र समिक्षा बैठक समेतलाई जनाउँछ ।

(च) "**अध्यक्ष**" भन्नाले गाँउपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको

प्रमुख समेतलाई सम्झनु पर्छ ।

(छ) "**उपाध्यक्ष**" भन्नाले गाउँपालिकाको उपाध्यक्ष, नगरपालिकाको उपप्रमुख र जिल्ला समन्वय समितिको उपप्रमुख समेत सम्झनु पर्छ ।

(ज) "**उपप्रमुख**" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(झ) "**प्रस्ताव**" भन्नाले सभामा निर्णयार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनु पर्छ ।

(ञ) "**बैठक कक्ष**" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ ।

(ट) "**विषयगत शाखा**" भन्नाले गाउँपालिका वा नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ र सो शब्दले विषयगत समिति समेतलाई जनाउँदछ ।

(ठ) "**संयोजक**" भन्नाले यस ऐन बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

(ड) "**मन्त्रालय**" भन्नाले प्रदेश मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## बैठक सम्बन्धी व्यवस्था

**३. सभाको अधिवेशन बोलाउने:** (१) अध्यक्षले गाउँपालिका वा नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिनाभित्र सभाको पहिलो अधिवेशन बोलाउनेछ साथै अन्य अधिवेशन अध्यक्षले समय समयमा बोलाउन सक्नेछ ।

तर सभाको एउटा अधिवेशनको समाप्ती र अर्को अधिवेशनको प्रारम्भ बीचको अवधि छ महिना भन्दा बढी फरक हुने छैन ।

(२) अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठकको सञ्चालन र अन्त्य गर्नेछ ।

(३) सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन आवश्यक छ भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो बैठक बस्ने मिति, समय र स्थान तोक्नेछ र त्यसरी तोकिएको मिति, समय र स्थानमा सभाको अधिवेशन बस्नेछ ।

(४) सभाको अधिवेशन कार्यपालिकाको केन्द्र रहेको स्थानमा अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(५) निर्वाचन पछिको पहिलो अधिवेशनको अवधि सामान्यतया बढीमा पन्ध्र दिन र त्यसपछिको प्रत्येक अधिवेशनको अवधि बढीमा सात दिनको हुनेछ ।

(६) उपदफा (१) र (३) बमोजिम सभाको अधिवेशन बोलाइएको सूचना अध्यक्षले सदस्यलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको सुचना बिद्युतीय माध्यम वा आवश्यकता अनुसार सार्वजनिक सञ्चार माध्यमबाट समेत दिन सकिनेछ । यसरी दिइएको सूचनालाई सवै सदस्यले प्राप्त गरेको मानिनेछ ।

**४. बैठकको प्रारम्भ:** सभाको बैठक कक्षमा अध्यक्ष आगमन भई राष्ट्रिय धुन बजे पछि बैठक प्रारम्भ हुनेछ ।

**५. सदस्यको उपस्थिति र आसन:** (१) बैठकमा आसन ग्रहण गर्नु अघि सबै सदस्यले अध्यक्षले तोकेको क्रम

अनुसार अधिवेशनको उपस्थिती पुस्तिकामा वा विद्युतीय हाजिरीमा उपस्थिती जनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपस्थित सदस्यले अध्यक्षले निर्धारित गरेको स्थानमा आफ्नो आसन ग्रहण गर्नु पर्नेछ ।

(३) अपाङ्गता भएका सदस्यको हकमा अध्यक्षले निर्धारित गरेको स्थानमा आसन ग्रहण गर्नेगरी निजको साथमा एक जना सहयोगी व्यक्ति समेतलाई बस्ने अनुमति दिन सक्नेछ ।

**६. सभाको गणपूरक संख्या:** (१) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम गणपुरक संख्या नपुगेमा अध्यक्षले तीनदिन भित्र अर्को बैठकका लागि आव्हान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आव्हान गरेको अधिवेशनमा गणपुरक संख्या नपुगेमा दुई दिन भित्र अधिवेशन बस्ने गरी दफा ३ बमोजिम पुन: आव्हान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुन: आव्हान गर्दा पनि गणपुरक संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्नेछ ।

**७. बैठकको सञ्चालन र स्थगन:** (१) अध्यक्षले सभाको कार्यसूची स्वीकृत गरी सभाको बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) सभाको बैठक अध्यक्षले निर्धारण गरेको समय तालिका बमोजिम हुनेछ ।

(३) अध्यक्षले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ ।

(४) सभाको अध्यक्ष वैठकमा उपस्थित हुन नसक्ने अवस्था भएमा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ साथै उपाध्यक्ष वा उपप्रमुख पनि उपस्थित हुन नसकेमा अध्यक्षले तोकेको सभाको सदस्यले बैठकको अध्यक्षता गर्ने गरी कार्यसूचीमा तोक्नु पर्नेछ ।

(५) अध्यक्षले सभाको कार्यवोभलाई ध्यान राखी कार्यसूचीमा संशोधन गर्न सक्नेछ ।

**८. कार्यसूची र समयावधि प्रकाशन:** (१) अध्यक्षको निर्देशानुसार सभाको सचिवले अनुसूची-१ बमोजिमको कार्यसूची र समय तालिका तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसूचिको एक प्रति सामान्यतया अड्चालीस घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ ।

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशानुसार बैठक बस्ने चौवीस घण्टा अगावै कार्यसूची तयार गरी त्यसको एक प्रति सदस्यलाई सभाको सचिवले उपलब्ध गराउने छ ।

**९. समयावधि निर्धारण:** (१) अध्यक्षले बैठकमा पेश हुने विषयमाथी छलफल गर्ने समयावधि तोक्नेछ ।

**११. सभामा मतदान:** (१) सभामा निर्णयका लागि प्रस्तुत गरिएको सबै विधेयक वा प्रस्तावको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन ।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।

**११. बैठकमा पालना गर्नुपर्ने आचरणहरूः** (१) बैठकमा भाग लिने सदस्यले देहायका आचरण पालना गर्नु पर्नेछः-

(क) अध्यक्ष बैठक कक्षमा प्रवेश गर्दा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्ने,

(ग) बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्ने र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(घ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न नहुने र अध्यक्षले बोलेको कुरा ध्यानपूर्वक सुन्नु पर्ने,

(ङ) अध्यक्षको आसन र बोलिरहेको सदस्यको बीचबाट हिड्न र अध्यक्षको आसन तर्फ पिठ्यु फर्काएर बस्न नहुने,

(च) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यले बैठक कक्ष छाड्नु पर्ने,

(छ) कुनै सदस्यले बोलिरहेको समयमा बाधा पुग्ने वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने,

(ज) बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरू पढ्न नहुने,

(झ) बैठक कक्षमा मोबाईल फोन र अन्य हलुका विधुतिय उपकरण प्रयोग गर्न नहुने ।

(२) सभामा पालना गर्नुपर्ने अन्य आचरणहरू समय समयमा सभाले तोके बमोजिम हुनेछ ।

**१२. बैठकमा पालना गर्नु पर्ने कुराहरुः** बैठकमा सदस्यले देहायका कुराहरु पालना गर्नु पर्नेछः-

(क) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्नेछ र अध्यक्षले निजको नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्ने,

(ख) दफा २९ बमोजिमका विषयमा छलफल गर्न वा प्रश्न उठाउन नहुने,

(ग) अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताका प्रतिकूल हुने गरी बोल्न नहुने,

(घ) व्यक्तिगत आक्षेप लगाउन नहुने,

(ङ) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्न नहुने,

(च) सभा वा अध्यक्षको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सभा वा अध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने,

(छ) अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक अध्यक्षको आलोचना गर्नु नहुने,

(ज) सभाले तोके बमोजिम वैठकमा पालना गर्नुपर्ने अन्य कुराहरु ।

**१३. छलफलमा बोल्ने क्रमः** बैठकको छलफलमा बोल्ने क्रम देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्यले बोल्ने,

(ख) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षको अनुमति विना कुनै सदस्यले एउटै प्रस्तावमा एक पटक भन्दा बढी बोल्न पाउने छैन,

(ग) प्रस्ताव पेश गर्ने सदस्यले जवाफ दिनको निमित्त छलफलको अन्त्यमा फेरी बोल्न पाउनेछ ।

(घ) प्रस्तावमा संशोधन पेश गर्ने सदस्यलाई अध्यक्षको अनुमति विना जवाफ दिने अधिकार हुने छैन ।

(ङ) प्रस्ताव पेश गर्ने सदस्यले जवाफ दिइसके पछि छलफल समाप्त भएको मानिनेछ ।

१४. **निर्णयार्थ प्रस्ताव पेश गर्ने:** (१) कुनै प्रस्तावमाथि छलफल समाप्त भएपछि त्यस्तो प्रस्तावको पक्षमा हुने सदस्यलाई "हुन्छ" र विपक्षमा हुने सदस्यलाई "हुन्न" भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले कार्यसूचीका विषय क्रमश: निर्णयार्थ पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्यमध्ये जुन पक्षको बहुमत भएको ठहऱ्याउँछ सो कुराको घोषणा गर्नेछ ।

(३) अध्यक्षद्धारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन ।

१५. **चेतावनी दिने:** (१) बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न अध्यक्षले चेतावनी दिए पछि त्यस्तो सदस्यले आफ्नो व्यवहारमाथि तुरुन्त नियन्त्रण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नगर्ने सदस्यलाई अध्यक्षले बैठकबाट बाहिर जान आदेश दिन सक्नेछ । आदेश पाएपछि त्यस्तो सदस्यले बैठक कक्षबाट तुरुन्त बाहिर जानु पर्नेछ र निजले सो दिनको बाँकी अवधिको बैठकमा उपस्थित हुन पाउने छैन ।

(३) उपदफा (२) बमोजिमको आदेश पाएपछि पनि त्यस्तो सदस्य बैठक कक्षबाट बाहिर नगएमा अध्यक्षले निजलाई कर्मचारी वा सुरक्षाकर्मीको सहयोग लिई बाहिर निकाल्न सक्नेछ र त्यसरी निकालिएकोमा त्यस्तो सदस्यले त्यसपछिको तीन दिनसम्म सभाको बैठक वा कुनै समितिको बैठकमा भाग लिन पाउने छैन । यसरी निकालिएकोमा सभाको सचिवले सो कुराको सूचना सबै समितिलाई दिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठक कक्षमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा सभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले बैठक कक्ष भित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानी नोक्सानी पुऱ्याएमा अध्यक्षले निजलाई बैठक कक्षबाट तत्काल निष्काशन गरी त्यस्तो सदस्यलाई बढीमा सात दिनसम्मको लागि सभामा आउन नपाउने र क्षति भएको भए तत्काल क्षति भएको सम्बन्धमा समिति गठन गरी निर्धारित क्षतिपूर्ति निजबाट भराउने आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निजलाई तोकिएको क्षतिपूर्ति अध्यक्षले तोकेको समयभित्र दाखिला गर्ने दायित्व सम्बन्धित सदस्यको हुनेछ ।

(६) यस दफा बमोजिम कुनै सदस्य निष्काशित भएको वा फुकुवा भएको सूचना सभाको सचिवले सभालाई गराउनेछ ।

१६. **कारवाही फिर्ता हुन सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित वा कारवाहीमा परेको सदस्यले चित्त बुझ्दो सफाई पेश गरेमा वा आफ्नो भूल स्वीकार गरी क्षमायाचना गरेमा अध्यक्षले त्यस्तो सदस्यलाई गरिएको कारवाही फिर्ता लिन सक्नेछ ।

**१७. बैठक स्थगित गर्ने अधिकार:** बैठक कक्षभित्र शान्ति, सुव्यवस्था तथा अनुशासन भंग भई बैठक नियमित रुपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले उक्त दिनको कुनै समयसम्म वा आफूले तोकेको अवधिसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न सक्नेछ र अध्यक्षले गरेको त्यस्तो स्थगन माथि कुनै सदस्यले प्रश्न उठाउन पाइने छैन् ।

**१८. सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन:** सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र सभाको कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानून विपरित बाहेकको सभाको निर्णय अमान्य हुने छैन ।

**१९. निर्णय प्रमाणित गर्ने:** (१) सभाको बैठकले गरेका निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सभाको सचिवको हुनेछ ।

**२०. निर्णयको अभिलेख राख्ने:** (१) सभा र यसको समितिको निर्णय तथा काम कारवाहीको अभिलेख सभाको सचिवले व्यवस्थित र सुरक्षित राख्नु पर्नेछ ।

(२) सभा तथा सभाका समितिको निर्णयको सक्कल अध्यक्षको आदेश बिना सभा वा सभा भवन बाहिर लैजान हुँदैन ।

## परिच्छेद-३

## प्रस्ताव स्वीकृति प्रक्रिया

**२१. प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने निर्णय गर्ने:** कुनै प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्नेछ र त्यसरी निर्णय गर्दा अध्यक्षले कारण खुलाई प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्नेछ ।

**२२. प्रस्ताव दर्ता गराउनु पर्ने:** (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा कुनै सदस्यले प्रस्ताव पेश गर्न चाहेमा प्रस्ताव तयार गरी सभाको बैठक बस्ने मितिभन्दा कम्तीमा तीन दिन अगावै दर्ता गराउनु पर्नेछ ।

तर निर्वाचनपछिको पहिलो सभामा प्रस्ताव पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्रचलित कानून अनुकूल नदेखिएमा वा यस ऐनको प्रतिकूल भएमा अध्यक्षले उक्त प्रस्ताव विधिसम्मत रुपमा पेश गर्न प्रस्तावक सदस्यलाई आदेश दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्यक्षको आदेश बमोजिम सभाको सचिवले प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(४) सभाको सचिवले अध्यक्षको आदेश बमोजिम प्रस्ताव दर्तागरी छुट्टै अभिलेख राख्नु पर्नेछ ।

**२३. अनुमति लिई प्रस्ताव पेश गर्न सकिने:** (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको अनुमति लिई देहायको कुनै प्रस्ताव सूचना नदिई पेश गर्न सकिनेछ:-

(क) धन्यवाद ज्ञापन गर्ने,

(ख) प्रस्ताव तथा संशोधन फिर्ता लिने,

(ग) बधाई दिने वा शोक प्रकट गर्ने,

(घ) छलफल वा बैठक स्थगित गर्ने,

(ङ) बैठकको अवधि बढाउने वा

(च) छलफल समाप्त गर्ने ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावद्वारा कुनै विवादास्पद विषय उठाउन पाइने छैन ।

(३) उपदफा (१) मा उल्लेखित प्रस्तावका सम्बन्धमा अध्यक्षको अनुमति प्राप्त भई बैठकमा प्रस्ताव पेश भएपछि अध्यक्षले उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नेछ ।

**२४. प्रस्ताव वितरण:** सभामा प्रस्ताव पेश गर्नुभन्दा कम्तीमा चौवीस घण्टा अगावै सबै सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनु पर्नेछ ।

**२५. सुझाव संकलन र परिमार्जन:** (१) प्रस्ताव मस्यौदा भएपछि अध्यक्षलाई उपयुक्त लागेमा त्यस्तो प्रस्तावमा सार्वजनिक रुपमा वा वडाबाट वडाबासीको सुझाब संकलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको सुझाब सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले कार्यपालिकालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तावमा वडा समिति मार्फत प्राप्त हुन आएका सुझाबको अध्ययन गरी कार्यपालिकाले प्रस्तावलाई आवश्यकता अनुसार परिमार्जन गर्नेछ ।

**२६. प्रस्ताव सभामा पेश गर्ने:** (१) अध्यक्षबाट स्वीकृत कार्यतालिका बमोजिम प्रस्ताव प्रस्तुतकर्ता सदस्यले सभाको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले प्रस्ताव पेश गर्नु परेको कारण, प्रस्तावबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट प्राप्त गर्न खोजिएको उपलब्धिको बारेमा संक्षिप्त जानकारी दिंदै प्रस्तावमा छलफल गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ ।

(३) प्रस्ताव पेश गर्न तोकिएको सदस्य सभामा स्वयं उपस्थित हुन असमर्थ भएमा अध्यक्षले तोकेको कुनै सदस्यले प्रस्ताव पेश गर्न सक्नेछ ।

**२७. संशोधन सम्बन्धी शर्तहरू:** कुनै प्रस्तावको सम्बन्धमा देहायका शर्तका अधिनमा रही सदस्यले संशोधन पेश गर्न सक्नेछ:-

(क) मूल प्रस्तावको सिद्धान्त विपरीत नहुने गरी,

(ख) मूल प्रस्तावको विषयसँग सम्बद्ध तथा त्यसको क्षेत्रभित्र रही,

(ग) बैठकले पहिले गरिसकेको निर्णयसँग नबाझिने गरी,

(घ) अस्पष्ट वा निरर्थक नहुने गरी ।

**२८. प्रस्तावमा छलफल:** (१) प्रस्तावको छलफलका लागि अध्यक्षले आवश्यक व्यवस्था गर्नु पर्नेछ र यस्तो छलफलमा अध्यक्षले प्राप्त भई सकेका संशोधन प्रस्तावलाई समेत समावेश गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफल समाप्त भए पश्चात प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमति लिई सभामा देहायको कुनै एक प्रस्ताव प्रस्तुत गर्नु पर्नेछ:-

(क) विस्तृत छलफलको लागि प्रस्तावलाई सभाका समितिमा पठाइयोस् भन्ने वा

(ख) प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्ने ।

तर समितिको बैठकमा पठाइने प्रस्ताव सभाको बैठकमा विस्तृत छलफल गरिने छैन ।

**२९. सभामा छलफल गर्न नपाइने विषय:** देहायका विषयमा सभा वा समितिको कुनै बैठकमा छलफल गर्न पाइने छैन:-

(क) संविधान वा प्रचलित कानूनले निषेध गरेको विषय,

(ख) कानूनतः गोप्य राख्नु पर्ने विषय,

(ग) राष्ट्रिय हित विपरित हुने विषय,

(घ) सभाको छलफलद्वारा स्पष्ट भएसकेको विषय,

(ङ) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,

(छ) प्रचलित कानून बमोजिम स्थापित भएको न्यायिक वा अर्धन्यायिक निकाय, जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय ।

**३०. प्रस्ताव फिर्ता लिन सक्ने:** (१) प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमति लिई लिखित निवेदनद्वारा जुनसुकै अवस्थामा प्रस्ताव फिर्ता लिन सक्नेछ ।

(२) विधेयक वा प्रस्ताव फिर्ता लिने अन्य प्रक्रिया अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ ।

**३१. संशोधन प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार:** (१) प्रस्ताव उपर कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा सभाको बैठक बस्नुभन्दा कम्तीमा चौवीस घण्टा अगावै संशोधनको प्रस्ताव अध्यक्ष समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार अध्यक्षको हुनेछ ।

(३) अध्यक्षले स्वीकृत गरेको संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई निर्णयार्थ पेश गर्नुभन्दा पहिले बैठकमा पढेर सुनाइनेछ । यसरी निर्णयार्थ पेश गर्दा एकभन्दा बढी संशोधनहरु भएमा अध्यक्षले उपयुक्त ठहराएको कुनै एक संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई प्राथमिकता दिइ पेश गर्न सक्नेछ ।

(४) सभाको सचिवले अध्यक्षले अनुमति दिएको संशोधनको विवरण सदस्यलाई उपलब्ध गराउनेछ ।

**३२. विधेयक पारित गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश गर्ने:** (१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा विस्तृत छलफल भएकोमा समितिको प्रतिवेदन उपर सभाको बैठकमा छलफल समाप्त भएपश्चात अध्यक्षको अनुमति लिई सभामा निर्णयार्थ विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विधेयक पेश भएका संशोधनहरूलाई अध्यक्षको अनुमतिले बैठकमा

निर्णयार्थ छुट्टै पेश गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सभामा बहुमत सदस्यले स्वीकृत गरेमा विधेयक पारित भएको मानिनेछ ।

**३३. प्रस्तावको पुनः प्रस्तुतिः** एक पटक आह्वान गरी बसेको सभाको बैठकमा पेश गरी अस्वीकृत भएको प्रस्ताव सोही सभाको बैठकमा पुन: प्रस्ताव गरिने छैन ।

**३४. प्रस्ताव दर्ता अभिलेख राख्नेः** सभामा पेश गर्ने प्रयोजनको लागि अध्यक्ष समक्ष पेश भएका प्रस्ताव सभाको सचिवले अनसूची-२ बमोजिम दर्ता गरी प्रस्तावमा भएको कारवाहीको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ ।

**३५. समिति गठन गर्न सक्नेः** (१) कार्यपालिकालाई सभाप्रति उत्तरदायि बनाउन, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन समेत प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

(क) विधेयक समिति,

(ख) लेखा समिति,

(ग) सुशासन समिति ।

(२) उपदफा (१) बमोजिमको प्रत्येक समितिमा बढीमा तीन जना सदस्यहरु रहने छन् । समितिमा रहने सदस्यहरु विषयगत अनुभव वा विज्ञताका आधारमा अध्यक्षको प्रस्ताव बमोजिम सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको संयोजक अध्यक्षले तोके बमोजिम हुनेछ । संयोजक बैठकमा उपस्थित नभएमा समितिले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको सचिवको कार्य कार्यपालिकाको विषयगत शाखा प्रमुखले गर्नेछ ।

(५) समितिको बैठकको गणपुरक संख्या कम्तीमा दुई जना हुनु पर्नेछ ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ ।

(७) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ र आमन्त्रित सदस्यले बैठकको निर्णयमा मत दिन पाउने छैन।

(८) उपदफा (१) बमोजिमका समितिले आफूले गरेको कामको वार्षिक प्रतिवेदन सभासमक्ष पेश गर्नु पर्नेछ ।

**३६. सभाको सचिवको अधिकारः** सभाको सचिवले सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा प्रवेश गर्न र बैठकमा कार्यरत कर्मचारीलाई निर्देशन दिन वा नियन्त्रण गर्न वा बैठकले मागेको कारवाही सम्बन्धी सल्लाह दिन सक्नेछ ।

## परिच्छेद-४

## जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था

**३७. सभाको काम, कर्तव्य र अधिकारः** (१) संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम,

कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा सम्बन्धित क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव दिने र त्यसरी दिएका सुझाव लाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजीक्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि विषयगत मन्त्रालय मार्फत संघीय मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा सम्बन्धित मन्त्रालय मार्फत संघीय मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिन,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

(२) जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

(३) जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई जिल्ला सभाबाट पारित गरी लागू गर्नु पर्नेछ ।

(४) जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**३८. जिल्ला सभाको गणपुरक संख्या:** जिल्ला सभाको बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

**३९. जिल्ला सभाको बजेटः** (१) जिल्ला सभालाई आवश्यक पर्ने बजेट नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ ।

(३) जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा उपदफा (१) बमोजिम प्राप्त हुने बजेटबाट व्यहोरिनेछ ।

**४०. जिल्ला समन्वय अधिकारी तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) जिल्ला सभाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी रहनेछ ।

(२) जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला सभा र जिल्ला समन्वय समितिको सचिवको रुपमा काम गर्ने,

(ख) जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) जिल्लास्थित संघ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तह बीच समन्वय गर्ने गराउने,

(घ) जिल्ला सभाको आर्थिक कारोवारको हिसाब अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजू फछ्र्यौट गराउने तथा बेरुजू मिनाहाको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

(ङ) जिल्ला सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

(च) जिल्ला समन्वय समितिको प्रमुखको निर्देशनमा जिल्ला समन्वय समिति तथा सभाको बैठक बोलाउने, निर्णय अभिलेख राख्ने, राख्न लगाउने,

(छ) जिल्ला सभाले गर्नु पर्ने खरिद कार्य गर्ने, गराउने,

(ज) जिल्ला सभा, जिल्ला समन्वय समिति वा जिल्ला समन्वय समितिको प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) प्रदेश सरकारले जिल्ला समन्वय अधिकारीको रूपमा काम गर्न प्रदेश निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई खटाउनेछ ।

तर पछि प्रदेश सरकारले त्यस्तो कर्मचारी नखटाएसम्म नेपाल सरकारले खटाएको निजामती सेवाको कर्मचारीलाई कामकाज गर्न वाधा पर्नेछैन ।

(४) जिल्ला समन्वय समितिले आफ्नो कार्यबोझको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कर्मचारीको दरबन्दीको र प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दि प्रस्ताव गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम दरबन्दिको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको

विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दि प्रस्ताव गर्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि जिल्ला समन्वय समितिले सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाका अधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन ।

(८) जिल्ला समन्वय समितिले अस्थायी दरवन्दी सृजना गर्न पाउने छैन ।

**४१. जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धी कार्यविधि:** जिल्ला सभाको बैठक तथा कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**४२. जिल्ला समन्वय समितिको बैठक:** (१) जिल्ला समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) जिल्ला समन्वय समितिको बैठक समितिको प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला समन्वय समितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै समितिका सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत संलग्न गर्नु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता समितिको प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा जिल्ला समन्वय समितिको उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(६) जिल्ला समन्वय समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) जिल्ला समन्वय समितिको निर्णय समितिको प्रमुखद्वारा प्रमाणित गरिनेछ ।

(८) जिल्ला समन्वय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**४३. जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयको अभिलेख र कार्यान्वयन:** (१) जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णय तथा कारवाहीको अभिलेख जिल्ला समन्वय समितिको सचिवले सुरक्षित राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेख समन्वय समिति प्रमुखको आदेश विना जिल्ला समन्वय समितिको सचिवालय भवनबाट बाहिर लैजान हुँदैन ।

## परिच्छेद-५

## सदस्यको पद रिक्त हुने अवस्था

**४४. सदस्यको पद रिक्त हुने अवस्था:** (१) देहायको कुनै अवस्थामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ:-

(क) गाउँपालिका अध्यक्षले उपाध्यक्ष समक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यले अध्यक्ष समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) निज सम्बन्धित गाउँसभालाई सूचना नदिई लगातार तीन वटा बैठकमा बैठकमा अनुपस्थित भएमा,

(ङ) निजले नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएमा ।

(२) देहायको कुनै अवस्थामा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछः-

(क) नगरपालिका प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख, वडा अध्यक्ष र सदस्यले प्रमुख समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) निज सम्बन्धित सभालाई सूचना नदिई लगातार तीन वटा बैठकमा बैठकमा अनुपस्थित भएमा,

(ङ) निजले नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएमा ।

(३) देहायको कुनै अवस्थामा जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख र सदस्यको पद रिक्त हुनेछः-

(क) जिल्ला सभा प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख र सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) निज सम्बन्धित गाउँसभालाई सूचना नदिई लगातार तीन वटा बैठकमा अनुपस्थित भएमा,

(ङ) निजले नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएमा ।

## परिच्छेद-६

## स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था

**४५. गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको देहायको सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नु पर्नेछ :-

(क) सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति,

(ख) आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिबाट प्राप्त भएको सम्पत्ति,

(ग) ढल, नाला, पुल, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, ईनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो र सडकका दायाँ बायाँका रुख,

(घ) आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बगैंचा, बसपार्क वा अन्य संरचना,

(ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन,

(च) संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा,

(छ) प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले तोकिदिएको प्राकृतिक

सम्पदा तथा क्षेत्र ।

(२) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन पाउने छैन।

(३) गाउँपालिका तथा नगरपालिकाले आफ्नो नाममा रहेको अचल सम्पत्ति प्रदेश सरकारको स्वीकृत नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन।

(४) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको सम्पत्तिको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

४६. **जिल्ला समन्वय समितिको सम्पत्तिको संरक्षण:** (१) जिल्ला सभाको क्षेत्रभित्रको देहायका सम्पत्ति उपर जिल्ला सभाको हक हुनेछ र जिल्ला सभाले त्यस्तो सम्पत्तिको रेखदेख, मर्मत र सम्भार तथा अन्य प्रबन्ध गर्नु पर्नेछ :-

(क) जिल्ला सभाको स्वामित्वमा रहेको वा जिल्ला सभाको कोषबाट खरिद वा निर्माण भएको जग्गा, भवन, सवारी साधन, मेसिन, औजार लगायतका सम्पत्ति,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा कुनै संस्था वा व्यक्तिबाट हक हस्तान्तरण भई प्राप्त भएको वा हुने सम्पत्ति ।

(२) जिल्ला सभाले उपदफा (१) बमोजिमको सम्पत्ति प्रदेश सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला सभाको उपयोगको लागि बढी हुने देखिएको वा जिल्ला सभाले सिफारिस गरेको कुनै सम्पत्ति प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिका वा अन्य सरकारी निकायलाई उपभोग गर्नका लागि उपलब्ध गराउन वा हक हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

तर जग्गा वा भवनको हक हस्तान्तरण गर्दा प्रदेश सरकारको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

४७. **सभालाई संवोधन:** (१) नेपाल सरकारका मन्त्रिपरिषद्का सदस्य, प्रदेश प्रमुख तथा प्रदेश सरकारका मन्त्रिपरिषद्का सदस्यलाई सभा अध्यक्षले सभाको बैठकलाई विशेष संवोधन गर्न अनुरोध गर्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले वार्षिक समिक्षा बैठक आयोजना गरी सम्बन्धित क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया अध्यक्षले तोके बमोजिम हुनेछ ।

४८. **प्रवेश नियमित गर्ने अधिकार:** (१) सभाको बैठकमा प्रवेश नियमित गर्ने अधिकार अध्यक्षको हुनेछ ।

४९. **सभाको सचिवको काम लगाउन सक्ने:** सभाको सचिव उपस्थित नभएमा यस ऐनमा सभाको सचिवले गर्ने भनी तोकिएको कार्यहरू अध्यक्षले तोकेको अन्य वरिष्ठतम कर्मचारीले गर्नेछ ।

५०. **अनुपस्थितिको सूचना:** (१) कुनै सदस्य लगातार दुई पटक वा सो भन्दा बढी सभाको बैठकमा अनुपस्थित रहनु पर्ने भएमा तत्सम्बन्धी अग्रीम सूचना अध्यक्षलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने सूचनामा आफू अनुपस्थित रहने अवधि र कारण समेत उल्लेख गर्नु

पर्नेछ ।

**५१. पालना गर्नु पर्ने आचार संहिता:** सभाका पदाधिकारी तथा सदस्यहरूले संविधान तथा कानून बमोजिमको उत्तरदायित्व पूरा गर्ने तथा निजहरूको काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्न सभाबाट स्वीकृत आचार संहिताको पालना गर्नु पर्नेछ । यस्तो आचारसंहिता सभाले पारित गरी लागू गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

**५२. अधिवेशनको अंग नमानिने:** सभाको अधिवेशन प्रारम्भ हुनु पूर्व र भैसकेपछि अन्त्य नभएसम्मको अवधिमा आयोजना हुने उद्घाटन, स्वागत, सम्मान तथा अभिनन्दन जस्ता क्रियाकलापलाई सभाको अंग मानिने छैन ।

**५३. स्थानीय सुरक्षा निकायसँग समन्वय गर्ने:** गाउँसभा वा नगरसभा सञ्चालन अवधिभर सभाको सुरक्षार्थ अध्यक्षले सुरक्षा निकायसँग अनुरोध गरेमा अविलम्ब सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

**५४. दिग्दर्शन बनाउन सक्ने:** (१) सभाको स्वीकृति लिई अध्यक्षले आवश्यकता अनुसार आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) त्यसरी तयार गरिएको कार्यविधिको जानकारी बैठकलाई दिनु पर्नेछ ।

(३) उक्त कार्यविधिको प्रयोग गर्दा प्रक्रियागत बाधा अड्काउ फुकाउने अन्तिम अधिकार अध्यक्षलाई हुनेछ र यसरी जारी भएका आदेश वा निर्देशन यस ऐन बमोजिम भएको मानि कार्यान्वयन गर्नु पर्नेछ ।

# अनुसूची-१

(कार्यविधिको दफा ८ सँग सम्बन्धित)

.......................पालिका

...............सभा

कार्यसूची र समयतालिका

बैठक संख्या: बैठक स्थान:

अध्यक्षता:

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | नाम | तोकिएको समय | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची - २

(कार्यविधिको दफा ३४ सँग सम्बन्धित)

...पालिकाको ......सभामा प्रस्तुत कानूनको अभिलेख

.................... गाउँ सभा र नगर सभा

| दर्ता नं. | विधेयकको नाम | दर्ता मिति | मूल संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अभिलेख तयार गर्नेको

दस्तखत:

नाम, थर:

पद:

मिति:

अभिलेख जाँच गर्नेको

दस्तखत:

नाम, थर:

पद:

मिति:

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०२/३१

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ — २०७५/०६/०४

२०७५ सालको ऐन नं ९

## प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेशको समग्र विकासका लागि राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन 🕮 गण्डकी प्रदेश भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**आर्थिक ऐन**" भन्नाले सालबसाली आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "**कम्पनी**" भन्नाले प्रचलित संघीय कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ग) "**कर**" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ ।

(घ) "**कर प्रमुख**" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी कर प्रमुख नियुक्त नभएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवलाई जनाउँछ ।

(ङ) "**कर अधिकृत**" भन्नाले प्रदेश सरकारले दफा ५ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(च) "**कर कार्यालय**" भन्नाले प्रदेशमा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको प्रदेश सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

---

🕮 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन २०७५ द्वारा संशोधित ।

(छ) **"करदाता"** भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(ज) **"कर निर्धारण"** भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ ।

(झ) **"गैरकर राजस्व"** भन्नाले कर बाहेकका गैरकर राजस्व सम्झनु पर्छ ।

(ञ) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(ट) **"फर्म"** भन्नाले प्रचलित संघीय कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ठ) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ड) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२
## राजस्व निर्धारणका आधार र कर प्रशासन

**३. कर तथा गैरकर राजस्व निर्धारणका आधारः** (१) कर राजस्व देहायका आधारमा निर्धारण गरिनेछ :-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता ।

(२) गैरकर राजस्व उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ ।

**४. कर प्रशासन :** (१) यस ऐन बमोजिमको कर तथा गैरकरको प्रशासन प्रदेश सरकारले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर कार्यालय रहन सक्नेछन् ।

**५. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्नेछन् ।

(२) प्रदेश कर कार्यालयमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**६. कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,
(घ) कर संकलन गर्ने,
(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,
(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,
(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,
(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा प्रदेश सरकारलाई सुझाव दिने,
(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,
(ञ) करदाताका खाता र हरहिसाब दुरुस्त राख्न लगाउने,
(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,
(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**७. अधिकार प्रत्यायोजन:** (१) कर प्रमुखले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**८. प्रत्यायोजित अधिकार र जिम्मेवारी:** (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-३
## कर तथा गैरकर

**९. घर जग्गा रजिष्ट्रेशन शुल्क:** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउनेछ ।

(२) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ ।

(४) यस दफा बमोजिम लगाइएको घर जग्गा रजिष्ट्रेशन शुल्क घर, जग्गा वा घर जग्गा रहेको गाउँपालिका वा नगरपालिकाले उठाउनेछ ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको

अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असूल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन ।

१०. **सवारी साधन कर:** (१) प्रदेशले सवारी साधनमा सवारी साधन कर लगाउनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र मसान्तसम्म उपदफा (३) बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

११. **मनोरञ्जन कर:** (१) प्रदेशले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, व्यापारिक साँस्कृतिक तथा मनोरञ्जनात्मक मेला(महोत्सव, कन्सर्ट जस्ता मनोरञ्जनस्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर मनोरञ्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम अन्यथा मनोरञ्जन स्थलको टिकटमा लाग्नेछ ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जनस्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको द्दछ गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

१२. **विज्ञापन कर:** (१) प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुन जस्ता सामग्री सम्झनु पर्छ ।

(२) कसैले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, विपद् जोखिम न्यूनीकरण गर्ने गरी, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र सालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नेछ । स्थानीय तहले विज्ञापन सम्बन्धी नीति बनाई सहरी सौन्दर्यतालाई प्रतिकूलता नहुने गरी सामाजिक सूचनाका लागि तोकिए बमोजिमको न्यूनतम स्थान राख्नु पर्नेछ ।

(५) नेपाल सरकार, प्रदेश वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि गाउँपालिका वा नगरपालिकाले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छूट वा मिनाहा हुन सक्ने छैन ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन ।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(९) विज्ञापन कर असूल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानून बमोजिम हुनेछ ।

१३. **कृषि आयमा कर:** (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि आयमा कर लगाउनेछ ।

(२) कृषि आयमा कर कृषि उपजको प्रारम्भिक रूपमा बिक्री गरेको बखत लगाईनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "कृषि उपज" भन्नाले धान, गहूँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, अण्डा, मासुजन्य पदार्थ, माछा, दूध, दलहन, तेलहन जस्ता अन्य खाद्य बस्तु सम्झनु पर्छ ।

(३) कृषि उपजको प्रारम्भिक रुप भन्नाले कृषिको उत्पादन देखि प्रशोधन भई बिक्री वितरणका लागि तयार भएको कृषि उपज सम्झनु पर्छ ।

१४. **पर्यटन शुल्क:** (१) प्रदेशले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउन पाउने छैन ।

(३) संघीय सरकारबाट हस्तान्तरण भई आउने पर्यटकीय स्थल र क्षेत्र, संरक्षण क्षेत्र र पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

**१५. दहत्तर बहत्तर शुल्कः** (१) संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तरको संकलन शुल्क प्रदेशले लगाउनेछ ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीतिको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन सक्नेछ ।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ ।

(६) रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**१६. सेवा शुल्क तथा दस्तुरः** प्रदेशले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र बिषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा, शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

## परिच्छेद-४
## करदाता दर्ता

**१७. करदाताको पहिचान तथा दर्ताः** (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूको आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोही नम्बरको प्रयोग गरी गर्नु पर्नेछ ।

**१८. करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,
(ख) निर्धारित समयमा विवरण पेश गर्ने,
(ग) निधारित समयमा कर दाखिला गर्ने,
(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,
(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,
(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,
(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

**१९. करदाताको अधिकार:** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-
(क) सम्मानपूर्वक व्यवहारको अधिकार,
(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,
(ग) कर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,
(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,
(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

**२०. करदाताको प्रतिनिधित्व:** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्ति तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद-५
## कर विवरण र कर दाखिला

**२१. विवरण दाखिला गर्न आदेश दिन सक्ने:** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको अवधि थपिदिन सक्नेछ ।

**२२. विवरण सच्याउन सकिने:** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भई सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

**२३. कर दाखिला गर्नुपर्ने:** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर, करकट्टी भएको महिना पछिको महिनाको १५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

**२४. कर दाखिलाको निस्सा दिनु पर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद-६
## कर समायोजन

**२५. कर फिर्ता सम्बन्धी व्यवस्था:** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले निवेदन परेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ ।

**२६. कर समायोजन सम्बन्धी व्यवस्था:** (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद-७
## कर परीक्षण, निर्धारण र संकलन

**२७. कर परीक्षण:** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ:-

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा विवरण कागजात संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार बर्षभित्र कर अधिकृतले पुनस् कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

(६) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनस् कर निर्धारण गर्न गराउन सक्नेछ ।

**२८. कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ ।

**२९. कर असूल गर्न सक्नेः** (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असूल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कव्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३०. किस्ताबन्दीमा कर असूलीः** कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन ।

## परिच्छेद-८
## व्याज, शुल्क र जरिवाना

**३१. जरिवाना लाग्ने:** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३२. व्याज लाग्ने:** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

**३३. शुल्क लाग्ने:** (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

**३४. पुनः व्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिबानामा पुनः व्याज लाग्ने छैन ।

## परिच्छेद-९
## पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन

**३५. पूर्वादेश माग गर्न सक्ने:** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणको लागि निजले कर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूवदिश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूवदिश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूवदिश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

**३६. प्रशासकीय पुनरावलोकन हुन सक्ने:** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ:-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र  गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

**३७. प्रशासकीय पुनरावलोकनको प्रक्रिया:** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी

तोकिएको ढाँचामा कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ ।

**३८. उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

**३९. पुनरावेदन दिन सक्ने:** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१०
## समन्वय

**४०. नेपाल सरकारसँग समन्वय:** (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय तह वा स्थानीय तहले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका बिषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**४१. स्थानीय तहसँग समन्वय:** (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका बिषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**४२. नेपाल राष्ट्र बैंकसँग समन्वय:** प्रदेश सरकारले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**४३. अन्य संस्थासँग समन्वय:** प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित बिषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ ।

**४४. राजस्व सम्बन्धी नयाँ प्रस्ताव:** (१) प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नु पर्नेछ ।

(२) प्रदेश र स्थानीय तहका साझा अधिकार सूची भित्र रहेका कर तथा गैरकर सम्बन्धी विषयमा दर प्रस्ताव गर्दा र कर सम्बन्धी अन्य विषयमा समन्वयका लागि निर्देशिका बमोजिमको राजस्व परामर्श समिति गठन गरिने छ ।

तर आर्थिक वर्ष २०७५/७६ को हकमा यो दफा लागू हुने छैन ।

**४५. सूचना सार्वजनिक गर्नु पर्ने:** (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-११
## विविध

**४६. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**४७. ठेक्कामा लगाउन नपाइने:** प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन ।

तर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, द्दण्ठद्ध बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन ।

**४८. कागजातको ढाँचा:** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेवसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

**४९. सूचना तामेली रीत पुगेको मानिने:** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको ।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

**५०. कागजातको अभिलेख राख्ने:** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुर्‍याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार बर्षसम्म सुरिक्षत राख्नु पर्नेछ ।

**५१. अदालतलाई भए सरहको अधिकार हुने:** यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**५२. कर अधिकृतको परिचय पत्र:** कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**५३. विभागीय कारवाही र सजाय हुने:** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्‍याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्‍याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित

कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारवाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि कर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा कर प्रमुखले निजलाई विभागीय कारबाही गर्नेछ ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन ।

**५४. पुरष्कृत गर्न सक्ने:** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**५५. म्याद, हदम्याद नजाने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ:

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

# प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०२/३१

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ — २०७५/०६/०४

२०७५ सालको ऐन नं १०

## प्रदेश राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश सरकारबाट स्थानीय तहलाई राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन 📖 गण्डकी प्रदेश भर लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**आयोग**" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ ।

(ख) "**प्रदेश सञ्चित कोष**" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्छ ।

(ग) "**योजना**" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्छ ।

(घ) "**वित्तीय समानीकरण अनुदान**" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "**विशेष अनुदान**" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ ।

(च) "**सशर्त अनुदान**" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ ।

(छ) "**समपूरक अनुदान**" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ ।

(ज) "**स्थानीय सञ्चित कोष**" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय सञ्चित कोष सम्झनु पर्छ ।

(झ) "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

---

📖 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन २०७५ द्वारा संशोधित ।

**३. सवारी साधन करको बाँडफाँट:** (१) प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्नेछ ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ ।

**४. वित्तीय समानीकरण अनुदान:** (१) संविधानको धारा ६० को उपधारा (५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) बमोजिम प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ ।

**५. सशर्त अनुदान:** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ ।

(३) सशर्त अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. समपूरक अनुदान:** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार बनाइनेछ:

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(घ) योजना कार्यान्वयन गर्नसक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. विशेष अनुदान:** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ:

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने ।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. आवधिक विवरण पेश गर्नुपर्ने:** (१) स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

**९. अनुदानको प्रयोग:** यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ ।

**१०. कार्यविधि बनाउन सक्ने:** यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

# आर्थिक ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०३/२७

२०७५ सालको ऐन नं ११

## प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर लगाउने तथा राजस्व सङ्कलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. घरजग्गा रजिष्ट्रेशन शुल्क:** (१) प्रदेशभित्र घरजग्गा रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घर जग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

**३. सवारी साधन कर:** (१) प्रदेशभित्र सवारी साधन दर्ता गर्दा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाई असूल उपर गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई-रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्नेछ ।

**४. मनोरञ्जन कर:** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, व्यापारिक तथा व्यवसायिक प्रकृतिका मेला-महोत्सव र कन्सर्टमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

**५. विज्ञापन कर:** प्रदेशमा विज्ञापन सामाग्री राखे वापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाई असूल उपर गर्नेछ ।

**६. कृषि आयमा कर:** प्रदेशभित्र कृषि उपजको प्रारम्भिक बिक्रीबाट प्राप्त हुने आयमा अनुसूची-४ बमोजिम लगाई असूल उपर गरिनेछ ।

**७. पर्यटन शुल्क:** (१) प्रदेशभित्र अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिकाभित्र रहेका उद्यान, पार्क, सङ्ग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र

पुरातात्विक सम्पदामा प्रवेश गरे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असूल उपर गर्नेछ ।

**८. दहत्तर बहत्तर शुल्कः** (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, चुनढुङ्गा, बालुवा, दहत्तर-बहत्तरको सङ्कलनमा शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

**९. दर बढाउन, घटाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका कर र शुल्कको दर बढाउन, घटाउन वा त्यस्तो कर र शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर बढाइएको, घटाइएको वा कुनै कर र शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको कर र शुल्क रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गर्नेछ ।

**१०. प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**११. साविकको व्यवस्था कायम रहनेः** (१) यस ऐनमा व्यवस्था भए बाहेकका बिषयमा साविकमा विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, गैरकर, सेवा शुल्क, दस्तुर अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानून बमोजिम नै साबिकमा रहेका दर यथावत कायम रहनेछन् ।

(२) प्रदेश सरकारका कर सङ्कलन गर्ने तथा सेवा प्रदान गर्ने संरचना नबनेसम्म हाल उठाइरहेका निकायहरूबाट यस ऐन बमोजिम एवम् दफा ११ को उपदफा (१) बमोजिमको कर, गैरकर, सेवा शुल्क, दस्तुर सङ्कलन गरी प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ । राजस्व दाखिला गर्ने सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तोकिए अनुसार हुनेछ ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### क. घर जग्गा रजिष्ट्रेशन शुल्क

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १ | राजीनामा, सट्टापट्टा र सँगोलनामाको लिखत<br>(क) राजीनामा, सट्टापट्टा र सँगोलनामाको लिखतको थैली अंकमा<br>(ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा<br>(ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अंकमा | ५%<br>४%<br>५% | ४%<br>२%<br>४% | २%<br>१%<br>२% |
| २. | छोडपत्र<br>दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखितको थैली अंकमा | ३% | २% | १.५% |
| ३. | हालै देखिको वकसपत्रको लिखत<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>(क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाइबुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी वुहारी, काका, काकी, ठूलो-बुवा, ठूली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी बीच ।<br>(अ) रू.१ लाखसम्मको थैली अंकमा<br>(आ) रू.१ लाखभन्दा माथि जतिसुकै थैली अंकमा<br>(ख) अन्य वकसपत्र र दानपत्रको थैली अंकमा<br>**स्पष्टीकरणः** सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीनवटै सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन । | १.५%<br>२.५%<br>१५% | १%<br>२%<br>१५% | ०.५%<br>१%<br>१०% |

| | | | | |
|---|---|---|---|---|
| ४. | **अंशवण्डा तथा अंश भर्पाईको लिखत**<br>(क) रू.३० लाखसम्मको थैली अंकमा<br>(ख) रू.३० लाख भन्दा वढी रू.२ करोड सम्मको थैली अंकमा<br>(ग) रू.२ करोड भन्दा माथिको थैली अंकमा | ०.२%<br>०.५%<br>१% | ०.२%<br>०.५%<br>१% | ०.२%<br>०.५%<br>१% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत**<br>(क) मानो छुट्टिएको प्रति लिखत<br>(ख) मानो जोडिएको प्रति लिखत | रू.१२०००।<br>रू.१५०००। | रु.१००००।<br>रू.१००००। | रू. ५०००।<br>रू. ५०००। |
| ६. | **शेषपछिको वकसपत्रको लिखत**<br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत<br>(क) तीन पुस्ताभित्रको<br>(ख) तीन पुस्ताबाहिरको | रू. ७०००।<br>रू.१२०००। | रू.५०००।<br>रू.७०००। | रू. २०००।<br>रू. ४०००। |
| ७. | **बन्धकीको लिखत :** दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% |
| ८. | **धर्मपुत्र, धर्मपुत्रीको लिखत :** धर्मपुत्र, धर्मपुत्रीको प्रति लिखतमा<br>(क) तीन पुस्ताभित्रको नातामा<br>(ख) तीन पुस्ता बाहिरकोमा | रू.१०००।<br>रू.७०००। | रू.१०००।<br>रू.५०००। | रू.१०००।<br>रू.४०००। |
| ९. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत :** अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रू.२०००। | रू.२०००। | रू.२०००। |
| १०. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| ११. | सि.नं. ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको कुनै गाउँपालिका तथा नगरपालिकामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ सम्मका घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू अर्को गाउँपालिका तथा नगरपालिकामा पारित गर्न सकिने छैन । | | | |

**ख. सेवा शुल्कः**

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १. | **लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क**<br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुरः<br>(क) तराई क्षेत्रमा<br>(ख) अन्य क्षेत्रमा | रू.२००००।<br>रू.२००००। | रू.१००००।<br>रू.१००००। | रू. ५०००।<br>रू. ५०००। |

| | | | | |
|---|---|---|---|---|
| २. | वित्तीय धितो नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | क) रू.१ लाख सम्मको लिखतको थैली अंकमा | रू. १०००। | रू. १०००। | रू. १०००। |
| | (ख) रू.१ लाख भन्दा बढी रू.५ लाख सम्मको थैली अंकमा | रू. १५००। | रू. १५००। | रू. १५००। |
| | (ग) रू.५ लाख भन्दा बढी रू.१० लाख सम्मको थैली अंकमा | रू. २५००। | रू. २५००। | रू. २५००। |
| | (घ) रू.१० लाख भन्दा बढी रू.२० लाख सम्मको थैली अंकमा | रू. ३०००। | रू.३०००। | रू.३०००। |
| | (ङ) रू.२० लाख भन्दा बढी रू.५० लाख सम्मको थैली अंकमा | रू.१००००। | रू.१००००। | रू.१००००। |
| | (च) रू.५० लाख भन्दा बढी रू.१ करोड सम्मको थैली अंकमा | रू.३००००। | रू.३००००। | रू.३००००। |
| | (छ) रू.१ करोड भन्दा बढी रू.२ करोड सम्मको थैली अंकमा | रू.४०,०००। | रू.४०,०००। | रू.४०,०००। |
| | (ज) रू.२ करोड भन्दा बढी रू.५ करोड सम्मको थैलीमा अंकमा | रू. ८०,०००। | रू. ८०,०००। | रू. ८०,०००। |
| | (झ) रू.५ करोड भन्दा बढी जतिसुकै थैली अंकमा | रू.१५०,०००। | रू.१५०,०००। | रू.१५०,०००। |
| ३. | <u>लीज</u><br>सरकारी जग्गा लिजमा उपलव्ध गराउने | <u>सरकारी जग्गा दर्ता तथा लीजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ ।</u> | | |
| ४. | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा<br>(क) तराई क्षेत्र<br>(ख) अन्य क्षेत्र<br>**नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागू हुनेछ ।** | <br>रू.१०००।<br>रू.१०००। | <br>रू. ५००।<br>रू. ३००। | <br>रू. २००।<br>रू. १००। |
| ५. | **<u>दाखिल खारेज शुल्क</u>** | | | |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहर्‍याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४% | २% |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | ३% | २% | १% |
| | (ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अंकमा | ५% | ४% | २% |
| | (घ) बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रति मिसिल | रू.७०००। | रू. ५०००। | रू. २०००। |

| | | | | |
|---|---|---|---|---|
| ५. | (ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अंकमा<br>(१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आउँदा प्रति मिसिल<br>(२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | २.५%<br>रू. ५००।<br>रू.५०००। | २%<br>रू. ३००।<br>रू. १०००। | १%<br>रू. २००।<br>रू. ५००। |
| | (च) शेषपछिको बकसपत्रको दाखिल खारेज<br>(क) तीनपुस्ता भित्रको भए<br>(ख) तीनपुस्ता बाहिरको भए (थैली अंक) मा | सबै क्षेत्रका लागि अंशवण्डा सरह<br>सबै क्षेत्रका लागि राजीनाम सरह | | |
| ६. | **नामसारी**<br>(क) तीनपुस्ता भित्रको नामसारी गर्दा<br>(ख) तीनपुस्ता भन्दा बाहिरको नामसारी गर्दा | रू.१५००।<br>रू.३५००। | रू. १०००।<br>रू. ३०००। | रू. ५००।<br>रू. १५००। |
| ७. | **हालसाबिक**<br>पुन: नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अध्यावधिक गर्दा प्रति मिसिल | रू. ४००। | रू. २००। | रू. १००। |
| ८. | **घरकायम**<br>श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.२५००। | रू. २०००। | रू. ५००। |
| ९. | **संशोधन शुल्क**<br>मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रू. ३००। | रू. १००। | रू. ५०। |
| १०. | **रोक्का शुल्क**<br>(क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अंक जतिसुकै भएपनि)<br>(ख) लिखत रजिष्ट्रेशन नहुनेमा<br>(अ) रू.१ लाख सम्मको ऋण अंकमा<br>(आ) रू.१ लाख भन्दा वढी रू.५ लाखसम्मको ऋण अंकमा ।<br>(इ) रू.५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा<br>(ई) ऋण अंक नखुलेकोमा | नलाग्ने<br>रू. ५००।<br>रू. ८००।<br>रू.१०००।<br>रू.५०००। | नलाग्ने<br>रू. ३००।<br>रू. ५००।<br>रू. ७००।<br>रू. ३०००। | नलाग्ने<br>रू. २००।<br>रू. ३००।<br>रू. ५००।<br>रू. २०००। |

ग. विविधः

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ । |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, अदुवा खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ३. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४. | प्रदेशभित्र सूर्ती, चुरोट, खैनी, गुट्खा, पानपराग, प्लाष्टिक र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क २५ प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा महानगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५. | (क) प्रदेश भित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रू.२०००।- लाग्नेछ । |
| | (ख) प्रदेश भित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रू.१०००।- लाग्नेछ । |
| ६. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ । |
| ७. | जन आन्दोलन पहिलो र दोश्रो, जनयुद्ध र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वमित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क र शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिसि वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा तीस लाखसम्मको थैली अंकमा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |

| | |
|---|---|
| ९. | क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ ।<br>देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा ५०% छुट हुनेछ ।<br>(अ) मनाङ र मुस्ताङ जिल्लाका सदरमुकाम रहेका गाउँपालिका बाहेक<br>(आ) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सँगोलनामाको लिखतमा रू.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ । |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा ५०% छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| १०. | भूमिहिन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ११. | बैक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ । |
| १२. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा नि:शुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ । |
| १३. | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत प्रदेश वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ । |
| १४. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरू बाहेक अन्य सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |
| १५. | विविधको क्रमसंख्या ७,८,९ र १० बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ । |
| १६. | एउटै कारोवारबाट १० लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ । |

| | |
|---|---|
| १७. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| १८. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १९. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २०. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश वा स्थानीय सरकारको कुनै निकायलाई नि:शुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार वा सरकारको कुनै पनि निकायले खरीद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शुन्य दशमलव पाँच प्रतिशत थप शुल्क असूल गरिनेछ । यस्तो रकम नगरपालिकाहरूले छुट्टै कोष खडा गरी ढल प्रशोधन, स्वच्छ खानेपानी, वृक्षारोपण र पर्यावरण सुधार लगायतका सहरी पूर्वाधार र सौन्दर्य विकासमा मात्र खर्च गर्न पर्नेछ । |

## अनुसूची- २
(दफा ३ सँग सम्बन्धित)

**सवारी साधन कर**

१ . निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सवारीको किसिम | |
|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी. सम्म | रु. १९,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) थ्री ह्वीलर र टेम्पो | रु. ५,०००।- |
| (आ) ट्रेक्टर | रु. ४,०००।- |
| (ई) पावर टिलर | रु. ३,०००।- |
| (घ) मिनिट्रक/मिनिबस | रु २२,०००।- |
| (ङ) ट्रक र बस | रु. ३२,०००।- |
| (च) मोटर साइकल तथा स्कुटर | |
| (अ) १२५ सी.सी. सम्मको | रु. २५००- |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु. ४,०००- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु. ८,०००- |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु. १५,०००- |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु. ८,०००। |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ९,०००। |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु. ११,०००। |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु. १३,०००। |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु. १५,०००। |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. १७,०००। |
| (ग), थ्री ह्वीलर र टेम्पो | रु. ४,०००। |

| | |
|---|---|
| (घ) ट्रेक्टर | रु. २,५००। |
| (ङ) पावर टिलर | रु. २,०००। |
| (च) मिनीट्रक, मिनीबस | रु. १२,०००। |
| (छ) मिनी टि्रपर | रु. १४,०००। |
| (ज) ट्रक, बस | रु. १६,०००। |
| (झ) तेल ट्यांकर, ग्याँस बुलेट, टि्रपर | रू. १२,०००। |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्धारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय सरकारले ठहर्‍याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| ९. | सार्वजनिक सँग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| १०. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| ११. | दश लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १२. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १३. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

## अनुसूची- ३

(दफा ४ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | शीर्षक | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
|---|---|---|---|---|
| १. | चलचित्र घर | प्रवेश शुल्कमा ✠५% | प्रवेश शुल्कमा ✠५% | प्रवेश शुल्कमा ५% |
| २. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला-महोत्सव | बीस हजार | दश हजार | पाँच हजार |
| ३. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्ट | तीन हजार | दुई हजार | एक हजार |

४. माथि सि.नं. २ मा जुनसुकै कुरा लेखिएको भए तापनि सात दिन भन्दा बढी समयसम्म व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला महोत्सवमा उल्लिखित करको दरमा शत प्रतिशत थप कर लाग्नेछ ।

५. माथि सि.नं. ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक दिन भन्दा बढी समयसम्म व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्टमा उल्लिखित करको दरमा शत प्रतिशत थप कर लाग्नेछ ।

---

✠ प्रदेश सरकारको मिति २०७५/०४/१० को निर्णयद्वारा हेरफेर ।

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

**कृषि आयमा कर**

प्राकृतिक व्यक्तिले प्रारम्भिक कृषि उपजको उत्पादनबाट प्राप्त आयमा देहाय बमोजिम कर लाग्नेछ:

१. वार्षिक दश लाख रुपैंयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको बिस लाख रुपैंयाँसम्मको आयमा एक प्रतिशतका दरले कर लाग्नेछ।

३. बिस लाखभन्दा माथि जतिसुकै आय भए पनि दुई प्रतिशतका दरले कर लाग्नेछ।

४. प्रदेशको कर संकलन गर्ने संरचना तयार नभएसम्म कृषि आयको कर संकलन गर्ने स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

५. वार्षिक दश लाख रुपैंयाँभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण स्थानीय तहले अर्को महिनाको ३० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दिनु पर्नेछ ।

६. स्थानीय तहले सङ्कलन गरेको करको दुई प्रतिशत कर सङकलन सेवा शुल्क वापत कट्टा गरी बाँकी रकम अर्को महिनाको ३० गतेभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

७. तोकिएको समयभन्दा ढिला विवरण पेश गरेमा लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ ।

तर कृषि आयमा लाग्ने कर सम्बत् २०७५ सालको साउन महिनादेखिको कृषि आयमा मात्र लाग्नेछ ।

# अनुसूची- ५

(दफा ७ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेशले आफै निर्माण गरेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछ:

| सि.नं. | शीर्षक | दर |
|---|---|---|
| १. | प्राचिन स्मारक र पुरातात्त्विक सम्पदा | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| २. | सँग्रहालय | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| ३. | पदमार्ग | प्रति पर्यटक सार्क मुलुकका पर्यटकका लागि यु.एस. डलर पाँच र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर दश |
| ४. | गुफा | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| ५. | पार्क, संरक्षण क्षेत्र, शिकार आरक्ष र पिकनिक स्पट | प्रति टिकट मूल्यको तीन प्रतिशत |
| ६. | प्याराग्लाण्डिङ, अल्ट्रालाइट, बञ्जीजम्पिङ् र जीपफ्लायर | वार्षिक एक लाख |
| ७. | रक क्लाइम्बिङ र क्यानोनिङ | वार्षिक बिस हजार |
| ८. | भ्यू टावर | प्रति टिकट मूल्यको तीन प्रतिशत |
| ९. | पर्यटक सेवा शुल्क | प्रदेश सरकारले पर्यटक सेवा सूचना केन्द्र स्थापना गरी उपलब्ध गराउने सेवामा विदेशी पर्यटकको हकमा प्रति पर्यटक एक हजार रुपैयाँ र स्वदेशी पर्यटकलाई दुई सय रुपैयाँका दरले सेवा शुल्क लाग्नेछ । |

अ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र सत्तरी वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई लाग्ने शुल्कमा पचास प्रतिशत छुट सहुलियत उपलब्ध हुनेछ ।

आ) माथि सि.नं. ६ र ७ मा उल्लिखित शुल्क आर्थिक वर्ष शुरु भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ । उक्त शुल्क तोकिएको समयमा दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले थप शुल्क लाग्नेछ ।

## अनुसूची- ६
(दफा ८ सँग सम्बन्धित)

दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा  र काठ दाउरामा) मा देहाय बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछः

| सि.नं. | शीर्षक | दर (प्रति क्युविक फिट) |
|---|---|---|
| १. | रोडा, गिट्टी, गेग्रान | चार रुपैयाँ |
| २. | ढुङ्गा, चट्टान, स्लेट | चार रुपैयाँ |
| ३. | चिप्स | तीन रुपैयाँ |
| ४. | माटो | दुई रुपैयाँ |
| ५. | बालुवा | तीन रुपैयाँ |
| ६. | चुनढुङ्गा | छ रुपैयाँ |
| ७. | नदी तथा खोलाले  बगाएर ल्याएको काठ दाउरा आदि | प्रति किलो दुई रुपैयाँ |

(अ) "ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर भन्नाले" भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्त्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा, रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रीएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

# विनियोजन ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०३/२७

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ २०७५/०६/०४

२०७५ सालको ऐन नं १२

## आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सम्बत् २०७५ साल साउन १ गते देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०७५/७६ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. २३,९७,८०,३४,०००(अक्षरुपी तेइस अर्ब सन्तानब्बे करोड असी लाख चौतीस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट नपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एक भन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(४) स्थानीय तहका लागि अनुदान संख्या ७०४८१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ७०४९०१ मा विनियोजन भएको रकम अनुदान संख्या ७०४२१ देखि ७०४३७ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका संरचनागत कार्यालय स्थापना नहुँदासम्मका खर्चहरू सम्बन्धित मन्त्रालयको खातामा एकमुष्ठरूपमा राखी कार्यालय स्थापना भएपछि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई सम्बन्धित कार्यालयलाई पठाउन बाधा पर्ने छैन ।

४. **अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) अनुदान संख्या ७०४८१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको साउन २५ गते, कार्तिक २५ गते, माघ २५ गते र बैशाख २५ गते गरी चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १५ गते, माघ १५ गते, बैशाख १५ गते र असार मसान्तभित्र बुझाईसक्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गरिने छैन ।

(५) सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने समानीकरण अनुदानबाट समायोजन गर्नेछ ।

५. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा

विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरूलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोष व्यवस्थापन (सबनेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेशन सुत्र) प्रणालीमा समावेश भएको कार्यक्रम, त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत भएको मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश सञ्चित कोष व्यवस्थापन (सवनेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेशन सुत्र) प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोष व्यवस्थापन (सबनेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेशन सुत्र) प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

तर राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

६. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

७. **आदेश जारी गर्न सक्ने:** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**📖 गण्डकी प्रदेश, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रू. हजारमा

| १ | | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०४ | २१ | प्रदेश सभा सचिवालय- प्रदेश सभाका सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | ३९१४ | ०० | ०० | ३९१४ |
| २ | ७०४ | २२ | प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा | ०० | ०० | ०० | ०० |
| ३ | ७०४ | ११ | आर्थिक मामिला तथा योजना मन्त्रालय- अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | ९०० | ०० | ०० | ९०० |
| ४ | ७०४ | १२ | आर्थिक मामिला तथा योजना मन्त्रालय- ऋण भुक्तानी | ४०५०० | ०० | ०० | ४०५०० |
| | | जम्मा | | ४५३१४ | ०० | ०० | ४५३१४ |

---

📖 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा संशोधित ।

# अनुसूची - २

(दफा २ र ३ सँग सम्बन्धित)

**📖 गण्डकी प्रदेश, प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम**

रू. हजारमा

| १ | | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०४ | २१ | प्रदेश सभा सचिवालय | १०३६६१ | ३८९०० | ० | १४२५६१ |
| २ | ७०४ | २२ | प्रदेश लोक सेवा आयोग | ० | ० | ० | ० |
| ३ | ७०४ | २३ | मुख्य न्यायाधिवक्ता | १२८९० | ९९४६ | ० | २२८३६ |
| ४ | ७०४ | ३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४९७६४ | ८३५५० | ० | २३३३१४ |
| ५ | ७०४ | ३३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५९२५० | १६९७५० | ० | ३२९००० |
| ६ | ७०४ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १०२५१४ | ४००८३ | ० | १४२५९७ |
| ७ | ७०४ | ३४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ८५३३८९ | १३४८१९७ | ० | २२०१५८६ |
| ८ | ७०४ | ३५ | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०५०३१५ | २४२२०३ | ० | २२९२५१८ |
| ९ | ७०४ | ३६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३८९१२२ | १०४९८०८८ | ० | १०८८७२१० |
| १० | ७०४ | ३७ | सामाजिक विकास मन्त्रालय | १७६३५७४ | १४१७९१६ | ० | ३१८१४९० |
| ११ | ७०४ | ९१ | आर्थिक मामिला तथा योजना मन्त्रालय- अर्थ विविध | १२८५७२२ | २०५९२०० | ० | ३३४४९२२ |
| १२ | ७०४ | ८१ | अन्तर सरकारी हस्तान्तरण | १२००००० | ० | ० | १२००००० |
| | | जम्मा | | ८०७०२०१ | १५९०७८३३ | ० | २३९७८०३४ |

📖 केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा संशोधित ।

# प्रदेश आकस्मिक कोष ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०३/२७

२०७५ सालको ऐन नं १३

## प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश आकस्मिक कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "**आकस्मिक कार्य**" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "**प्रदेश आकस्मिक कोष**" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ ।

(ग) "**मन्त्रालय**" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

**३. प्रदेश आकस्मिक कोषको स्थापना:** प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ ।

**४. प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको रकम:** प्रदेश सञ्चित कोषबाट आवश्यकता अनुसारको रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिने छ ।

**५. प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

**६. प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

**७. प्रदेश आकस्मिक कोषको सञ्चालन:** (१) प्रदेश आकस्मिक कोषको सञ्चालन आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुनेछ ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ ।

**८. आकस्मिक कोषबाट खर्चको निकासाको माग:** (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ :-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

९. **खर्चको रकम सोधभर्ना गर्नु पर्ने:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ ।

१०. **आकस्मिक कार्य पुरा भएको सूचना गर्ने:** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ ।

११. **खर्च नभएको रकम प्रदेश संचित कोषमा दाखिला गर्ने:** प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ ।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

# अनुसूची

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**आकस्मिक कोषको स्रेस्ता**

आकस्मिक कोषको रकम रु. ......................

अक्षरेपी ..............................

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र संख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिइएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पुरा भएको मिति | आकस्मिक काम पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोध भर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | आकस्मिक कार्यको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतको

दस्तखत...................

मितिः ....................

# स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०३/२७

२०७५ सालको ऐन नं १४

## स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार:** (१) यस ऐनको नाम "स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभरका स्थानीय तहको लागि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अध्यक्ष**" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "**कार्यपालिका**" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "**प्रमुख**" भन्नाले नगर कार्यपालिको प्रमुख सम्झनु पर्छ ।

(घ) "**बैठक**" भन्नाले गाउँ सभा वा नगर सभाको बैठक सम्झनु पर्छ ।

(ङ.) "**विधेयक**" भन्नाले सभामा पेश गरेको ऐनको मस्यौदा सम्झनु पर्छ ।

(च) "**सदस्य**" भन्नाले सभाका सदस्य सम्झनु पर्छ ।

(छ) "**सभा**" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँ सभा र नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ज) "**सभा प्रमुख**" भन्नाले गाउँसभा वा नगर सभाको प्रमुख सम्झनु पर्छ ।

(झ) "**स्थानीय कानून**" भन्नाले दफा ३ बमोजिम सभाले बनाएको ऐन तथा कार्यपालिकाले बनाएको नियम, कार्यविधि, निर्देशिका वा जारी गरेको आदेश सम्झनु पर्छ ।

(ञ) "**स्थानीय तह**" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ ।

(ट) "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **स्थानीय कानून बनाउने:** (१) नेपालको संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रको विषयमा सभाले आवश्यक ऐन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन वा आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कार्य विभाजन र कार्य सम्पादन सम्बन्धी नियमावली गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. स्थानीय कानून निर्माण गर्दा विचार गर्नु पर्ने:** (१) स्थानीय तहले स्थानीय कानून निर्माण गर्दा अन्य कुराको अतिरिक्त देहायका कुराहरुलाई विचार गरी निर्माण गर्नु पर्नेछ :-

(क) संविधान, संघीय कानून तथा प्रदेश कानून,

(ख) कानूनको स्वच्छता, न्यायपूर्ण तथा तर्कसँगतता,

(ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा भएको आदेश,

(घ) संघीय संसद वा प्रदेश सभाले त्यस्तै विषयमा गरेको आधारभूत कानूनको व्यवस्था,

(ङ) नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिवद्धता,

(च) सम्बन्धित स्थानीय तहले निर्माण गरेको अन्य स्थानीय कानूनसँगको अनुकूलता,

(छ) सिमाना जोडिएको अर्को स्थानीय तहको साझा चासो र हितको विषय,

(ज) संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वय,

(झ) कार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु ।

(२) सभाले संविधानको अनुसूची-९ र आर्थिक अधिकारसँग सम्बन्धित विषयमा स्थानीय कानून निर्माण गर्दा त्यस्तो विषयमा संघीय संसद वा प्रदेश सभाले बनाएको कानून र संघबाट जारी भएको नीति मापदण्ड अनुकूल हुने गरी निर्माण गर्नु पर्नेछ ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तह वा प्रदेशको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्ने वा कुनै किसिमको कर वा दस्तुर लगाउने वा त्यस्तो वस्तुको ढुवानी वा सेवा विस्तारमा भेदभाव गर्ने गरी स्थानीय कानून निर्माण गर्न हुँदैन ।

(४) सभाले संघीय तथा प्रदेश कानून र स्थानीय तहका कानूनसँग एक आपसमा बाझिने गरी कानून निर्माण गर्न हुँदैन ।

**५. आवश्यकताको पहिचान गर्ने:** (१) कार्यपालिकाले विधेयकको मस्यौदा तर्जुमा गर्न अघि त्यस्तो विषयको कानून बनाउन आवश्यक रहे नरहेको विषयमा आवश्यकताको पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि कार्यपालिकाले विधेयक तर्जुमा गर्दा देहायका विषयको विश्लेषण गरी अवधारणापत्र तयार गर्नु पर्नेछ:-

(क) कानून बनाउनु पर्ने आधार र कारण,

(ख) सम्बन्धित विषयमा संघीय वा प्रदेश कानून भए नभएको,

(ग) जिल्लाभित्रका र अन्य स्थानीय तहमा त्यस सम्बन्धी स्थानीय कानून निमार्ण भए नभएको,

(घ) कानून बनेपछि हासिल गर्न खोजिएको उपलब्धी,

(ङ) कानून कार्यान्वयनको लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत,

(च) विधेयकको मस्यौदामा रहने मुख्य मुख्य प्रावधान ।

(३) ऐनको संशोधनको लागि विधेयकको मस्यौदा तर्जुमा गर्दा संशोधन गर्नु परेको आधार र कारण सहितको तीन महले विवरण तयार गर्नु पर्नेछ ।

**६. समिति गठन गर्नसक्ने :** (१) विधेयकको मस्यौदा तर्जुमा गर्नको लागि कार्यपालिकाका अध्यक्ष वा प्रमुखले त्यस क्षेत्रमा ज्ञान भएका कार्यपालिकाका सदस्य तथा सभाका सदस्यमध्येबाट एक कानून तर्जुमा

समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा स्थानीय तहमा उपलब्ध भएसम्म कानूनको क्षेत्रमा ज्ञान भएका व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

**७. सुझाव संकलन गर्न सकिने:** (१) विधेयकको मस्यौदा तयार भएपछि त्यस्तो मस्यौदामा प्रत्येक वडाबाट वडाबासीको सुझाव संकलन गर्न सकिनेछ ।

तर स्थानीय तहले कर लगाउने विषय, स्थानीय सञ्चित कोष र स्थानीय राजस्व र व्ययको अनुमानसँग सम्बन्धित विषयमा सैद्धान्तिक रुपमा मात्र छलफल गराई सुझाब संकलन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको सुझाव सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले कार्यपालिकालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विधेयकको मस्यौदामा वडासमिति मार्फत प्राप्त हुन आएका सुझावहरुको अध्ययन गरी कार्यपालिकाले विधेयकको मस्यौदालाई आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।

**८. स्थानीय तहको कानूनमा रहने अंगहरु:** यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक स्थानीय तहले बनाउने कानूनमा रहने अंगहरु अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन् ।

**९. कार्यपालिकाबाट विधेयकको मस्यौदा स्वीकृति:** (१) कुनै विधेयकको मस्यौदा तयार भएपछि त्यस्तो मस्यौदालाई विधेयकको रुपमा सभामा पेश गर्ने स्वीकृतिको लागि अध्यक्ष वा प्रमुखले कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको विधेयकको मस्यौदा कार्यपालिकाबाट स्वीकृति भएपछि सभामा पेश गर्ने अध्यक्ष वा प्रमुखले कार्यपालिकाको कुनै सदस्यलाई तोक्नेछ र त्यस्तो सदस्यले दफा १० बमोजिमको विवरण संकलन गरी सभाको सचिवलाई सूचना दिनु पर्नेछ ।

**१०. विधेयकको मस्यौदा सभामा पेश गर्दा संलग्न गर्नु पर्ने विवरण:** सभामा पेश गर्ने विधेयकको मस्यौदाका साथमा देहायको विवरण संलग्न गर्नु पर्नेछ :-

(क) विधेयकको उद्धेश्य र कारण सहितको विवरण,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको खर्च व्यहोर्ने स्रोत खुलाईएको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी,

(ग) कुनै विधेयकमा कानून बनाउने अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाईने कानूनको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी, र

(घ) संशोधन विधेयकको हकमा संशोधन गर्नु परेको आधार र कारण सहितको तीन महले विवरण ।

**११. विधेयकको मस्यौदा पेश गर्ने दिन तोक्ने:** सभामा विधेयकको मस्यौदा पेश गर्न सभा प्रमुखले दफा ९ बमोजिमको सूचना प्राप्त भएको कम्तिमा दुई दिन पछिको दिन तोक्नेछ ।

**१२. विधेयकको प्रति वितरण:** विधेयक पेश हुने दिन भन्दा दुई दिन अगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउनु पर्नेछ ।

**१३. विरोधको सूचना:** कुनै सदस्यले विधेयक पेश गर्न अनुमति माग्ने प्रस्तावको विरोध गर्न चाहेमा निजले सभामा विधेयक पेश हुने दिन भन्दा एक दिन अगावै सभाको सचिवलाई सूचना दिनु पर्नेछ ।

**१४. विधेयक पेश गर्ने:** (१) दफा ११ बमोजिम विधेयक पेश गर्न तोकिएको दिनमा दफा १३ बमोजिम विरोधको सूचना प्राप्त भएको भए विरोधको सूचना दिने विरोधकर्ता सदस्य र विधेयक पेश गर्ने अनुमति माग्ने प्रस्तावक सदस्यलाई क्रमश: सभा प्रमुखले वक्तव्य दिन अनुमति दिनेछ । तत्पश्चात सो प्रश्न माथि छलफल हुन नदिई सभा प्रमुखले विधेयक बैठकको निर्णयार्थ प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैठकबाट विधेयक पेश गर्ने अनुमति प्राप्त भएमा दफा ९ को उपदफा (२) बमोजिम तोकिएको कार्यपालिकाको सदस्यले सभामा विधेयक पेश गर्नेछ र निज उपस्थित हुन नसकेमा अध्यक्ष वा प्रमुखले तोकेको कार्यपालिकाको अन्य सदस्यले सभामा विधेयक पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नुपरेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट पर्न सक्ने प्रभावको बारेमा संक्षिप्त जानकारी दिंदै विधेयकमा विचार गरियोस भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ ।

(४) विधेयक पेश गर्ने अनुमति माग्ने, त्यस्तो अनुमतिको विरोधको सूचना र त्यसको निर्णय सम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. विधेयकमा सामान्य छलफल गर्ने:** (१) दफा १४ को उपदफा (३) बमोजिमको प्रस्तावमाथि छलफल हुँदा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छलफल गर्दा विधेयकको मनसाय स्पष्ट गर्न आवश्यक देखिएमा बाहेक विधेयकका दफाहरु माथि छलफल गरिने छैन र विधेयकमा कुनै संशोधन पेश गर्न सकिने छैन ।

**१६. विधेयकमा संशोधनका लागि समय दिने:** (१) विधेयकमा दफा १५ बमोजिम सामान्य छलफल समाप्त भएपछि विधेयक उपर संशोधन पेश गर्न चाहने सदस्यलाई संशोधन पेश गर्न सामान्यतया छलफल समाप्त भएको अठचालीस घण्टा समय दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सदस्यले आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सभाको सचिवलाई दिनु पर्नेछ ।

(३) सभाको सचिवले प्राप्त संशोधनहरुको विवरण सदस्यहरुलाई उपलब्ध गराउनेछ ।

(४) विधेयक उपर संशोधन पेश गर्दा पालन गर्नु पर्ने शर्तहरु, संशोधन पेश गर्ने ढाँचा तथा संशोधनको क्रम तथा संशोधन फिर्ता लिने सम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१७. विधेयकमा दफाबार छलफल:** (१) विधेयकमा दफा १६ बमोजिम संशोधन पेश गर्ने अवधि समाप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकमा दफाबार छलफल सभामा गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विधेयक प्रस्तुतकर्ता सदस्यले कुनै विधेयकको विषयवस्तुको महत्वको कारणबाट छलफल गर्न आवश्यक रहेको विषयको विधेयकको हकमा दफाबार छलफलको लागि विधेयकलाई सभाको विधेयक समितिमा पठाइयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्नेछ ।

(३) विधेयकमा दफाबार छलफल सम्बन्धी अन्य व्यवस्था सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

**१८. विधेयक समितिमा छलफल:** (१) दफा १७ बमोजिम दफाबार छलफल गर्न विधेयक समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयकमा छलफल गर्दा विधेयकमा संशोधन पेश गर्ने सदस्यहरुलाई संशोधन पेश गर्नुपर्ने आधार र कारण समेत खुलाई आफनो संशोधनको विषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिईनेछ ।

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको विषयमा आफ्नो धारणा राखेपछि पेश भएका संशोधनका विषयमा समितिले दफाबार छलफल गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ता सदस्यको समेत राय लिई आवश्यक निर्णयमा पुग्नेछ ।

**१९. समितिको प्रतिवेदन सभामा पेश गर्ने:** समितिमा विधेयकमाथि छलफल समाप्त भएपछि समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरी समितिको प्रमुख वा निजको अनुपस्थितिमा निजले तोकेको समितिको अन्य कुनै सदस्यले प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्नेछ ।

**२०. विधेयक माथि सभामा छलफल:** (१) समितिको प्रतिवेदन प्रस्तुत भएपछि त्यस्तो प्रतिवेदन सदस्यहरुलाई वितरण गरिनेछ ।

(२) सभा प्रमुखले अन्य आदेश दिएमा बाहेक समितिको प्रतिवेदन वितरण भएको चौबीस घण्टापछिको सभा प्रमुखले तोकेको कुनै समयमा विधेयक प्रस्तुतकर्ता सदस्यले प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न सक्नेछ ।

**२१. विधेयक पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्ने :** (१) सभामा दफाबार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा दफाबार छलफल भएकोमा समितिको प्रतिवेदन उपर छलफल समाप्त भई संशोधनहरु लाई सभाको निर्णयार्थ क्रमश: पेश गरिसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयकमा पेश भएका संशोधनहरु लाई सभाको निर्णयार्थ पेश गर्ने सम्बन्धी अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव स्वीकृत भएमा विधेयक पारित भएको मानिनेछ ।

**२२. विधेयक फिर्ता लिन सक्ने:** (१) विधेयक प्रस्तुतकर्ता सदस्यले कार्यपालिकाको निर्णय बमोजिम सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक फिर्ता लिन सक्नेछ ।

(२) विधेयक फिर्ता लिने अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३. आनुसांगिक सुधार:** सभा प्रमुखले सभाबाट पारित भएको विधेयकमा दफाहरुको संख्याको क्रम मिलाउने तथा भाषागत शुद्धतामा सीमित रही आवश्यक आनुसांगिक सुधार गर्न सक्नेछ ।

**२४. विधेयक प्रमाणीकरणको लागि अद्यावधिक प्रति तयार गर्ने:** (१) दफा २१ बमोजिम सभाबाट पारित भएको विधेयकलाई सभाको सचिवले पारित भएका संशोधन तथा आनुषांगिक सुधार भए त्यस्तो सुधार गरी विधेयक पारित भएको मिति समेत उल्लेख गरी प्रमाणीकरणको लागि नेपाली कागजमा चारप्रति तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विधेयकमा वर्षगत नम्बर समेत उल्लेख गरी सभाको सचिवले प्रमाणीकरणको लागि सभा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

**२५. विधेयक प्रमाणीकरण र प्रकाशनः** (१) सभाबाट पारित भई दफा २४ को उपदफा (२) बमोजिम तयार गरिएको विधेयकको पहिलो र अन्तिम पृष्ठमा पूरा नाम, थर तथा पद समेत उल्लेख गरी अन्य प्रत्येक पृष्ठमा हस्ताक्षर गरी सभा प्रमुखले प्रमाणीकरण गर्नेछ । त्यसरी प्रमाणीकरण गर्दा मिति र विधयेकको पृष्ठ सख्या समेत खुलाउनु पर्नेछ ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि ऐन बन्नेछ ।

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएको जानकारी सभामा दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको बिधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक-एक प्रति सम्बन्धित कार्यपालिकाको कार्यालय, प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयक स्थानीय तहको राजपत्रमा प्रकाशन गर्नु पर्नेछ । त्यस्तो कानून कार्यपालिकाको वेवसाईटमा समेत राख्न सकिनेछ ।

(६) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएपछि त्यसका मुख्य व्यवस्थाको बारेमा स्थानीय सञ्चार माध्यम वा अन्य उपयुक्त तरिकाबाट प्रचार प्रसार गराउन सकिनेछ ।

**२६. विधेयक दर्ता अभिलेख राख्नेः** (१) सभाको सचिवले सभामा पेश गर्न प्राप्त भएका प्रत्येक विधेयक दर्ता गरी विधेयकमा भएको कारबाहीको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ ।

(२) देहायको अवस्थामा विधेयकलाई सभाको दर्ता लगतबाट हटाइनेछः-

(क) विधेयक सभाबाट अस्वीकृत भएमा,

(ख) विधेयक फिर्ता लिएमा, वा

(ग) सभाको कार्यकाल समाप्त भएमा ।

(३) उपदफा (२) बमोजिम दर्ता लगतबाट हटाइएको विधेयकको सम्बन्धमा सभामा कुनै प्रस्ताव पेश गर्न सकिने छैन ।

**२७. स्थानीय कानूनको एकीकृत र अद्यावधिक अभिलेखः** (१) सभाको सचिवले अनुसूची-२ बमोजिमको ढाँचामा सभाले बनाएको ऐनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) कार्यपालिकाले स्थानीय कानूनको वर्षगत र वर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ ।

(३) स्थानीय कानूनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाई कार्यपालिकाले अद्यावधिक पाठ तयार गरी राख्नु पर्नेछ । त्यसरी अद्यावधिक गरिएको स्थानीय कानून स्थानीय तहको वेबसाईटमा समेत राख्न सकिनेछ ।

**२८. कानुन निर्माण प्रक्रिया सम्बन्धी अन्य व्यवस्थाः** स्थानीय कानून निर्माण सम्बन्धी अन्य प्रक्रिया संविधान तथा यस ऐनको प्रतिकूल नहुने गरी सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची-१

(दफा ८ सँग सम्बन्धित)

**स्थानीय कानूनमा रहने अंगहरु**

(क) लामो शीर्षक

(ख) प्रस्तावना

(ग) विधि निर्माण सूत्र

(घ) संक्षिप्त नाम

(ङ.) विस्तार र प्रारम्भ

(च) परिभाषा

(छ) सारवान प्रावधानहरु

(ज) संस्थागतरप्रशासनिक स्वरुपहरु

(झ) दण्ड र सजाय

(ञ) विविध प्रावधानहरु

(ट) अनुसूचीहरु

## अनुसूची-२

(दफा २७ को उपदफा (१) सँग सम्बन्धित)

स्थानीय तहले बनाएका ऐनको अभिलेख राख्ने रजिष्टरको ढाँचा

.............स्थानीय तह

...............गाउँसभा/नगरसभा

| दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | सामान्य छलफल | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अभिलेख तयार गर्नेको:-

दस्तखत:

नाम, थर:

पद:

मिति:

अभिलेख जाँच गर्नेको:-

दस्तखत:

नाम, थर:

पद:

मिति:

# खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०३/२७

२०७५ सालको ऐन नं १५

## खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बाल, मातृ तथा अन्य व्यक्तिको मृत्यु दर घटाउन तथा खोप सेवाको विकास, विस्तार र सुदृढिकरण गरी गुणस्तरीय खोप सेवा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गण्डकी प्रदेशमा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अनुमतिपत्र**" भन्नाले दफा ११ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "**समिति**" भन्नाले दफा १५ बमोजिमको प्रदेश खोप समिति सम्झनु पर्छ ।

(ग) "**प्रदेश खोप प्राविधिक समिति**" भन्नाले दफा १८ बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "**कोष**" भन्नाले दफा २० बमोजिमको प्रदेश खोप कोष सम्झनु पर्छ ।

(ङ) "**खोप (भ्याक्सिन)**" भन्नाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्न दिइने खोप सम्झनु पर्छ ।

(च) "**खोप कार्ड**" भन्नाले दफा १२ बमोजिम प्रदान गरिएको खोप कार्ड सम्झनु पर्छ ।

(छ) "**खोप कार्यक्रम**" भन्नाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मुलन गर्नको लागि मन्त्रालयले नियमित वा अभियानको रुपमा सञ्चालन गर्ने प्रदेश खोप कार्यक्रम सम्झनु पर्छ र सो शब्दले खोपबाट बचाउन सकिने रोगको निगरानी गर्ने कार्य समेतलाई जनाउँछ ।

(ज) "**खोप दिने व्यक्ति**" भन्नाले खोप दिने स्वास्थ्यकर्मी वा चिकित्सक सम्झनु पर्छ र सो शब्दले खास प्रकारका खोप दिनको लागि मन्त्रालयले तोकेको अन्य व्यक्ति समेतलाई जनाउँछ ।

(झ) "**खोप सेवा**" भन्नाले यस ऐन बमोजिम प्रदान गर्ने खोप कार्य सम्झनु पर्छ र सो शब्दले खोप सेवा सञ्चालनको लागि खोप सामग्रीको व्यवस्थापन, आपूर्ति, भण्डारण वा वितरण गर्ने काम समेतलाई जनाउँछ ।

(ञ) "**चिकित्सक**" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएको व्यक्ति

सम्झनु पर्छ ।

(ट) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ड) **"स्वास्थ्यकर्मी"** भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद- २

## खोप सेवा सम्बन्धी व्यवस्था

३. **अनिवार्य रुपमा खोप लगाउनु पर्ने:** (१) मन्त्रालयले तोकिए बमोजिमका रोगको रोकथाम,नियन्त्रण, निवारण वा उन्मुलन गर्नको लागि कुनै खोप अनिवार्य रुपले लगाउन पर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको खोप लगाउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

४. **लक्षित वर्गका व्यक्तिलाई खोप पाउने अधिकार हुने:** (१) लक्षित वर्गका व्यक्तिलाई खोप कार्यक्रममा समावेश भएका खोप निशुल्क रुपमा लगाउन पाउने अधिकार हुनेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "लक्षित वर्ग" भन्नाले कुनै खास किसिमका रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नको लागि खोप दिनु पर्ने भनी खोप कार्यक्रममा किटान गरिएका वर्ग, समुदाय वा क्षेत्रका व्यक्ति सम्झनु पर्छ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको खोप कुनै खास मिति र समय तोकी कुनै अस्पताल, स्वास्थ्य संस्था, खोप केन्द्र, घुम्ती खोपक्लिनिक वा अन्य स्थानबाट लगाउने व्यवस्था गर्नेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम खोप दिने प्रयोजनका लागि सम्बन्धित स्थानीय तह, प्रहरी प्रशासन तथा स्वयंसेवकको सहयोग लिन सक्नेछ ।

५. **संरक्षक वा अभिभावकको दायित्व:** आफ्नो संरक्षकत्व, अभिभावकत्व वा अधिनमा रहेको शिशु, बालबालिका वा कुनै व्यक्तिलाई खोप कार्यक्रममा समावेश भएको खोप लगाउने व्यवस्था गर्नु त्यस्तो संरक्षक, अभिभावक वा व्यक्तिको दायित्व हुनेछ ।

६. **खोप दिन नहुने:** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई निजको स्वास्थ्यको कारण कुनै खोप दिन नहुने देखिएमा खोप दिने व्यक्तिले त्यस्तो खोप सो व्यक्तिलाई दिनु हुँदैन ।

७. **खोपका विषयमा जानकारी गराउनुपर्ने:** (१) खोप दिने व्यक्तिले खोप दिनु अघि खोप लिने व्यक्तिलाई मौखिक वा अन्य माध्यमबाट सो खोपको प्रकृति, फाइदा र सम्भावित असरका बारेमा जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खोप लिने व्यक्ति नाबालक, अशक्त वा मानसिक रुपमा ठीक नभएमा खोप दिने व्यक्तिले सो उपदफा बमोजिमको जानकारी निजको संरक्षक वा अभिभावकलाई गराउनु पर्नेछ ।

८. **खोप मापदण्ड बमोजिम हुनु पर्नेः** यस ऐन बमोजिम दिइने खोप तोकिएको मापदण्ड बमोजिमको हुनु पर्नेछ ।

९. **जिम्मेवारी हुनेः** ऐन बमोजिम खोप दिने कार्यमा संलग्न हुनु सम्बन्धित चिकित्सक तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

१०. **खोप कार्यक्रम सञ्चालनमा अवरोध गर्न नहुनेः** कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कार्यमा कुनै किसिमको बाधा अबरोध गर्न हुदैन ।

११. **अनुमतिपत्र लिनु पर्नेः** (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैर सरकारी, सामुदायिक अस्पताल वा स्वास्थ्य संस्थाले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खोप सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त अस्पताल वा स्वास्थ्य संस्थाले आफूले सञ्चालन गरेको खोप सेवाको प्रतिवेदन तोकिएको निकाय वा स्वास्थ्य संस्थामा नियमित रुपले पेश गर्नु पर्नेछ ।

१२. **खोप सेवाको अभिलेख राख्नु पर्नेः** (१) खोप दिने व्यक्तिले खोप लगाएका व्यक्तिको अभिलेख अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) खोप दिने व्यक्तिले खोप लगाएको प्रमाण स्वरुप खोप लगाउने व्यक्तिलाई तोकिएका ढाँचामा खोप कार्ड प्रदान गर्नु पर्नेछ ।

(३) खोप लिने व्यक्ति, निजको संरक्षक वा अभिभावकले खोप कार्ड सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद- ३
## खोपको आपूर्ति र भण्डारण सम्बन्धी व्यवस्था

१३. **दर्ता भएको खोप आपूर्ति गर्नु पर्नेः** (१) खोप आपूर्ति गर्ने संस्थाले औषधि व्यवस्था विभागमा दर्ता भएको खोप मात्र आपूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आपूर्ति गरिने खोप असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको र विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भई नसकेको खोप आपूर्ति गर्न सकिनेछः-

(क) असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको,

(ख) उत्पादन भएको मुलुक वा अन्य देशमा प्रयोग भइसकेको,

(ग) उत्पादन गर्ने देशको नियमनकारी निकायमा दर्ता भएको, र

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको व्यहोरा औषधी व्यवस्था विभागले प्रमाणित गरेको ।

१४. **खोपको ढुवानी, भण्डारण र वितरणः** खोपको ढुवानी, भण्डारण र वितरण, सो को लागि प्रयोग गरिने उपकरण तथा खोप प्रयोग गर्दाको अवधिसम्म कायम राख्नु पर्ने तापक्रम मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको हुनुपर्नेछ ।

## परिच्छेद-४
## समिति सम्बन्धी व्यवस्था

**१५. समितिः** (१) खोप कार्यक्रम सम्बन्धी नीति निर्माण गर्न मन्त्रालयलाई सुझाव दिने काम समेतको लागि एक प्रदेश खोप समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) सचिव, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) बालरोग विशेषज्ञ - सदस्य

(ङ) जनस्वास्थ्य विशेषज्ञ वा स्वास्थ्य अर्थशास्त्रीहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयबाट मनोनित दुईजना - सदस्य

(च) महाशाखा प्रमुख, स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय - सदस्य सचिव

(३) खण्ड (घ) र (ङ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि मन्त्रालयले निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) समितिको सचिवालयको काम मन्त्रालयको स्वास्थ्य महाशाखाले गर्नेछ ।

**१६. समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खोप कार्यक्रम सम्बन्धी नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) खोप कार्यक्रमको विकास, विस्तार र सञ्चालनका लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

(ग) खोप कार्यक्रमलाई दीगो र भरपर्दो बनाउन आवश्यक स्रोत जुटाउने

(घ) खोप कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(ङ) खोपको विकास तथा विस्तारको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(च) खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(छ) खोप सम्बन्धी विषयमा खोप प्राविधिक समितिले दिएको सुझाव कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

**१७.समितिको बैठक र निर्णयः** (१) समितिको बैठक बर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको

बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यक ठानेमा खोप कार्यक्रमसँग सम्बन्धित कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **प्रदेश खोप प्राविधिक समितिः** (१) खोप कार्यक्रमको विकास, विस्तार एवं सञ्चालन गर्न, प्राकृतिक प्रकोप वा महामारी भएका बखत तत्काल खोप कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा राय सल्लाह दिने तथा खोप लगाएपछि हुनसक्ने अनपेच्छित घटनाको तत्काल अनुसन्धान गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्न एक प्रदेश खोप प्राविधिक समिति रहनेछ ।

(२) प्रदेश खोप प्राविधिक समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | जनस्वास्थ्य विषेशज्ञ चिकित्सक वा वरिष्ठ बालरोग विषेशज्ञहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको व्यक्ति | - अध्यक्ष |
| (ख) | प्रमुख, स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| (ग) | नेपाल पिडियाट्रिक सोसाइटीले तोकेको प्रदेश स्थित प्रतिनिधि | - सदस्य |
| (घ) | ईपिडिमियलोजिष्ट, जनस्वास्थ्य विज्ञ, स्वास्थ्य अर्थशास्त्री वा वरिष्ठ बालरोग विषेशज्ञहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेका तीनजना | - सदस्य |
| (ङ) | बरिष्ठ प्याथोलोजिष्टहरु मध्येबाट एकजना | - सदस्य |
| (च) | प्रतिनिधि, औषधि व्यवस्था विभाग वा बरिष्ठ फार्मेशिष्टहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना | -सदस्य |
| (छ) | प्रमुख, जनस्वास्थ्य शाखा, सामाजिक विकास मन्त्रालय | - सदस्य सचिव |

(३) प्रदेश खोप प्राविधिक समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनित सदस्यले पदीय जिम्मेवारी पुरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई हटाउनु अघि मन्त्रालयले निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) प्रदेश खोप प्राविधिक समितिको सचिवालयको काम मन्त्रालयको स्वास्थ्य महाशाखाले गर्नेछ ।

१९. **सुझाव कार्यान्वयन गर्न निर्देशन दिन सक्नेः** प्रदेश खोप प्राविधिक समितिको सुझाव तुरुन्त कार्यान्वयन गर्नु पर्ने प्रकृतिको देखिएमा र समितिको बैठक तत्काल बस्न नसक्ने भएमा समितिको अध्यक्षले लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी त्यस्तो सुझाव कार्यान्वयन गर्न महाशाखालाई निर्देशन दिन सक्नेछ ।

## परिच्छेद- ५
## खोप कोष सम्बन्धी व्यवस्था

**२०. कोष:** (१) खोप कार्यक्रम सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गर्ने काम समेतको लागि खोप कोष नामको एक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारवाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति, वित्तीय, सहकारी वा अन्य संघ वा संस्थावाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, सरकार वा दातृ संस्था वा अन्तर्राष्ट्रिय संघ वा संस्थावाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतवाट प्राप्त रकम ।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिले कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त 'क' वर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

**२१. कोषको प्रयोग:** (१) समितिले कोषको रकम देहायको कार्यमा खर्च गर्न सक्नेछ :-

(क) खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ख) प्राकृतिक प्रकोप वा महामारीका कारण तत्काल खोप खरिद गर्न आवश्यक भएमा त्यस्तो खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ग) खोप कार्यक्रममा प्रयोग हुने खोप निजी क्षेत्रको साझेदारीमा मुलुकभित्र उत्पादन गर्न लागत प्रभावकारिताको दृष्टिले उपयुक्त हुने देखिएमा त्यस्तो खोप उत्पादन कार्यमा लगानी गर्न,

(२) समितिले कोषको रकम उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको कार्यमा खर्च गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**२२. कोषको रकम अन्य काममा खर्च गर्न नपाईने:** समितिले कोषको रकम दफा २१ को उपदफा (१) मा उल्लेख भएको कार्यमा बाहेक अन्य काममा खर्च गर्न पाइने छैन ।

**२३. रकम व्यवस्था गर्ने:** (१) खोप कार्यक्रमलाई दिगो रुपमा व्यवस्थापन गर्न आवश्यक पर्ने रकमको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(२) समितिले कोषको रकम दफा २१ को उपदफा (१) को खण्ड (ख) मा उल्लेखित काममा बाहेक अन्य कामका लागि खर्च गर्दा कम्तिमा पचास लाख रुपैयाँ कोषमा मौज्दात रहने गरी खर्च गर्नु पर्नेछ ।

(३) दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यको लागि खर्च भएको रकम प्रदेश सरकारले यथाशीघ्र कोषमा सोधभर्ना गर्नेछ ।

**२४.कोषको लेखा र लेखापरीक्षण:** (१) कोषको आय-व्ययको लेखा प्रदेश सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयवाट हुनेछ ।

(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद- ६
## क्षतिपूर्ति, सजाय र पुनरावेदन

**२५. सजायः** (१) कसैले अनुमतिपत्र नलिई खोप सेवा सञ्चालन गरेमा समितिले त्यस्तो खोप सेवा बन्द गरी त्यस्तो खोप सेवा सञ्चालन गर्नेलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(२) कसैले दफा १३ विपरीत खोप आपूर्ति गरेमा समितिले त्यस्तो खोप नष्ट गरी सो खोप आपूर्ति गर्नेलाई पच्चीस हजार रुपैयाँ देखि एकलाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(३) कसैले दफा १४ बमोजिम तोकिएको मापदण्ड विपरीत खोप वितरण गरेमा समितिले त्यस्तो खोप नष्ट गरी खोप वितरण गर्नेलाई पचास हजार रुपैयाँ जरिवाना गर्नेछ ।

(४) कसैले उपदफा (१), (२) वा (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा समितिले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सजाय हुने कार्य कुनै सरकारी वा सार्वजनिक संस्थाका कर्मचारीले गरेको भए समितिले त्यस्तो कर्मचारीलाई विभागीय कारवाही समेत गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**२६. उजूरी गर्न सक्नेः** (१) दफा २५ बमोजिम सजाय हुने कार्य कसैबाट भए गरेको थाहा पाउने व्यक्तिले त्यस्तो कार्य भए गरेको मितिले पैतीस दिनभित्र समिति समक्ष उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन विपरीत भए गरेका काम कारबाहीका सम्बन्धमा समितिमा उजूरी नपरेपनि त्यस्तो कार्य भए गरेको विषयमा समितिलाई कुनै स्रोतबाट जानकारी हुन आएमा समितिले सो विषयमा छानविन गरी दफा २५ बमोजिम सजाय गर्न सक्नेछ ।

**२७. उपचार तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) खोप लगाएकै कारणबाट खोप लिएको व्यक्तिको स्वास्थ्यमा गम्भीर असर परेको कुरा प्रदेश खोप प्राविधिक समितिले ठहर गरेमा सो खोप जुन निकाय वा संस्थाबाट दिइएको हो सो निकाय वा संस्थाले त्यस्तो व्यक्तिको उपचार गरी क्षतिपूर्ति समेत दिनु पर्नेछ ।

(२) कुनै खोप लगाएकै कारणबाट कुनै व्यक्तिको अङ्ग भङ्ग भई गम्भिर प्रकारको शारीरिक क्षति पुगेको वा निजको मृत्यु भएको प्रदेश खोप प्राविधिक समितिले ठहर गरेमा समितिले अङ्ग भङ्ग भएकोमा निज स्वयंलाई र मृत्यु भएकोमा निजको नजिकको हकवालालाई त्यस्तो खोप दिने निकाय वा संस्थाबाट क्षतिपूर्ति उपलब्ध गराई दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम क्षतिपूर्ति उपलव्ध गराउने आधार तोकिए बमोजिम हुनेछ ।

**२८. विशेषज्ञ समिति गठन गर्न सक्नेः** समितिले दफा २५ बमोजिम सजाय गर्न वा दफा २७ बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा राय सुझाव पेश गर्न समितिका सदस्यको संयोजकत्वमा एक विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

**२९. पुनरावेदनः** दफा २५ वा २७ बमोजिम समितिले गरेको निर्णय वा दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेश भएको मितिले पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**३०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:** यस ऐन बमोजिम सजाय हुने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानूनबमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद- ७

## विविध

**३१. प्रोत्साहन तथा पुरस्कार प्रदान गर्न सक्ने:** खोप सेवाको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई मन्त्रालयले प्रोत्साहन वा पुरस्कार प्रदान गर्न सक्नेछ ।

**३२. खोप कार्ड माग गर्न सक्ने:** (१) विद्यालयले बालबालिका भर्ना गर्दा निजको संरक्षक वा अभिभावकसँग बालबालिकालाई दिइएको खोप कार्ड माग गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खोप कार्ड पेश गर्न नसकेको कारणबाट मात्र कुनै पनि बालबालिकालाई विद्यालयमा भर्ना गर्नबाट बञ्चित गरिने छैन।

(३) विद्यालयले खोप कार्यक्रममा समावेश भएको खोप नलिएका बालबालिकाको अभिलेख राखी सोको प्रतिवेदन स्थानीय सरकारी स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ ।

**३३. चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने:** समितिले खोप लगाउदाको फाइदा र समयमा खोप नलगाएमा स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावका बारेमा नियमित रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**३४. संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने:** मन्त्रालयले खोप सेवा सञ्चालन गर्दा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ ।

**३५. बैठक भत्ता:** यस ऐन अन्तर्गत गठित विभिन्न समिति तथा उपसमितिका अध्यक्ष, सदस्य र आमन्त्रित सदस्यले बैठकमा भाग लिए वापत आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकिदिए बमोजिमको रकम बैठक भत्ता पाउने छन् ।

**३६. सहयोग गर्नु पर्ने:** खोप सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ ।

**३७. अधिकार प्रत्यायोजन:** (१) मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समिति वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३८. वार्षिक प्रतिवेदन पेश गर्ने:** (१) समितिले आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्नु पर्नेछ ।

**३९. निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**४०. निर्देशिका बनाउन सक्ने:** समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४१. नियम बनाउने अधिकार:** (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# प्रदेश दूग्ध विकास बोर्ड ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०४/३०

२०७५ सालको ऐन नं १६

## प्रदेश दूग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावना:** सार्वजनिक, निजी, सहकारी साझेदारीमा उन्नत जातका पशुपालनबाट दूध उत्पादन, प्रशोधन, बजारीकरण एवं रोजगारी सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक, निजी, सहकारी क्षेत्रका बीच समन्वय र सहजीकरणको लागि दूग्ध विकास बोर्डको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश दूग्ध विकास बोर्ड ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**बोर्ड**" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश दूग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(ख) "**समिति**" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "**अध्यक्ष**" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "**उपाध्यक्ष**" भन्नाले दफा १४ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "**कार्यकारी प्रमुख**" भन्नाले दफा १५ बमोजिमको कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(च) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(छ) "**मन्त्रालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन र यस अन्तर्गत बनेको नियम र विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. बोर्डको स्थापना:** (१) गण्डकी प्रदेशमा एक दूग्ध विकास बोर्डको स्थापना हुनेछ ।

(२) बोर्डको कार्यालय पोखरामा रहनेछ ।

**४. बोर्ड संगठित संस्था हुने:** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारवाहीका लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

**५. बोर्डको उद्देश्य:** बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) प्रदेशमा उन्नतस्तरका दूधालु पशुपालन गर्न उपर्युक्त नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष

सिफारिस गर्ने,

(ख) दूग्ध उद्योगको विकास गर्ने, गराउने,

(ग) दूध उत्पादन तथा प्रशोधन, आपूर्ति तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकायहरुवीच आवश्यक समन्वय गर्ने र

(घ) दूग्ध व्यवसाय सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पुऱ्याउने।

**६. बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दूग्ध क्षेत्रको व्यवसायिक मूल्य शृंखलाको पहिचान गरी त्यसको आधारमा पशुपालन व्यवसायलाई एकिकृत रुपमा अघि बढाई व्यवसायिक फार्म एवं दक्ष पशुपालकको संख्या बृद्धि गर्ने।

(ख) साना, मझौला तथा ठूला दूग्धजन्य उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षणका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्र बीच समन्वय गर्ने गराउने ।

(ग) सार्वजनिक, निजी तथा सहकारी दूग्ध उद्योगहरुलाई बोर्डमा सूचिकृत गर्ने।

(घ) दूग्ध पदार्थको उत्पादन बृद्धि र दूग्ध उद्योगका लागि आवश्यक स्वदेशी तथा विदेशी सहायता, अनुदान तथा ऋणको व्यवस्था तथा परिचालन गर्ने, गराउने।

(ङ) दूग्धजन्य पशुपालन र दूग्ध व्यवसायमा संलग्न उत्पादक तथा उपभोक्ताहरुको हितको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने।

(च) पशुपालन, दूग्ध व्यवसाय सम्बन्धी संचालित कार्यक्रमहरुको अनुगमन, नियमन, मूल्याङ्कन तथा समीक्षा गर्ने, गराउने।

(छ) कच्चा दूध प्रशोधन गरी बजारमा आपूर्ति भएका दूग्ध तथा दूग्धजन्य पदार्थहरुको गुणस्तर अनुगमन, नियन्त्रण, नियमन, मूल्याङ्कन गर्ने गराउने ।

(ज) दूध तथा दूग्ध पदार्थहरुको उपभोग गर्ने बानी बसाल्न अभिमुखीकरण कार्यक्रम संचालन गर्ने गराउने।

(झ) उन्नत जातका दुधालु पशु खरिद गर्ने कृषकहरुलाई सरल रुपमा सहुलियत ऋण उपलब्ध गराउन बैंकहरुलाई उत्प्रेरित गर्ने, गराउने।

(ञ) दूग्ध क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता सुनिश्चित गर्न पशु चिकित्साशास्त्र अध्ययन गर्नको लागि आवश्यकता अनुसार स्वदेश तथा विदेशमा छात्रबृत्तिको सिफारिस गर्ने ।

(ट) दूग्धजन्य उद्योगका लागि पालिएका पशुबाट प्राप्त हुने सह-उत्पादन सम्बन्धी उद्योगको विकास र विस्तार गर्न समन्वय गर्ने।

(ठ) दूध तथा दूग्धजन्य पदार्थको मूल्य निर्धारण सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

(ड) दूग्धजन्य उद्योगका लागि पालिएका पशुहरूको व्यवस्थापन सम्बन्धमा आवश्यक कार्यविधि बनाई लागू गर्ने ।

**७. कार्यकारी समितिको गठनः** (१) बोर्डको कार्य संचालनको निमित्त देहाय बमोजिमको एउटा कार्यकारी समिति रहनेछ :-

(क) माननीय मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष

(ख) बोर्डको उपाध्यक्ष - उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय - सदस्य

| | | |
|---|---|---|
| (घ) | प्रदेश संयोजक वा प्रतिनिधि, उद्योग बाणिज्य महासंघका | - सदस्य |
| (ङ) | प्रतिनिधि (उपसचिवस्तर), आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (च) | प्रतिनिधि (उपसचिवस्तर), आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (छ) | प्रतिनिधि (उपसचिवस्तर), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (ज) | प्रदेश संयोजक वा प्रतिनिधि, दूग्ध सहकारी संघ | - सदस्य |
| (झ) | प्रदेश संयोजक वा प्रतिनिधि, डेरी फार्म र संघ | - सदस्य |
| (ञ) | प्रदेश संयोजक वा प्रतिनिधि, नेपाल डेरी एसोसिएसन | - सदस्य |
| (ट) | सार्वजनिक-निजी साझेदारीमा संचालित दूध उत्पादक फर्मका संचालक मध्येबाट मन्त्रालयले तोकेको एकजना | - सदस्य |
| (ठ) | पेशागत वा विषय विशेषज्ञबाट मन्त्रालयले तोकेको एकजना | - सदस्य |
| (ड) | कार्यकारी प्रमुख, बोर्ड | - सदस्य सचिव |

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुन: नियुक्ति हुन सक्नेछन् ।

**८. समितिको बैठक:** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. समितिको काम, कर्तव्य र अधिकार:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम  र विनियमको अधीनमा रही बोर्डले गर्नुपर्ने सम्पूर्ण काम कारवाही गर्नु, अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१०. उपसमिति गठन गर्न सक्ने:** (१) समितिले आफ्नो कार्यसञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**११. बोर्डको कोष:** (१) बोर्डको एउटा छुट्टै कोष हुनेछ ।

(२) बोर्डको कोषमा देहायका रकमहरु रहने छन् :

(क) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,

(ग) दूग्ध उद्योग सम्बन्धी अनुसन्धान कार्य वा परामर्श सेवा उपलव्ध गरे गराए वापत प्राप्त हुने रकम र

(घ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट अनुदान वा ऋण लिदा प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डलाई प्राप्त हुने सबै रकम प्रदेशभित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) बोर्डद्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(६) बोर्डले आफ्नो कोषबाट दूग्ध उद्योग, दूग्धजन्य पशुपालन फार्म, सहकारी फार्म र सार्वजनिक, निजी, साझेदारी फार्म, दूग्ध उद्योगलाई सुलभ ऋण र अनुदान दिन सक्नेछ ।

(७) दूग्ध विकास कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

**१२. लेखा र लेखापरीक्षणः** (१) बोर्डको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अनुमति प्राप्त रजिष्टर्ड अडिटरबाट हुनेछ ।

**१३. अधिकार प्रत्यायोजनः** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार बोर्डको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. उपाध्यक्षः** (१) बोर्डको काममा आवश्यक समन्वय गर्न बोर्डमा एक जना उपाध्यक्ष रहनेछ ।

(२) प्रदेश सरकारले सम्बन्धित मन्त्रालयको सिफारिसमा उपाध्यक्ष नियुक्त गर्न सक्नेछ ।

(३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) कृषि क्षेत्रमा कम्तिमा दश बर्ष काम गरेको वा नीति निर्माणमा कम्तीमा चार बर्षको अनुभव भएको व्यक्ति उपाध्यक्ष हुन सक्नेछ ।

(५) उपाध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा प्रदेश सरकारका सहायक मन्त्री सरह हुनेछ ।

**१५. कार्यकारी प्रमुख** १) बोर्डको दैनिक प्रशासन सञ्चालन र बोर्डको कार्य सम्पादन गर्न बोर्डमा एक कार्यकारी प्रमुख रहनेछ ।

(२) कार्यकारी प्रमुख बोर्डमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी प्रमुख पदमा नियुक्त हुन सक्नेछः-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान, अर्थशास्त्र, व्यवस्थापन, इञ्जिनियरिङ्ग वा परियोजना विश्लेषण, वाणिज्य-कानुन विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा भई पचपन्न बर्ष उमेर ननाघेको ।

(४) कार्यकारी प्रमुखको नियुक्तिका लागि प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य रहेको एक छनौट समितिको गठन गर्नेछ र त्यस्तो समितिले प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी कार्यकारी प्रमुखको नियुक्तिका लागि तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्ये एक जनालाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले कार्यकारी प्रमुख पदमा नियुक्त गर्नेछ ।

(६) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ ।

(७) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट बोर्ड समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको कार्यसम्पादनको स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(८) उपदफा (७) को खण्ड (ग) बमोजिम प्रदेश सरकारले कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउनु अघि सफाइको उचित मौका दिनु पर्नेछ ।

**१६. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डको बैठकमा पेश गरिने प्रस्तावहरूको सूची तयार गर्ने,

(ख) बोर्डमा प्राप्त भएका प्रस्तावहरूको सूची तयार गरी मूल्याङ्कन सहित बोर्ड समक्ष पेश गर्ने,

(ग) बोर्डबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) बोर्ड तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरूको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने,

(२) कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१७. बोर्डको कर्मचारी:-** (१) बोर्डको कार्य सञ्चालनको निमित्त बोर्डले आवश्यक कर्मचारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

**१८. प्रतिवेदन पेश गर्नु पर्ने:** बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१९. **निर्देशन दिन सक्ने:** प्रदेश सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

२०. **प्रदेश सरकारसँग सम्पर्क:** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२१. **बोर्डको विघटन:** (१) कुनै मनासिव माफिकको कारणबाट बोर्डलाई खारेज गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको सबै सम्पत्ति, हक र दायित्व प्रदेश सरकारमा सर्नेछ ।

२२. **विनियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले प्रदेश सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०५/०७

२०७५ सालको ऐन नं १७

## मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गण्डकी प्रदेशमा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अदालत**" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शव्दले कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "**महान्यायाधिवक्ता**" भन्नाले संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त नेपालको महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(ग) "**मुख्य न्यायाधिवक्ता**" भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(घ) "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

**३. मुख्य न्यायाधिवक्ताको कार्यालय तथा कर्मचारी:** (१) प्रदेशको राजधानी रहेको स्थानमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुनेछ ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका कर्मचारीहरु रहनेछन ।

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको वरिष्ठतम् अधिकृतले मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही सो कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

**४. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार:** (१) संविधानको धारा १६० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने,

(ख) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,

(ग) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने,

(घ) प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्नु परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने,

(च) प्रदेश भित्र रहेका हिरासत थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए, नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम गरिएको अनुगमनको प्रतिवेदन तयार गरी त्यसको एकप्रति प्रतिवेदन मुख्यमन्त्री र महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा आफ्नो कार्यालयको कुनै अधिकृतलाई खटाउन सक्नेछ ।

(४) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(५) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(६) मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(७) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा प्रदेश सभाको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा समितिको बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्न सक्नेछ ।

(८) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित सरोकारको विषयमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा आवश्यकता अनुसार कुनै कानून व्यवसायी वा सरकारी वकिललाई तोक्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीले प्रदेश सरकारको तर्फबाट कुनै मुद्दामा बहस, पैरवी वा प्रतिरक्षा गर्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको पारिश्रमिक पाउनेछ ।

५. **सहयोग र समन्वय गर्नु पर्नेः** (१) प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा पर्ने वा मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा मुख्य न्यायाधिवक्ताले सहायता माग गरेमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाईल वा कागजात मुख्य न्यायाधिवक्ताको कार्यालयबाट माग भएमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयका कार्यालय प्रमुखले यथाशीघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ ।

(३) मुख्य न्यायाधिवक्ताले आफ्नो प्रदेश भित्र नेपाल सरकार वादी वा प्रतिवादी भई कुनै अड्डा, अदालत वा अन्य कुनै मुद्दा हेर्ने निकायमा चलेको मुद्दाको सम्बन्धमा आवश्यक जानकारी उच्च एवं जिल्ला सरकारी वकील कार्यालयसँग लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी माग भई आएमा सम्बन्धित वकिल कार्यालयले त्यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ ।

६. **प्रतिरक्षाको लागि अनुरोध गर्नु पर्नेः** (१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयकोतर्फबाट कुनै मुद्दामा अदालतमा बहस, पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट अदालतमा पेश गरेका निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन तथा सम्बन्धित आवश्यक कागजात संलग्न गरी पठाउनु पर्नेछ ।

(३) प्रदेश सरकार र अन्तर्गत निकायहरुले अदालत वा न्यायिक निकायहरुमा निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन आदि पेश गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत पेश गर्नु पर्नेछ ।

७. **कानूनी राय माग्दा पुऱ्याउनु पर्ने रीतः** (१) प्रदेश सरकारको कुनै कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्दा देहायको रीत पूरा गरेको हुनु पर्नेछ :-

(क) राय माग गरिएको विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको,

(ख) राय माग गरिएको विषयसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको,

(ग) राय मागिएको विषयमा स्पष्टतः संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको,

(घ) राय मागिएको विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको,

(ङ) राय माग गरिएको विषयमा राय माग गर्ने कार्यालय वा अधिकारीको आफ्नो राय वा दृष्टिकोण उल्लेख भएको ।

(२) उपदफा (१) बमोजिम राय माग गरिएको र राय दिइएको विषय गोप्य रहनेछ ।

**८. मुद्दाको बहसमा तजबिज:** (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही मुख्य न्यायाधिवक्ताको कार्यालयको अधिकृतले व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार मुद्दामा बहस पैरवी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको आधारमा मात्र बहस गर्ने अधिकृत उपर कुनै कारबाही गरिने वा मुद्दा चलाइने छैन ।

**९. कारबाही गर्न सक्ने:** (१) प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा प्रदेश सरकारको कुनै अधिकारीले लापरवाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायको प्रमुखले प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्नेछ ।

**१०. निर्देशन पालना गर्नु पर्ने:** संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा महान्यायाधिवक्ताले दिएको निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

**११. वार्षिक प्रतिवेदन:** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यालयले गरेका काम कारबाहीको प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो कार्यालयको भौतिक स्थिति, कार्यबोझ, विनियोजित रकम र उपलब्धि काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा राय सुझाव समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलव्ध गराउनु पर्नेछ ।

**१२. पारिश्रमिक र अन्य सुविधा:** मुख्य न्यायाधिवक्तालाई उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको पारिश्रमिक, आवास सुविधा, बिजुली, धारा र टेलिफोन सुविधा, सवारी, इन्धन र सवारी मर्मत सुविधा, दैनिक तथा भ्रमण भत्ता र उपचार खर्च प्रदेश सरकारबाट उपलव्ध गराईनेछ ।

**१३. विदा:** (१) मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको भैपरी आउने विदा, पर्व विदा, घर विदा, विरामी विदा, किरिया विदा, प्रसूति विदा र प्रसूति स्याहार विदा पाउनेछ ।

(२) मुख्य न्यायाधिवक्ताको विदा मुख्य मन्त्रीबाट स्वीकृत हुनेछ ।

(३) भैपरी विदा र पर्व विदा मुख्य न्यायाधिवक्ताले आफैले स्वीकृत गरी लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मुख्य न्यायाधिवक्ताले विदामा बसेको जानकारी मुख्य मन्त्रीकोकार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिनभन्दा लामो विदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ ।

**१४. शपथ :** मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूचीमा तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

**१५. अधिकार प्रत्यायोजन:** (१) मुख्य न्यायाधिवक्ताले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार आफ्नो कार्यालयका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका अधिकृतले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

**१६. नियम बनाउने अधिकार:** (१) प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्तासँग परामर्श गरी आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) प्रदेश सरकारले यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यक मापदण्ड र निर्देशिका बनाउन सक्नेछ ।

**१७. आचार संहिता बनाउने अधिकार:** प्रदेश सरकारले मुख्य न्यायाधिवक्ता, निजको कार्यालयका अधिकृत तथा यस ऐनको दफा ४ को उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीले पालना गर्नु पर्ने विषयहरुमा आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची

(दफा १४ सँग सम्बन्धित)

**शपथ**

म ................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै .................प्रदेशको मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

....................

दस्तखत

मिति:

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०६/०८

२०७५ सालको ऐन नं. १९

## प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न तथा नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न कानूनी व्यवस्था आवश्यक भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. **नियम, कार्यविधि बनाउने प्रदेश सरकारको अधिकार:** (१) गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न एवं सबै प्रशासकीय विषय तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियम, कार्यविधि कानून सरह लागू हुनेछन् ।

३. **बचाउ:** यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारले जारी गरेका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।

# सहकारी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/१०/२७

२०७५ सालको ऐन नं. २०

## सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सर्वसाधारण वा समुदायमा छरिएर रहेको पूँजी, प्रविधि, ज्ञान, सीप, श्रम तथा प्रतिभालाई स्वावलम्बन तथा पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन एवं समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनका रूपमा सहकारी संघ, संस्थाको दर्ता, सञ्चालन, नियमन तथा प्रवर्द्धधन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सहकारी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी संस्थाले दफा २५ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ ।

(ख) **"कसूर"** भन्नाले दफा ८४ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ग) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) **"दर्ता अधिकारी"** भन्नाले दफा ७४ बमोजिमको दर्ता अधिकारी सम्झनु पर्छ ।

(ङ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) **"प्राथमिक पूँजी कोष"** भन्नाले शेयर पूँजी र जगेडा कोष भन्ने सम्झनु पर्छ ।

(छ) **"बचत"** भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(झ) **“मुख्य कारोबार”** भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

(ञ) **“लेखा सुपरिवेक्षण समिति”** भन्नाले दफा ४५ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ ।

(ट) **“विनियम”** भन्नाले सम्बन्धित सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको विनियम सम्झनु पर्छ ।

(ठ) **“शेयर”** भन्नाले सहकारी संस्थाको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

(ड) **“स्थानीय तह”** भन्नाले गाँउपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ ।

(ढ) **“सन्दर्भ ब्याज दर”** भन्नाले दफा ४८ बमोजिम निर्धारण गरिएको ब्याज दर सम्झनु पर्छ ।

(ण) **“सञ्चालक”** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको पदाधिकारीलाई समेत जनाउँछ ।

(त) **“सदस्य”** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(थ) **“समिति”** भन्नाले दफा ३८ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ ।

(द) **“सहकारी संस्था”** भन्नाले संस्था, संघ र प्रदेश सहकारी बैंकलाई सम्झनु पर्छ ।

(ध) **“संस्था”** भन्नाले दफा ३ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ ।

(न) **“संघ”** भन्नाले दफा १३ बमोजिम दर्ता भएका जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ र प्रदेश सहकारी संघलाई सम्झनु पर्छ ।

(प) **“सहकारी बैंक”** भन्नाले दफा १० बमोजिम दर्ता भएको प्रदेश सहकारी बैंकलाई सम्झनु पर्छ।

(फ) **“सहकारी मूल्य”** भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, ईमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह गर्ने लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ ।

(ब) **“सहकारी मान्यता”** भन्नाले सामाजिक उत्तरदायित्व वहन गर्ने, गैर सदस्यसँग कारोवर नगर्ने, सकारात्मक कार्य गर्ने लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मान्यता सम्झनु पर्छ ।

(भ) **“सहकारी सिद्धान्त”** भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्धारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदायसँगको सरोकार लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्छ ।

(म) **“संस्थाको व्यवसाय”** भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनु पर्छ ।

(य) **“साधारण सभा”** भन्नाले सहकारी संस्था, संघ र प्रदेश सहकारी बैंकको साधारण सभा सम्झनु पर्छ ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठनः** (१) कम्तीमा उनन्तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला, अपाङ्गता भएका व्यक्ति लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय एक जना नेपाली नागरिकहरूको सहभागिता हुनुपर्नेछ ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१), (२) वा (३) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ ।

तर दफा १३ बमोजिम संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्व विद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सय एक जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त, बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एक सय एक जनाभन्दा कम संख्या रहेको एउटै कार्यालय, विश्वविद्यालय, विद्यालय वा संगठित संस्थामा कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

**४. जिल्ला विषयगत सहकारी संघको गठन :** सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १३ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा एघारवटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर नेपाल सरकारले “क” वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छवटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

**५. जिल्ला सहकारी संघको गठन :** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँच वटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर,

(१) नेपाल सरकारले “क” वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा सातवटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) यसरी संघ गठन गर्दा दर्ता भएका जिल्लाभरिका पचास प्रतिशतभन्दा बढी विषयगत सहकारी संघहरू समावेश गरिएको हुनु पर्नेछ ।

**६. प्रदेश विषयगत सहकारी संघ गठन:** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका पच्चीसवटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेशभरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनुपर्नेछ ।

**७. प्रदेश सहकारी संघ गठन:** सहकारी व्यवसायको विकास, प्रबर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका एकतीसवटा संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू वा जिल्ला सहकारी संघहरू वा प्रदेश विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर यसरी संघ गठन गर्दा प्रदेशमा दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशतभन्दा बढी संघहरू समावेश गरिएको हुनुपर्नेछ ।

**८. विशिष्टीकृत सहकारी संघ गठन:** (१) दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पच्चीसवटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल वा जैविक मल कारखाना, फोहोरमैला व्यवस्थापन, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला, अत्याधुनिक पशुबधशाला, दुग्ध प्रशोधन केन्द्र जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टीकृत संघ गठन गर्न सक्नेछन् । यो पूर्णरूपले व्यवसायिक संस्था हुनेछ र यसलाई कुनै संघ, महासंघमा चुन्ने र चुनिने अधिकार रहने छैन ।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत सहकारी संघको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**९. संघ गठन गर्न नसकिने:** दफा ४,५,६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ, प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिने छैन ।

**१०. प्रदेश सहकारी बैंक गठन र सञ्चालन सम्बन्धी व्यवस्था:** (१) गण्डकी प्रदेशमा एक प्रदेश सहकारी बैंक गठन गर्न सकिनेछ ।

(२) प्रदेश सहकारी बैंकको गठन, सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने:** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन ।

**१२. दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) यस ऐन बमोजिम गठन भएका देहाय बमोजिमका सहकारी संस्थाले दर्ताका लागि अनुसूची (१ बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष दरखास्त दिनुपर्नेछः-

(क) जिल्ला विषयगत सहकारी संघ,

(ख) जिल्ला सहकारी संघ,

(ग) प्रदेश विषयगत सहकारी संघ,

(घ) प्रदेश सहकारी संघ,

(ङ) प्रदेश सहकारी बैंक,

(च) एक स्थानीय तहभन्दा बढी तर प्रदेश भित्र कार्यक्षेत्र हुने विशिष्टिकृत सहकारी संघ,

(छ) एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(ज) एकभन्दा बढी जिल्ला तर प्रदेशभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरू ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रदेश सहकारी बैंक दर्ताका लागि दरखास्तका साथमा उपदफा (२) मा उल्लेखित कागजातहरुका अतिरिक्त नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति पत्र समेत संलग्न गर्नु पर्नेछ ।

**१३. दर्ता गर्नु पर्नेः**(१) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूचीः२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(घ) तोकिए बमोजिमका अन्य आधारहरु पूरा भएको ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरा संशोधन गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह तर प्रदेशभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्ता सहकारी संस्थाले यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण सहित अनुसूची -१ को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन पेश गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने गरी अन्य कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(६) सहकारी संस्थाले प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ तथा प्रदेश सहकारी बैंक वा साना किसान बैंकको सदस्यता लिन सक्नेछ ।

**१४. दर्ता गर्न अस्वीकार गर्न सक्ने:** (१) दफा १२ को उपदफा (२) र दफा १३ को उपदफा (१) बमोजिमका अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

**१५. सहकारी संस्था सङ्गठित संस्था हुने:** (१) सहकारी संस्था अविच्छिन्न, उत्तराधिकारवाला, एक, स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त,  उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**१६. सहकारी संस्थाको कार्यक्षेत्र:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ ।

तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक बर्षभित्र देहायका विवरण खोली दर्ता अधिकारीसमक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछ:-

(क) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता बिस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यवसायिक सेवा सञ्चालनको अवस्था, र

(ग) तोकिए बमोजिमका अन्य विवरण ।

(२) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन र तोकिए बमोजिम कार्यक्षेत्र बिस्तार गर्न निवेदन दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यवसायिक क्षेत्र एवं सदस्यहरूको सहभागिता बिस्तारका कारण प्रारम्भ मै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्य क्षेत्र दर्ता गर्दाका बखत नै प्रचलित कानून बमोजिम तोकिएको आधारमा कायम गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुन:निर्धारण गर्न निर्देशन दिन सक्नेछ:-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लिखित सदस्यता विस्तार नभएको वा तोकिएको संख्याभन्दा कम सदस्यता बिस्तार भएको वा भौगोलिक निरन्तरता नभएको, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "भौगोलिक निरन्तरता" भन्नाले एक प्रशासकीय एकाइसँग अर्को प्रशासकीय एकाइको सीमा जोडिएको अवस्थिति सम्झनु पर्छ।

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यवसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यवसायिक एवं प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

(५) उपदफा (४) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुन:निर्धारण गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुन:निर्धारण नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुन:निर्धारण गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता अधिकारीले कार्यक्षेत्र पुन:निर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुन:निर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरी सक्नुपर्नेछ । मन्त्रालयले पुनरावलोकन गरी गरेको निर्णय अन्तिम हुनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुन:निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(१०) संघ र प्रदेश सहकारी बैंकको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

(क) जिल्ला विषयगत सहकारी संघ र जिल्ला सहकारी संघको हकमा एक जिल्ला,

(ख) प्रदेश विषयगत सहकारी संघ र प्रदेश सहकारी संघको हकमा गण्डकी प्रदेश,

(ग) प्रदेश सहकारी बैंकको हकमा गण्डकी प्रदेश ।

(११) कार्यक्षेत्र विस्तार तथा कार्यक्षेत्र पुन:निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. जानकारी दिनु पर्ने :** एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र राखी दर्ता भएका वा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले स्थानीय तहमा सेवा सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहलाई सञ्चालित सेवाको विवरण जानकारी दिनुपर्नेछ ।

**१८. विषयगत आधारमा वर्गीकरण:** (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ :-

(क) उत्पादक सहकारी संस्था: कृषि (अन्न बाली, तेलहन बाली, मसला बाली, दुग्ध र दुग्ध पदार्थजन्य, चिया, कफी, उखु, फलफूल, तरकारी, पशुरपन्छीपालन, माछा, दूध, मौरीपालन आदि) जडिवुटी उद्योग, खानी, उर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था ।

(ख) सेवा सहकारी संस्था: यातायात, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, होटल, रेष्टुराँ, ट्राभल, साहसिक खेल, मनोरञ्जन, पार्क तथा उद्यान, सभास्थल, व्यायमशाला, सिँचाइ, विद्युत वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन लगायतका कार्य गर्ने संस्था ।

(ग) वित्तीय सहकारी संस्था : सहकारी बैंक, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बिमा कारोबार गर्ने संस्था ।

(घ) उपभोक्ता सहकारी संस्था : थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, खरिद, बिक्री, कवाडी सामग्री सङ्कलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था ।

(ङ) बहुउद्देश्यीय सहकारी संस्थाः दुई वा दुई भन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था।

(२) उपदफा (१) मा उल्लिखित सहकारी संस्थाहरूको अतिरिक्त अन्य संस्थाहरू गठन गर्न बाधा पर्ने छैन ।

**१९. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने:** (१) दफा १३ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि सहकारी संस्थाले दफा २२ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सहकारी संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी सहकारी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन

गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन् ।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनु पर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(७) सहकारी संस्थाले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाण-पत्र जारी गर्ने प्रक्रिया र आधार संघीय कानून बमोजिम हुनेछ ।

२०. **दायित्व सीमित हुने:** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” भन्ने शब्द राख्नु पर्नेछ ।

२१. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने :** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-३
## संस्था वा संघको उद्देश्य तथा कार्य

२२. **संस्था वा संघको उद्देश्य :** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई लोकतान्त्रिक नियन्त्रणका आधारमा आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ ।

२३. **संस्था वा संघको कार्य:** संस्था वा संघका कार्यहरू देहाय बमोजिम हुनेछन् :-

(क) सहकारीका मूल्य,मान्यता र सिद्धान्तहरूको पालना गर्ने, गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने,गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने ,गराउने,

(घ) सहकारी संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,गराउने,

(च) संस्था वा संघको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने, गराउने,

(छ) मन्त्रालय तथा दर्ता अधिकारीको निर्देशन पालना गर्ने, गराउने,

(ज) सदस्य, संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने, गराउने,

(झ) संस्था वा संघ बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ञ) सहकारी संस्था वा संघको लगानीलाई कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा

परिचालन गर्ने, गराउने,

(ट) एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ठ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४
## विनियम तथा आन्तरिक कार्यविधि

**२४. विनियम बनाउनु पर्ने:** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सहकारी बैंकको विनियम स्वीकृत गर्नु अघि दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकको परामर्श लिनुपर्नेछ ।

**२५. आन्तरिक कार्यविधि बनाउन सक्ने :** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२६. विनियम र आन्तरिक कार्यविधिमा संशोधन:** (१) सहकारी संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद-५
## सदस्यता

**२७. संस्थाको सदस्यता:** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन् :

(क) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तह, संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर दर्ता अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई दिनुपर्नेछ ।

**२९. सदस्य हुन नपाउने :** (१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २७ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमा संघीय कानून बमोजिम हुनेछ ।

**३०. सदस्य हुन सक्ने :** (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन ।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी संघमा जिल्लाभित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन ।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी संघमा प्रदेश भित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन् ।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी संघमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन् ।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**३१. सदस्यताको समाप्ति :** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारण सभामा बीना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २७ बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

**३२. सुविधा प्राप्त गर्न नसक्ने :** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद -६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**३३. साधारण सभा:** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा रहनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

**३४. सहकारी संस्थाको प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार :** सहकारी संस्थाको प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारवाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**३५. सहकारी संस्थाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार:** सहकारी संस्थाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**३६. साधारण सभाको बैठकः** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने भएमा,

(ख) दफा ४६ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिले सिफारिस गरेमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(ङ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(च) दफा ३७ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएमा,

(छ) दफा ३९ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

(५) सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाइ साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा वडामा सञ्चालक सदस्यहरूलाई पठाइ साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न सोही सभाबाट प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन वा गठन दफा ३९ र दफा ४५ बमोजिम हुनेछ ।

**३७. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने:** (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) प्रदेश सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षणका क्रममा गम्भीर कैफियत देखिएमा,

(ङ) दफा ३९ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको विशेष साधारण सभाको लागि गणपूरक संख्या दफा ३६ को उपदफा (४) र (५) बमोजिम हुनेछ ।

**३८. सञ्चालक समिति :** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

(२) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ ।

(३) सञ्चालक समितिमा एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(४) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(५) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन ।

(६) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाँभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन। वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गर्नु पर्नेछ । यसरी पदत्याग गरेमा संस्थाले तत्काल अर्को कर्मचारीको व्यवस्था गर्नु पर्नेछ ।

(७) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(८) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

(९) बहालवाला सरकारी कर्मचारी, शिक्षक, बैंक, फाइनान्स, वित्तीय संस्थाका सञ्चालक र कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजिनामा दिनुपर्नेछ ।

तर पेशागत आधारमा गठन हुने सहकारी संस्थामा सञ्चालक हुन बाधा पर्ने छैन ।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. समितिको निर्वाचन:** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराइ दर्ता अधिकारीलाई जानकारी गराउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराइ समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

**४०. समितिको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभामा पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि

आवश्यक कार्य गर्ने, गराउने,

(ट) संस्थाको लगानीलाई कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा परिचालन गर्ने,गराउने

(ठ) एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**४१. पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ४२ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को सहकारी संस्थाको सञ्चालक भएमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएमा,

तर दफा ३८ को उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिमहुनेछ ।

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा ।

**४२. पदबाट हटाउन सक्न:** (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछः-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुर्‍याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाइ पेश नगरेमा वा निजले पेश गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**४३. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारवाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारवाहीबाट सहकारी संस्था, संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिनेछ ।

**४४. समितिको विघटन :** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३७ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता अधिकारीले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) प्रदेश सहकारी बैंकको समिति विघटन गर्नु पूर्व दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकको परामर्श लिनुपर्नेछ र नेपाल राष्ट्र बैंकको परामर्श बमोजिम तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

**४५. लेखा सुपरिवेक्षण समिति गठनः** (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**४६. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाइ विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद-७
## बचत तथा ऋण परिचालन

**४७. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने:** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरूले मुख्य कारोबार गर्नु पर्नेछ ।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा दर्ता अधिकारीले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ ।

(४) नियमित बचतको ब्याज र ऋणको ब्याजदरको अन्तर पाँच प्रतिशतभन्दा बढी हुने छैन ।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) सहकारी संस्थाले बचत रकम सदस्य बीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरीद गर्न बाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैंक (सहकारी बैंक बाहेक) को शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन ।

(७) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ ।

(८) संस्था वा संघले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गर्न सक्ने छैन ।

(९) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफ्नो ऋण लगानीको तीस प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्नेछ ।

**४८. सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था :** (१) दर्ता अधिकारीले सहकारी संस्थाको प्रयोजनका लागि बचत ऋणको सन्दर्भ ब्याजदर(रेफरेन्स इन्ट्रेष्ट रेट) संघीय कानून बमोजिम र दफा ३८ को उपदफा (६) को कारोबारको अधिकतम सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सन्दर्भ ब्याजदर तोक्ने सम्बन्धमा देहाय बमोजिमको समितिको सिफारिस लिनुपर्नेछः

| | |
|---|---|
| (क) दर्ता अधिकारी | - संयोजक |
| (ख) प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (घ) प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (च) प्रतिनिधि, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (छ) प्रतिनिधि, प्रदेश सहकारी संघ | - सदस्य |
| (ज) प्रतिनिधि, प्रदेश सहकारी बैंक | - सदस्य |
| (झ) प्रतिनिधि, प्रदेश विषयगत सहकारी संघबाट दुई जना | - सदस्य |
| (ञ) सहायक दर्ता अधिकारी | - सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाको लागि निर्देशक ब्याजदर हुनेछ ।

(४) सन्दर्भ ब्याजदर निर्धारणका आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**४९. व्यक्तिगत बचतको सीमा :** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -८
## आर्थिक स्रोत परिचालन

**५०. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको दश प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) सहकारी संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

**५१. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था:** (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले बचत खाताहरू सञ्चालन गर्न सक्नेछ ।

**५२. ऋण वा अनुदान लिन सक्ने:** (१) सहकारी संस्थाले बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिनु अघि प्रदेश सरकारको सिफारिसमा संघीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

**५३. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:** (१) सहकारी संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा त्यसको लागि प्रदेश सरकार मार्फत संघीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा नेपाल सरकारले आवश्यक शर्त तोक्न सक्नेछ ।

## परिच्छेद -९
## सहकारी संस्थाको कोष

**५४. सहकारी संस्थाको कोष:** (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(छ) व्यवसायबाट आर्जित रकम,

(ज) सदस्यता प्रवेश शुल्क,

(झ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

**५५. जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छः-

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ ।

**५६. संरक्षित पूँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ५५ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

**५७. सहकारी प्रवर्द्धन कोष :** (१) सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष रहनेछ ।

(२) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा छ५ बमोजिमको जगेडा कोषमा सोही दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याइ बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोष परिचालन संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**५८. अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा शेयर लाभांश कोष, सहकारी शिक्षा कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

(३) प्रदेश सहकारी बैंकको कूल सम्पत्ति र अन्य कारोवारको दायित्वको आधारमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमका अन्य कोषहरु समेत रहनेछन् ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन।

## परिच्छेद -१०
## अभिलेख र सूचना

**५९. अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारवाहीको अद्यावधिक अभिलेख सुरक्षित राख्नुपर्नेछ ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित राख्नु पर्नेछ ।

**६०. विवरण उपलब्ध गराउनु पर्ने:** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समयभित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ :-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयर पूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण, तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता अधिकारीले समय समयमा तोकिदिएका अन्य विवरण ।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(३) प्रदेश सहकारी बैंकले उपदफा (१) बमोजिमको प्रतिवेदन तोकिएको अवधिभित्र नेपाल राष्ट्र बैंकमा समेत पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ११
## लेखा र लेखापरीक्षण

**६१. कारोबारको लेखा:** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी संघीय कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नुपर्नेछ ।

**६२. लेखापरीक्षण:** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संघीय कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक तथा सुविधा सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभामा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुन: लेखापरीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

(६) प्रदेश सहकारी बैंकले आफ्नो लेखापरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकमा समेत पेश गर्नु पर्नेछ ।

**६३. लेखापरीक्षकको नियुक्ति:** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न संघीय कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण

गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार दुई आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्ति गर्न सकिने छैन ।

**६४. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने:** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ६३ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कुनै परिस्थिति उत्पन्न भएमा सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिबाट नयाँ लेखापरीक्षकको नियुक्ति गरी लेखापरीक्षण गराई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

तर साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुन: लेखापरीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) यस दफाको व्यवस्था विपरीत हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद–१२
## ऋण असुली तथा बाँकी बक्यौता

**६५. ऋण असुल गर्ने:** (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ ।

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जना असुल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जाना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्नेछ ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित सहकारी संस्थालाई दिनुपर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

(८) ऋण असुली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६६. **बाँकी बक्यौता असुल उपर गर्ने:** कसैले सहकारी संस्थालाई तिर्नु, बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ ।

६७. **रोक्का राख्न लेखी पठाउने:** (१) सहकारी संस्थाले दफा ६५ र ६६ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ ।

६८. **अग्राधिकार रहने:** कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्याइ बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ ।

६९. **कारबाही गर्न बाधा नपर्ने:** कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद-१३
## एकीकरण, विघटन तथा दर्ता खारेज

**७०. एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था:** (१) यस ऐनको अधीनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभिइ एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

(४) एकीकरण गर्ने सहकारी संस्थालाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

(५) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७१. विघटन र दर्ता खारेज:** (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ :-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ :-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाइको लागि पर्ने दिनको समयावधि दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको सीमाभन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा संघको दर्ता खारेज गर्नु अघि सम्बन्धित मन्त्रालय वा विभागको स्वीकृति लिनुपर्नेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संस्था वा संघको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा संघको दर्ता प्रमाणपत्र स्वत: रद्द भएको मानिनेछ ।

(८) प्रदेश सहकारी बैंकले तिर्नुपर्ने ऋण तथा बाह्य दायित्व भुक्तान गर्न नसकिने देखिएमा त्यस्तो

बैंकलाई खारेज गर्नका लागि दर्ता अधिकारीले नेपाल राष्ट्र बैंकसँग परामर्श गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको राष्ट्र बैंकको परामर्श अनुरुप दर्ता अधिकारीले प्रदेश सहकारी बैंक खारेज गरी लिक्वीडेटर नियुक्त गर्न सक्नेछ ।

**७२. लिक्वीडेटरको नियुक्तिः-** (१) दफा ७१ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा दर्ता अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा दर्ता अधिकारीले कुनै अधिकृत स्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्त गर्न सक्नेछ ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७३. लिक्वीडेसन पछिको सम्पत्तिको उपयोगः** कुनै सहकारी संस्थाको लिक्वीडेसन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद -१४
## दर्ता अधिकारी

**७४. दर्ता अधिकारीः** (१) यस ऐन अन्तर्गत सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्ने गरी मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत कर्मचारीलाई दर्ता अधिकारीको रूपमा तोक्नु पर्नेछ ।

(२) दर्ता अधिकारीलाई कार्यसम्पादनमा सहयोग गर्न चाहिने सहायक दर्ता अधिकारी लगायतका आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

**७५. दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफू मातहतको अधिकृत स्तरको सहायक दर्ता अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद -१५
## निरीक्षण तथा अनुगमन

**७६. निरीक्षण तथा हिसाब किताब जाँच गर्नेः** (१) दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै वखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता अधिकारीले माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारवाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु

त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(४) नेपाल राष्ट्र बैंकले सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्ने सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

**७७. छानबिन गर्न सक्ने:** (१) कुनै सहकारी संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ ।

**७८. बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:**

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले अवलम्बन गर्ने अनुगमन प्रणाली र अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघको निरीक्षण तथा अनुगमन दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७९. मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने:** (१) दर्ता अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकोले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन दक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम भएको निरीक्षण तथा अनुगमन र दिइएको निर्देशनको सम्बन्धमा दर्ता अधिकारीलाई समेत जानकारी दिनुपर्नेछ ।

**८०. संघले निरीक्षण तथा अनुगमन गर्नु पर्ने:** (१) संघले आफ्ना सदस्यको काम कारवाहीको तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सोको वार्षिक प्रतिवेदन मन्त्रालय तथा दर्ता अधिकारीलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,

(ख) संस्था वा संघमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(च) तोकिए बमोजिमका अन्य व्यवस्था ।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारवाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा संघले दर्ता अधिकारी समक्ष आवश्यक कारवाहीको लागि सिफारिस गर्नेछ ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ ।

८१. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:** (१) दर्ता अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन संघीय मन्त्रालय, सहकारी विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछ :-

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संस्थामा सहकारी सिद्धान्त र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था तथा सोको उपयोगको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थालाई प्रचलित कानून बमोजिम प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको उपयोगको अवस्था,

(छ) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ट) सहकारी संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्था वा संघले सञ्चालन गरेको दफा १९ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

## परिच्छेद -१६
## समस्याग्रस्त संस्था वा संघ

**८२. संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने:** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ :-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तान गर्नुपर्ने दायित्व भुक्तान गर्न नसकेको वा भुक्तान गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा संघ सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाइ भोगिरहेको,

(च) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघका कम्तीमा पच्चीस जना सदस्यहरूले दर्ता अधिकारीसमक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रदेश सरकारले गठन गरेको आयोगले कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

**८३. व्यवस्थापन समितिको गठन:** (१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तान सम्बन्धी कार्य गर्न सहकारी सम्बन्धी संघीय कानून बमोजिम व्यवस्थापन समिति गठनको लागि मन्त्रालयले नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(२) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद-१७
## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

**८४. कसूर, दण्ड जरिवाना तथा पुनरावेदन:** कसूर, दण्ड जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

**८५. अनुसन्धानको लागि लेखी पठाउन सक्ने:** दर्ता अधिकारी वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी संघीय कानून बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद-१८
## विविध

**८६. मताधिकारको प्रयोग:** (१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा संघबाट सम्बन्धित संघको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन ।

**८७. सामाजिक परीक्षण गराउन सक्ने:** (१) सहकारी संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्रार्पतिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**८८. आर्थिक सहयोग गर्न नहुने:** सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई आर्थिक सहयोग गर्न पाइने छैन तर  सामाजिक कार्यमा भने त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि “सामाजिक कार्य” भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् उद्धार तथा राहत, मानवीय सहायता र सहकारिता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

**८९. अन्तर सहकारी कारोबार गर्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन् ।

(२) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९०. ठेक्कापट्टा दिन नहुने:** सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्कापट्टा दिन हुँदैन।

**९१. विवाद समाधान:** सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ ।

**९२. प्रोत्साहन गर्न सकिने:** सहकारी क्षेत्रको प्रवर्द्धनको लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

**९३. विभागीय कारबाही हुने:** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

**९४. सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै सहकारी संस्था,संघले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**९५. कानून बमोजिम हुने:** यस ऐनमा संघीय कानून बमोजिम हुने भनी अन्यत्र उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायका विषयहरू सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछन् :-

(क) सहकारी संस्थालाई प्राप्त हुने कर छुट, सुविधा र सहुलियत सम्बन्धी,

(ख) कालो सूचीमा राख्ने सम्बन्धी,

(ग) कर्जा सूचना केन्द्र सम्बन्धी,

(घ) संस्थाले आपसी सुरक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी,

(ङ) स्थिरीकरण कोषमा सहभागी हुने सम्बन्धी ।

(च) सहकारी मूल्य,मान्यता र सिद्धान्त सम्बन्धी।

**९६. कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने:** यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

**९७. प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्याएको मानिने छैन ।

**९८. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नु पर्ने:** सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघीय कानूनको व्यवस्थाका साथै तत्सम्बन्धमा संघीय कानून बमोजिमका निकायले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ ।

**९९. साझेदारी गर्न सक्ने**: सहकारी मार्फत आर्थिक समृद्धि प्राप्त गर्न प्रदेश सरकार र सहकारी संस्थाहरूले साझेदारीमा विकासका ब्यवसायिक परियोजनाहरू सञ्चालन गर्न सक्नेछन् ।

**१००. कार्यक्रम सञ्चालन गर्न सक्ने:** प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्द्धन तथा क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन एवं प्रोत्साहन गर्न सक्नेछ ।

**१०१. नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

**१०२. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण, अनुगमन तथा प्रर्वद्धन लगायतका काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार दर्ता अधिकारी, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायहरुको परामर्श लिन सकिनेछ ।

## अनुसूची-१

(दफा १२ को उपदफा (१)सँग सम्बन्धित)

दर्ता दरखास्तको निवेदन

श्री दर्ता अधिकारी ज्यू, मिति : ......../........./......

..........., .............

**विषयः सहकारी संस्था दर्ता सम्बन्धमा ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण तथा अन्य कागजात सहित सहकारी ऐन, २०७५ को दफा १२ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ ।

(१) संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित सहकारी संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य संख्या :

(१) महिला :

(२) पुरुषः

(ज) शेयर पूँजीको रकम : (अ) चुक्ता पूँजी : (आ) कुल पूँजी :

(झ) प्रवेश शुल्क वापत प्राप्त रकमः

(२) यो ऐन लागू हुनु पूर्व दर्ता भएका सहकारी संस्थाले यस ऐनको दफा १३ को उपदफा (३) बमोजिम अद्यावधिक हुनको लागि दिने निवेदनमा बुँदा नं (१) का कुराका अतिरिक्त देहायका विवरणहरु समावेश गर्नु पर्नेछः

(क) दर्ताको प्रमाणपत्र

(ख) विनियम

(ग) अन्य आवश्यक विवरण

निवेदकः

# अनुसूची-२

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

सहकारी संस्था दर्ता प्रमाण पत्रको नमूना

गण्डकी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

दर्ता अधिकारीको कार्यालय

.........., ..............

सहकारी संस्था दर्ता प्रमाण पत्र

दर्ता नं. : दर्ता मिति :

सहकारी ऐन, २०७५ को दफा १३ को उपदफा (१) बमोजिम श्री....................................सहकारी संस्थारसंघ लि. लाई सीमित दायित्व भएको सहकारी संस्थारसंघ लि. दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

सहकारी संस्थारसंघ लि. को वर्गीकरण : ..................................

सहकारी संस्थारसंघ लि. को कार्यक्षेत्र : ..................................

सहकारी संस्थार संघ लि. दर्ताको आधार : ..................................

दर्ता गर्ने अधिकारी,-

दस्तखत :

मिति :

नाम :

दर्जा :

कार्यालयको छाप :

नोटः- संस्था र संघको विनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानूनहरुले इजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायवाट इजाजत लिनुपर्नेछ । साथै सम्झौता गरी कारोबार गर्नुपर्ने भएमा सम्झौता गरी सोको लिखत जानकारी गराएपछि मात्र कारोबार गर्न सकिनेछ ।

# बर, पिपल, समि र चौतारो संरक्षण ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/१०/२७

२०७५ सालको ऐन नं २१

## बर, पिपल, समि र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावना:** सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय संरक्षण एंव प्राकृतिक प्रकोप न्यूनीकरणका हिसाबले महत्वपूर्ण बर, पिपल, समि र चौतारो संरक्षण सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "बर, पिपल, समि र चौतारो संरक्षण ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ख) **"स्थानीय तह"** भन्नाले नेपालको संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनु पर्छ ।

(ग) **"बर, पिपल, समि र चौतारो"** भन्नाले सार्वजनिक वा निजी वा जुनसुकै जग्गामा रोपिएको वा हुर्केको प्राकृतिक वा सांस्कृतिक महत्व भएका बर, पिपल, समि, लाकुरी, कदम, आँप आदि जस्ता रुख संरक्षण सम्वर्द्धन गर्दै सुस्ताउने, आराम गर्ने, गाउँ वा टोलको भेला गर्ने उद्देश्यले बनाइएको चौतारो सम्झनु पर्छ र सो शब्दले बर, पिपल, समि र चौतारो सँगै भएको कुवा, कुण्ड, पोखरी वा यस्तै अन्य प्राकृतिक वा सांस्कृतिक वा ऐतिहासिक महत्व भएको स्थल समेतलाई जनाउँछ।

(घ) **"योजना"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकृत भएको सरकारी योजना वा निश्चित समयावधि पछि सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट वा सार्वजनिक, निजी साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धी योजना वा सार्वजनिक उपयोगको वस्तु वा सेवा सम्बन्धी सडक, खानेपानी, विद्युत, खनिज जस्ता पूर्वाधार सम्बन्धी योजना वा राष्ट्रिय वा प्रादेशिक गौरवका योजनाको रुपमा तोकेका योजना सम्झनु पर्छ ।

## परिच्छेद - २
## बर, पिपल, समि र चौतारोको दर्ता र अभिलेख

**३. सरकारको सम्पत्ति हुने:** (१) सार्वजनिक प्रयोगमा रहेको जुनसुकै स्थानको बर, पिपल, समि र चौतारो स्थानीय सरकारको सम्पत्ति हुनेछ ।

(२) आफ्नो क्षेत्रभित्रको सबै बर, पिपल, समि र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तहको हुनेछ ।

(३) सार्वजनिक प्रयोगमा रहेको निजी स्वामित्वको बर, पिपल, समि र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तह र स्वामित्वमा रहनेको हुनेछ ।

**४. दर्ता गर्नु पर्ने:** (१) स्थानीय तहले यस ऐन बमोजिम आफ्नो क्षेत्रभित्रका बर, पिपल, समि र चौतारोको दर्ता किताब बनाई दर्ता गर्नु पर्नेछ ।

(२) दर्ता गर्दा बर, पिपल, समि र चौतारोको ऐतिहासिकता, पत्ता लागे सम्म निर्माण गर्ने व्यक्ति वा संस्थाको नाम, ठेगाना, बर, पिपल, समि र चौतारोको भौगोलिक सूचना प्रणाली बमोजिमको अवस्थिति सहितको विवरण अभिलेख राख्नु पर्नेछ ।

(३) बर, पिपल, समि र चौतारोसँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको स्थल भए चारकिल्ला क्षेत्रफल खुल्ने गरी सोको अभिलेख राख्नु पर्नेछ ।

(४) दर्ता किताबको ढाँचा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -३
## बर, पिपल, समि र चौतारो संरक्षण सम्बन्धी व्यवस्था

**५. संरक्षण सम्बन्धी व्यवस्था:** (१) स्थानीय तहले प्राकृतिक तथा ऐतिहासिक महत्वको कुनै बर, पिपल, समि र चौतारोलाई बिगार्न, मास्न वा हटाउन नपाउने गरी तोक्न सक्नेछ ।

(२) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बर, पिपल, समि र चौतारोको अवस्था हेरी हरेक वर्ष परीक्षण गरी काँटछाँट वा मर्मत वा वैज्ञानिक व्यवस्थापन वा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रभित्र सार्वजनिक सेवा प्रवाहमा वाधा पुगेका वा पुग्न सक्ने देखिएका वा जोखिमयुक्त अवस्थामा रहेका बर, पिपल, समि र चौतारोको आवश्यक काँटछाँट तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(४) स्थानीय तहले बर, पिपल, समि र चौतारोसँगै भएका कुवा, कुण्ड, पोखरीको समेत परम्परागत शैलीमा संरक्षण गर्नु पर्नेछ ।

(५) कुनै व्यक्ति वा संस्थाले आफ्नै खर्चमा सार्वजनिक जग्गामा बर, पिपल, समि रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न चाहेमा स्थानीय तहले सोका लागि अनुमति दिन सक्नेछ ।

(६) बर, पिपल, समि र चौतारोसँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको सम्पदाको संरक्षण सो सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**६. बर, पिपल, समि र चौतारो नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने:** (१) योजनासँग सम्बन्धित प्रस्तावक वा आयोजनाले कुनै योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म बर, पिपल, समि र चौतारो नपर्ने गरी सम्भाव्यता र विकल्पहरुको अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा बर, पिपल, समि र चौतारो हटाउनु पर्ने भएमा अति आवश्यक र न्यूनतम बर, पिपल, समि र चौतारो हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ ।

**७. विकल्प नभए मात्र हटाउन सकिने:** (१) यस ऐन बमोजिम दर्ता भएका बर, पिपल, समि र चौतारो काट्नु, मास्नु वा हटाउनु पूर्व देहाय बमोजिमको अध्ययन तथा सिफारिस समितिको सिफारिसको आधारमा मात्र गर्नु पर्नेछ -

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष वा निजले तोकेको वडा अध्यक्ष - संयोजक
(ख) डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य
(ग) प्रमुख/अध्यक्षले तोकेको सम्बन्धित वडाको वडा/अध्यक्ष सदस्य - सदस्य
(घ) सम्बन्धित आयोजनाको प्रमुख - सदस्य
(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) अध्ययन तथा सिफारिस समितिले स्थलगत निरीक्षण वा अध्ययन गरी प्रस्तावित स्थानीय तहको योजनामा कुनै कुरा परिमार्जन गर्नुपर्ने भएमा सो व्यहोरा खुलाई पुनर्विचारका लागि सम्बन्धित आयोजना प्रस्तावकलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त र राष्ट्रिय तथा प्रदेशका गौरबका आयोजनामा सम्भाव्यता अध्ययन वा ड्राइंग, डिजाइन परिबर्तन गर्ने गरि अध्ययन तथा सिफारिस गरिने छैन ।

(४) योजना कार्यान्वयन गर्न बर, पिपल, समि र चौतारो हटाउन स्वीकृति पाएपछि आयोजनाले उक्त बर, पिपल, समि र चौतारो आफ्नै लागत खर्चमा हटाई, बर, पिपल, समिको कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) योजना कार्यान्वयन गर्दा बर, पिपल, समि र चौतारो हटाउनु पर्ने भएमा सम्बन्धित संस्था वा आयोजनाले स्थानीय तहले तोकेको स्थानमा बर, पिपल, समि र चौतारो बनाई सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(६) मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाको लागि बर, पिपल, समि हटाउनु पर्ने भएमा सोको पाँच गुणाको दरले नयाँ बर, पिपल, समि लगाई पाँच वर्ष संरक्षण गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(७) स्थानीय तहले सम्बन्धित आयोजनासँग बर, पिपल, समि र चौतारो हटाउँदा पालना गर्नु पर्ने शर्तहरु समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

(८) उपदफा(७) बमोजिमको सम्झौताका व्यवस्था सम्बन्धित आयोजनाले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(९) स्थानीय तहले सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउनेछ ।

(१०) बर, पिपल, समि र चौतारो हटाई नयाँ निर्माण गरे, नगरेको बिषयमा मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्न र सुधारका लागि आवश्यक सुझाव दिन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम दिएको सुझावको पालना गर्नु त्यस्तो आयोजनाको कर्तव्य हुनेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय प्राथमिकता प्राप्त पूर्वाधार निर्माणका आयोजना कार्यान्वयन गर्न बर, पिपल, समि र चौतारो हटाउनु पर्ने भएमा आयोजनाले आफ्नै खर्चमा हटाउन सक्नेछ ।

८. **उद्यान निर्माण गर्न सकिने:** (१) स्थानीय तहले बर, पिपल, समि र चौतारोको संरक्षण र विकासका लागि सो स्थानमा उद्यान निर्माण गर्न वा उद्यान निर्माण गरी बर, पिपल, समि तथा पोखरी सहितको चौतारोको निर्माण गर्न सक्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) अनुसारको उद्यान निर्माण गर्नका लागि इच्छुक कुनै व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ ।

(३) स्थानीय तहले यस दफा बमोजिम स्थापित उद्यानमा सर्वसाधरण सबैले प्रवेश गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

९. **बर, पिपल, समि र चौतारो संरक्षण समिति:** (१) प्रत्येक स्थानीय तहमा बर, पिपल, समि र चौतारो संरक्षणको व्यवस्था मिलाउन एक बर, पिपल, समि र चौतारो संरक्षण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) स्थानीय तहको प्रमुख वा अध्यक्ष | - संयोजक |
| (ख) स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेका एक जना महिला सहित दुईजना वडा अध्यक्ष/सदस्य | - सदस्य |
| (ग) स्थानीय समाजसेवीबाट एक जना महिला सहित दुई जना | - सदस्य |
| (घ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

(३) समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

(४) बर, पिपल, समि र चौतारो संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्बजनिक उद्देश्य वा पूर्वाधार निर्माणका आयोजनामा प्रयोग गर्ने बाहेक व्यक्तिगत प्रयोजनका लागि साबिकदेखि रही आएका बर, पिपल, समि र चौतारो मास्न, नास्न वा बिगार्न नपाइने,

(ख) संरक्षणको उचित व्यवस्था मिलाउने,

(ग) बर, पिपल, समि बूढो, पुरानो भएर जोखिमपूर्ण भएमा हाँगा काट्ने, मिलाउने वा अन्य व्यवस्था मिलाउने,

(घ) बर, पिपल, समि र चौतारोको आसपासका क्षेत्रमा नियमित सरसफाईको प्रबन्ध मिलाउने,

(ङ) सार्वजनिक स्थलमा बर, पिपल, समिको रुख रोप्न वा चौतारो बनाउन प्रवर्द्धनात्मक कार्य गर्ने,

(च) संरक्षण र व्यवस्थापन सम्बन्धमा मन्त्रालयलाई राय, सल्लाह, सुझाव दिने,

(छ) बर, पिपल, समि रोप्ने तथा चौतारो, पोखरी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिको नाम उल्लेख गरी राख्न अनुमति दिने,

(ज) व्यक्ति, संस्था वा आयोजनासँग संरक्षण सम्बन्धमा आवश्यक समन्वय गर्ने,

(झ) चौतारो वा वृक्षको ऐतिहासिकता र वैज्ञानिक नाम सहितको विवरण सार्वजनिक गर्ने,

(ञ) मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने ।

१०. **बर, पिपल, समि र चौतारो संरक्षण कोष:** (१) बर, पिपल, समि र चौतारो तथा पोखरीको संरक्षणको लागि प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

तर विदेशी व्यक्ति वा संघ, संस्थाबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेछ ।

(ग) बर, पिपल, समि र चौतारोबाट प्राप्त आम्दानी ।

(३) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ:-

(क) बर, पिपल, समि रोप्न,

(ख) चौतारो निर्माण गर्न,

(ग) बर, पिपल, समि र चौतारोको वरिपरी कुवा, कुण्ड, पोखरी निर्माण गर्न,

(घ) जीर्ण अवस्थामा रहेको चौतारो तथा कुवा, कुण्ड, पोखरी मर्मत संभार गर्न,

(४) कोषको रकम उपदफा (३) मा उल्लेख भए बाहेकक अन्य काममा उपयोग गर्न सकिने छैन ।

**११. जग्गा स्वीकार गर्न सकिने:** (१) कुनै व्यक्ति वा संस्थाले बर, पिपल, समि रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न आफ्नो हक, भोगको जग्गा दान गर्न वा अन्य कुनै किसिमले स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमा प्राप्त भएको जग्गा स्थानीय तहले बर, पिपल, समि रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्ने बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाउने छैन ।

## परिच्छेद - ४
## विविध

**१२. दण्ड सजाय:** (१) यस ऐन विपरितको काम कारवाही गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**१३. सूचना तथा प्रतिवेदन:** (१) यस ऐन बमोजिम दर्ता गरिएका बर, पिपल, समि र चौतारोको अद्यावधिक विवरण आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले समय समयमा अधिकृत सहितको टोली खटाई यस ऐन बमोजिम दर्ता भएका बर, पिपल, समि र चौतारोको निरीक्षण तथा संरक्षणको व्यवस्था सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएको टोलीबाट प्राप्त प्रतिवेदनमा औंल्याइएका सुझावहरु कार्यान्वयन गर्न मन्त्रालयले स्थानीय तहमा पठाउन सक्नेछ ।

**१४. करार सम्बन्धी व्यवस्था:** स्थानीय तहले बर, पिपल, समि रोप्न वा चौतारो, पोखरी निर्माण गर्न वा बर, पिपल, समि र चौतारोको संरक्षण गर्न कुनै व्यक्ति वा संस्थासँग करार गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**१५. नियम बनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यन्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# अनुसुचि-१

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

दर्ता किताबको ढाँचा

| बर, पिपल, समि र चौतारो दर्ता किताब | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दर्ता नं. | नाम | ठेगाना | कित्ता नं. | वर, पिपल, समि र चौतारो वर्गिकरण संकेत | | | | रोपण/ निर्माणकर्ता सम्पर्क | स्थापना मिति | कैफियत |
| | | | | आकार संकेत नं. | प्रकार संकेत नं. | संस्कार संकेत नं. | रोपण/ निर्माणकर्ता सम्पर्क | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |

नोटः

महल १ : जिल्ला, स्थानीय तह र वडा खुल्ने गरी दर्ता नं. प्रदान गर्ने

महल २ : चलनचल्तीको नाम उल्लेख गर्ने । अन्य नाम भए सो समेत उल्लेख गर्ने ।

महल ३ : जिल्ला, स्थानीय तह, वडा नं. र ठाउँको नाम उल्लेख गर्ने । साथै भौगोलिक सूचना प्रणाली अनुसार अक्षांश, देशान्तर र उचाई (मि.) उल्लेख गर्ने ।

महल ४ : सम्बन्धित जग्गाको कित्ता नम्बर उल्लेख गर्ने ।

महल ५ : आकारः

क) पाटो १. चारकुने चौतारी, २. वृत्ताकार चौतारी, ३. अन्य (उल्लेख गर्ने)

ख) पेटी १. एक पेटी, २. दुई पेटी, ३. तीन पेटी, ४. अन्य (उल्लेख गर्ने)

महल ६ : १. बर/ पिपल/समी/नारेश्वर/लाकरी/कदम र धुपी वा आदी मात्र भएको,

२. बर र पिपल भएको,

३. बर, पिपल र समी वा बर, पिपल र नारेश्वर वा यस्तै भएको,

४. वृक्ष, चौतारी, पोखरी र पौवा भएको,

५. अन्य (उल्लेख गर्ने)

महल ७ : संस्कारः

१. सांस्कृतिक उद्देश्यले (कल्प/भाकल),

२. सामाजिक उद्देश्यले (विश्राम/कचहरी),

३. कृति स्मारक ध्येयले (चौतारी, पौवा र पोखरी),

४. अन्य (उल्लेख गर्ने ।)

महल ८ : रोपण, निमार्णकर्ताः

१. एकल पारिवारिक प्रयासमा,

२. सामाजिक प्रयासमा,

३. राजकीय प्रयासमा,

४. अन्य (उल्लेख गर्ने)

# ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/१२/२५

सम्बत् २०७५ सालको ऐन नं. २२

## ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी ऐन

प्रस्तावनाः गण्डकी प्रदेशका ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण तथा दीगो उपयोग गरी जैविक विविधताको संरक्षण, वातावरणीय सेवा, पर्या-पर्यटन प्रर्वद्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पु¥याउनका लागि अधिकार सम्पन्न ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५' रहेको छ।

(२) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) **'प्राधिकरण'** भन्नाले दफा ३ बमोजिम स्थापना भएको ताल संरक्षण तथा विकास प्राधिकरण सम्झनु पर्छ ।

(ख) **'समिति'** भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) **'अध्यक्ष'** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) **'उपाध्यक्ष'** भन्नाले दफा ७ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) **'कार्यकारी प्रमुख'** भन्नाले दफा १४ बमोजिमको कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(च) **'सदस्य'** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(छ) **'मन्त्रालय'** भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) **'ताल'** भन्नाले चारैतिरबाट जमिनले घेरिएको क्षेत्रमा जम्मा भएको पानी, सो पानीले ओगटेको क्षेत्र वा चारकिल्ला तोकिएको हकमा सो चारकिल्लाभित्रको सम्पूर्ण जमिनलाई जनाउँदछ । सो शब्दले पोखरी, जलाशय, कुण्ड र दह समेतलाई सम्झनु पर्छ ।

(झ) **'तोकिएको'** वा **'तोकिए बमोजिम'** भन्नाले यस ऐन र यस अन्तर्गत बनेको नियम र विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. प्राधिकरण स्थापनाः** (१)गण्डकी प्रदेशमा एक ताल संरक्षण तथा विकास प्राधिकरण स्थापना हुनेछ ।

(२) प्राधिकरणको कार्यालय गण्डकी प्रदेशको राजधानी पोखरामा रहनेछ ।

**४. प्राधिकरण संगठित संस्था हुनेः** (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको काम कारवाहीका लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्राधिकरणले अचल सम्पत्ति बेचबिखन गर्नु परेमा प्रचलित कानुन बमोजिम प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

**५. प्राधिकरणको उद्देश्यः** प्राधिकरणको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा अवस्थित ताल र तालको जलाधार क्षेत्रको संरक्षण, पुर्नस्थापना र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरण संरक्षण गर्ने,

(ख) ताल क्षेत्रको नक्साङ्कन गर्ने, अतिक्रमण हटाउने तथा रोक्ने ।

(ग) तालजन्य स्रोतहरूको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुऱ्याउने,

(घ) ताल क्षेत्रको दिगो व्यवस्थापन, पर्यापर्यटन तथा जलपर्यटन प्रर्वद्धन एवं सरोकारवालाहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्ने,

(ङ) ताल क्षेत्रको संरक्षण, नवनिर्माण र दीगो उपयोग सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पुऱ्याउने ।

**६. प्राधिकरणको काम, कर्तव्य र अधिकारः** (१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका ताल क्षेत्रहरुको पहिचान गर्दै पर्यावरणीय, सामाजिक-साँस्कृतिक, आर्थिक तथा पर्यटकीय महत्वका आधारमा प्राथमिकीकरण गरी त्यस्ता क्षेत्रहरुको संरक्षण, पुर्नस्थापना तथा व्यवस्थापन गर्ने,

(ख) ताल क्षेत्रको अतिक्रमण हटाई ताल क्षेत्र पुर्नस्थापना गर्ने,

(ग) तालले ओगटेको क्षेत्र तथा तालको जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नका लागि मापदण्ड तयार गरी लागू गर्ने र सो सम्बन्धी उत्पन्न विवादहरुको समाधान गर्ने,

(घ) आवश्यकताका आधारमा ताल पर्यावरणको संरक्षण गर्ने र घरेलु तथा औद्योगिक प्रदुषणबाट तिनको संरक्षण गर्ने,

(ङ) रैथाने जीवजन्तु तथा वनस्पतिहरुका प्रजातिलाई विस्थापित वा विनाश गर्ने वा एक ठाउँबाट अर्को ठाउँमा छिटो बिस्तार हुने वाह्य मिचाहा प्रजाति र अन्य हानिकारक जीवाणुहरुको प्रभावकारी नियन्त्रण गर्ने,

(च) भौगोलिक सूचना प्रणाली (जिओग्राफिकल इन्फरमेशन सिस्टम) मा वातावरणीय योजना र ताल क्षेत्रको नक्साङ्कन गर्ने,

(छ) अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन आवधिक योजना बनाई कार्यान्वयन गर्ने गराउने,

(ज) तालको दीगो व्यवस्थापनका लागि जलाधार व्यवस्थापनका कार्यहरु एकीकृत रुपमा सञ्चालन गर्ने गराउने,

(झ) तालको जलाधार क्षेत्रमा सञ्चालन भइरहेका विकास निर्माणका कार्यक्रमहरुको नियमित अनुगमन गरी ताल पुरिन र मासिनबाट जोगाउने,

(ञ) ताल तथा तालको जलाधार क्षेत्रको पर्यावरणीय प्रभावको अध्ययन गर्ने,

(ट) जलवायु परिवर्तनका कारणले ताल क्षेत्रमा पर्ने असर सम्बन्धी समस्याको पहिचान गरी असर न्यूनीकरण र अनुकुलनका लागि आवश्यक काम गर्ने,

(ठ) तालको पानीको गुणस्तर कायम गर्न नियमन र सुधार गर्ने,

(ड) तालको पानीलाई पिउने पानी, पर्यापर्यटन तथा जलपर्यटन विकास, व्यवसायिक मत्स्य पालन, सिंचाई, जलविद्युत, अध्ययन, अनुसन्धान, जल यातायात, जल मनोरञ्जन र अन्य प्रयोजनका लागि प्रयोग गर्न अनुमति दिने,

(ढ) ताल तथा तालको जलाधार क्षेत्रसँग सम्बन्धित जल तथा भू-उपयोग योजना निर्माण, संरक्षण, सदुपयोग तथा व्यवस्थापनमा सहयोग पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, विश्वविद्यालयसँग सहकार्य र समन्वय गरी अध्ययन, अनुसन्धान गर्ने,

(ण) ताल क्षेत्रमा रहेका वा आगन्तुक जीवजन्तु र वनस्पतिका प्रजातिको संरक्षण गर्न सम्बद्ध निकायहरुबीच आवश्यक सूचना आदान-प्रदान, साझेदारी र समन्वय गर्ने,

तर अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्दा प्रदेश सरकारको अनुमति लिनुपर्नेछ ।

(२) प्राधिकरणले ताल संरक्षणसँग सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

**७. कार्यकारी समिति:** (१) यस ऐन बमोजिम प्राधिकरणलाई तोकिएको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्न, गराउन एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ-

| | |
|---|---|
| (क) मन्त्री, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) गण्डकी प्रदेश भित्र रहेका स्थानीय तहका प्रमुखहरुमध्येबाट प्रदेश सरकारले मनोनित गरेको एक जना | उपाध्यक्ष |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (छ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ज) प्रमुख, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको सम्बन्धित महाशाखा | सदस्य |
| (झ) निर्देशक, वन निर्देशनालय, गण्डकी प्रदेश | सदस्य |
| (ञ) ताल क्षेत्रमा आश्रित भई जीविकोपार्जन गर्ने समुदाय वा सरोकारवाला संघ संस्थाका प्रतिनिधि कम्तिमा एक जना महिला सहित दुई जना प्रदेश सरकारबाट मनोनित | सदस्य |
| (ट) वन-वातावरण, भू तथा जलाधार र पर्यटनका बिषय विज्ञ कम्तिमा एक महिला सहित तीन जना प्रदेश सरकारबाट मनोनित | सदस्य |
| (ठ) कार्यकारी प्रमुख, प्राधिकरण | सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिमका सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(४) सम्बन्धित स्थानीय तहको प्रमुख र कुनै विषय विज्ञ वा पदाधिकारीको आवश्यकता परेमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**८. समितिको बैठक:** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको निर्णय सदस्य(सचिवद्वारा प्रमाणित गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. उपसमिति गठन गर्न सक्ने** (१) समितिले आफ्नो कार्यसञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**१०. स्थानीय ताल संरक्षण समितिः** (१) आवश्यकता अनुसार स्थानीय तहमा ताल क्षेत्रको संरक्षण र विकासको लागि स्थानीय ताल संरक्षण समिति गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. प्राधिकरणको कोषः** (१) प्राधिकरणको छुट्टै कोष हुनेछ ।

(२) प्राधिकरणको कोषमा देहायका रकमहरु रहनेछन्:

(क) संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,

(ख) विभिन्न दातृ संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट अनुदान वा ऋण लिदा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) प्राधिकरणलाई प्राप्त हुने सबै रकम प्रदेश भित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) प्राधिकरणद्वारा गर्नुपर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) ताल संरक्षण तथा विकास प्राधिकरण कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१२. लेखा र लेखापरीक्षणः** (१) प्राधिकरणको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) प्राधिकरणको लेखापरीक्षण महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अनुमति प्राप्त रजिष्टर्ड अडिटरबाट हुनेछ ।

**१३. अधिकार प्रत्यायोजनः** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार प्राधिकरणको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. कार्यकारी प्रमुखः** (१) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन र प्राधिकरणको कार्य सम्पादन गर्न प्राधिकरणमा एक कार्यकारी प्रमुख रहनेछ ।

(२) कार्यकारी प्रमुख प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी प्रमुख पदमा प्रतिस्पर्धाको आधारमा नियुक्त हुन सक्नेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट वन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन, प्राणीशास्त्र, बनस्पतिशास्त्र वा वातावरण विषयमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको वा सोही बिषयमा विद्यावारिधी उपाधी हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको,

(ख) पचपन्न बर्ष उमेर ननाघेको ।

(४) कार्यकारी प्रमुखको नियुक्तिका लागि प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव सदस्य रहेको एक छनौट समितिको गठन गर्नेछ र त्यस्तो समितिले प्रतिस्पर्धाको आधारमा तोकिएबमोजिमको कार्यविधि पूरा गरी कार्यकारी प्रमुखको नियुक्तिका लागि तीनजना व्यक्तिको नाम प्रदेश सरकारमा सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्ये एकजनालाई प्रदेश सरकारले कार्यकारी प्रमुख पदमा नियुक्त गर्नेछ ।

(६) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ ।

(७) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछस(

(क) निजले आफ्नो पदबाट प्राधिकरण समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको कार्यसम्पादनको स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(८) उपदफा (७) को खण्ड (ग) बमोजिम प्रदेश सरकारले कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउनु अघि सफाइको उचित मौका दिनुपर्नेछ ।

१५. **कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार:** (१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको बैठकमा पेश गरिने प्रस्तावहरूको सूची तयार गर्ने,

(ख) प्राधिकरणमा प्राप्त भएका प्रस्तावहरूको सूची तयार गरी मूल्याङ्कन सहित प्राधिकरण समक्ष पेश गर्ने,

(ग) प्राधिकरणबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) प्राधिकरण तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्ने,

(ङ) प्राधिकरणबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरूको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने,

(२) कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. **प्राधिकरणको कर्मचारी:** प्राधिकरणको कार्यसञ्चालनको निमित्त आवश्यक कर्मचारी प्रदेश सरकारले व्यवस्था गर्नेछ ।

१७. **प्रतिवेदन पेश गर्नु पर्ने:** प्राधिकरणले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. **यसै ऐन बमोजिम हुने:** यस ऐनमा उल्लेख भएका कुरामा यसै ऐन बमोजिम र यस ऐनले नसमेटेका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१९. **निर्देशन दिन सक्ने:** प्रदेश सरकारले प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

२०. **प्रदेश सरकारसँग सम्पर्क:** प्राधिकरणले प्रदेश सरकारसँग सम्पर्क राख्दा उद्योग  पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२१. **प्राधिकरणको विघटन:** (१) कुनै मनासिव माफिकको कारणबाट प्राधिकरणलाई खारेज गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा प्राधिकरण विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरण विघटन भएमा प्राधिकरणको सबै सम्पत्ति, हक र दायित्व प्रदेश सरकारमा सर्नेछ।

२२. **नियम, विनियम र कार्यविधि बनाउने अधिकार:**( (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२)  यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्राधिकरणले आवश्यक विनियम र कार्यविधि बनाउन सक्नेछ ।

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/१२/२५

सम्बत् २०७५ सालको ऐन नं. २३

**प्रदेश औद्योगिक व्यवसाय ऐन**

**प्रस्तावना:** प्रदेशभित्र लगानीमैत्री वातावरण सृजना गरी उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दीगो उपयोगबाट औद्योगिक विकास र उद्यमशीलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दीगो प्रादेशिक अर्थतन्त्र निर्माण गर्न तथा प्रादेशिक आर्थिक सम्बृद्धिका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गण्डकी प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **'उद्योग'** भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ख) **'उद्योग दर्ता गर्ने निकाय'** भन्नाले प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ र सो शब्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायलाई समेत जनाउँछ ।

(ग) **'कार्यालय'** भन्नाले यस ऐन बमोजिमको कामका लागि तोकेको कार्यालय सम्झनु पर्छ ।

(घ) **'लघु उद्योग'** भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ङ) **'घरेलु उद्योग'** भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(च) **'साना उद्योग'** भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(छ) **'मझौला उद्योग'** भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ज) **'ठूला उद्योग'** भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(झ) **'तोकिएको'** वा **'तोकिए बमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) **'निर्यातमूलक उद्योग'** भन्नाले आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(ट) **'बौद्धिक सम्पत्ति'** भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवा मार्क, भौगोलिक संकेत चिह्न, व्यापारिक गोपनीयता लगायत सो सँग सम्बन्धित अन्य बौद्धिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ठ) **'प्रदेश'** भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ड) **'मन्त्रालय'** भन्नाले प्रदेश स्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ढ) **'निर्देशनालय'** भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ ।

(ण) **'स्थिर पूँजी'** भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

(त) **'प्रादेशिक उद्योग'** भन्नाले यस ऐन बमोजिम प्रदेशभित्र दर्ता भएको उद्योग सम्झनु पर्छ । यस शब्दले संघीय कानून अनुसार प्रदेशको क्षेत्राधिकारभित्र पर्न जाने अन्य उद्योगलाई समेत सम्झनु पर्छ ।

(थ) **'प्रादेशिक प्राथमिकता प्राप्त उद्योग'** भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(द) **'औद्योगिक प्रवर्द्धन समिति'** भन्नाले दफा २३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ध) **'रुग्ण उद्योग'** भन्नाले आफ्ना व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्ष सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

**३. उद्योग दर्ता गराउनु पर्ने:** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका र हाल प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वत: दर्ता भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना भई सञ्चालनमा रहेका उद्योगले यस ऐन लागू भएको मितिले नब्बे दिनभित्र प्रदेशको उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) प्रदेश सरकारले संघ वा स्थानीय तहमा विधिवत दर्ता भएका उद्योगहरुलाई दोहोरो दर्ता गर्नु नपर्ने प्रबन्ध मिलाउनेछ ।

यस दफाको प्रयोजनका लागि स्थानीय तह र संघीय सरकारका निकायमा दर्ता भएका उद्योगहरुको विवरण माग गर्न बाधा पर्ने छैन ।

**४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने:** (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

**५. उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्ने:** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको ७ दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ:-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगको उत्पादन क्षमता,

(ग) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु ।

(४) उपदफा (१) बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिमको उद्योग स्थापना गर्दा सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा गर्नु पर्नेछ ।

**६. वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने:** (१) उद्योग दर्ता गरेपछि उद्योग सञ्चालन गर्नुपूर्व वातावरण सम्बन्धी प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिम वातावरणीय परीक्षणको कार्य पूरा गर्नु पर्नेछ ।

(२) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ । वातावरण परीक्षणबाट सो उद्योग वातावरण सम्बन्धी कानून तथा वातावरण मापदण्ड विपरीत देखिएमा वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो उद्योगलाई कारवाही गर्न सकिनेछ ।

**७. व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने:** (१) मन्त्रालयले उद्योगको प्रकृति र लगानीको आकारका आधारमा उद्योग स्थापना भई व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नका लागि लाग्ने अवधि सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड तयार भएका उद्योगका हकमा त्यस्तो उद्योगले मापदण्डमा तोकिएको अवधिभित्र उद्योगको व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरी सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मापदण्डमा समावेश नभएका उद्योगहरुको हकमा सम्बन्धित उद्योगसँग कार्ययोजना लिई कार्ययोजना र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योग दर्ता

प्रमाणपत्रमा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि तोकी दिन सक्नेछ ।

(४) यस दफा बमोजिम निर्धारित अवधिभित्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सम्बन्धित उद्योगले सोको आधार र कारण खुलाई म्याद थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदन उपर कारवाही गर्दा आधार र कारण औचित्यपूर्ण भएमा उद्योग दर्ता गर्ने निकायले मनासिब म्याद थप गरिदिनु पर्नेछ ।

**८. विद्युतीय माध्यमको प्रयोगः** (१) उद्योगको दर्ता, प्रशासन, नियमन, निर्देशन तथा स्वीकृति सम्बन्धी निवेदन लगायत अन्य कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

(२) विद्युतीय स्वरुपमा उद्योगले उद्योग दर्ता गर्ने निकाय वा कार्यालय समक्ष पेश गरेका सबै प्रकारका कागजात तथा उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगलाई पठाएका कागजातलाई सुरक्षित रुपमा विद्युतीय प्रणालीमा समेत राख्ने दायित्व उद्योग दर्ता गर्ने निकाय वा कार्यालयको हुनेछ ।

**९. अनुगमन गर्नेः** (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नुपर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तको पालना गरे नगरेको सम्वन्धमा उद्योगको नियमित अनुगमन गर्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१०. उद्योग स्थानान्तरणको जानकारी दिनु पर्नेः** (१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र वा बाहिर स्थानान्तरण गर्नुपर्ने भएमा त्यस्ता उद्योगले सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ ।

तर वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने उद्योगले भने त्यस्तो कानून अनुसार प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेपछि मात्र उद्योगको स्थानान्तरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको उद्योग स्थानान्तरण गर्ने सम्बन्धी जानकारी प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सो अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३४ बमोजिमको उद्योग स्थानान्तरण गर्न पाइने छैन ।

**११. विवरण उपलब्ध गराउनु पर्नेः** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश गर्नु पर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

**१२. उद्योग बन्द गरेमा जानकारी दिनु पर्ने:** यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले पन्ध्र दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ ।

**१३. उद्योगको दर्ता खारेजको जानकारी गराउनु पर्ने:** कुनै उद्योग लिक्विडेशन भएमा, दामासाहीमा परेमा वा दर्ता खारेज गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित उद्योग वा लिक्विडेटरले सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

**१४.दर्ता नियमन प्रक्रिया निर्धारण गर्नु पर्ने:** उद्योग दर्ता गर्ने निकायले सेवा प्रवाहमा एकरुपता तथा प्रक्रियागत पारदर्शिता कायम गर्न उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवा सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी सम्बन्धी व्यवस्था

**१५. उद्योगको वर्गीकरण:** (१) यस ऐनको प्रयोजनको लागि संघीय कानूनको प्रतिकूल नहुने गरी उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

(क) लघु उद्यमः देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

१. घर जग्गा बाहेक बढीमा पाँचलाख रुपैयाँसम्मको स्थिर पूँजी भएको उद्योग ।

२. उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

३. उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

४. वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको र

५. इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण, वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

तर यस उपखण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनले तोके बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

(ख) घरेलु उद्योगः देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको र

(४) औद्योगिक व्यवसाय सम्वन्धि प्रचलित कानुनले तोके बमोजिमका उद्योगहरु ।

(ग) साना उद्योगः लघु उद्यम र घरेलु उद्योग बाहेक दश करोड रुपैयाँसम्मको स्थिर पूँजी भएको उद्योग,

(घ) मझौला उद्योगःदश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग ।

(ङ) ठूला उद्योग: पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भए तापनि संघीय कानुन बमोजिम नेपाल सरकारको अनुमति लिनुपर्ने जुनसुकै प्रकारका उद्योगहरुको दर्ता, प्रशासन तथा नियमन लगायतका कार्य संघीय कानुन अनुसार नै हुनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः

(क) ऊर्जामूलक उद्योग: ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-१ मा उल्लिखित उद्योगहरु ।

(ख) उत्पादनमूलक उद्योग: कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग: कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-२ मा उल्लिखित उद्योगहरु ।

(घ) खनिज उद्योग: प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

(ङ) निर्माण उद्योग:भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-३ मा उल्लेख गरिएका उद्योगहरु ।

(च) पर्यटन उद्योग: प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरु ।

(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग: प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उद्योगहरु ।

(ज) सेवामूलक उद्योग: प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-६ मा उल्लिखित उद्योगहरु ।

(४) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै उद्योगले आफ्नो उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको उद्देश्य परिवर्तन वा हेरफेरको स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

**१६. उद्योगको स्थिर पूँजी:** (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछ:-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तै: ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालयका पूँजीगत सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछ:(

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च ।

**१७. प्राथमिकता प्राप्त उद्योग:** (१) यस ऐनको अनुसूची-७ मा उल्लिखित उद्योगहरुलाई प्राथमिकता प्राप्त उद्योग मानिनेछ ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-७ मा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय औद्योगिक व्यवसाय ऐनमा उल्लेख भएको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग प्रदेशको पनि प्राथमिकता प्राप्त उद्योग हुनेछ ।

## परिच्छेद-४
## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

**१८. राष्ट्रियकरण नगरिने:** यस ऐन बमोजिम दर्ता भएको कुनै पनि उद्योग राष्ट्रियकरण गरिने छैन ।

**१९. थप सुविधा तथा सहुलियत:** (१) उद्योगलाई प्रदान गरिने थप सुविधा तथा सहुलियत प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित सुविधा तथा सहुलियतका अलावा यस ऐनको परिधिभित्र रही,

संघीय वा प्रादेशिक औद्योगिक क्षेत्र वा स्थानीय तह अन्तर्गतका औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

**२०. जग्गा सम्बन्धी व्यवस्था:** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ । उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्ने वा लिजमा उपलब्ध गराइदिने सम्वन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

**२१. औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था:** प्रचलित कानुन बमोजिम स्थापना भएका उद्योगको लागि प्रदेश सरकारले सुरक्षा उपलब्ध गराउनेछ ।

**२२. छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने:** यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ५
## औद्योगिक प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था

**२३. औद्योगिक प्रवर्द्धधन समितिको गठन:** (१) उद्योगको स्थापना, लगानी अभिवृद्धि, प्रबर्द्धन, संरक्षण र विस्तार गरी औद्योगिकीकरणलाई तीब्रता दिने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको एक औद्योगिक प्रवर्द्धन समिति रहने छ:-

| | |
|---|---|
| (क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री | अध्यक्ष |
| (ख) प्रमुख सचिव, गण्डकी प्रदेश | सदस्य |
| (ग) सदस्य, नीति तथा योजना आयोग, गण्डकी प्रदेश (उद्योग हेर्ने) | सदस्य |
| (घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (च) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (छ) प्रमुख, नेपाल राष्ट्र बैंकको प्रदेशस्तरको कार्यालय | सदस्य |
| (ज) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (झ) अध्यक्ष, नेपाल उद्योग परिसंघ, गण्डकी प्रदेश | सदस्य |
| (ञ) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (ट) अध्यक्ष, महिला उद्यमी महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (ठ) उद्योग क्षेत्रका विज्ञहरु मध्येबाट कम्तीमा एक जना महिला उद्यमी सहित गण्डकी प्रदेश सरकारबाट मनोनित दुई जना | सदस्य |
| (ड) महाशाखा प्रमुख, औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश | सचिव |

(२) समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित विशेषज्ञ वा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा रहनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कामहरुको विवरण मासिक रुपमा सचिवालयले समितिको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**२४. समितिको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) औद्योगिक प्रबर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ख) उद्योग सम्बन्धी कानुनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने,

(ग) प्रदेशको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ङ) प्रादेशिक औद्योगिक विकास तथा उद्यमशिलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समिक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(च) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्न सहजीकरण र समन्वय गर्ने,

(छ) उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्वन्धमा प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(ट) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ठ) प्रदेशस्तरका औद्योगिक क्षेत्र तथा विशेष औद्योगिक करिडोर रहने क्षेत्र सिफारिस गर्ने,

(ड) प्रदेशमा औद्योगिकरणको गतिलाई तीब्रता दिन लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सहजीकरण, समिक्षा तथा समन्वय सम्बन्धी अन्य कार्यहरु गर्ने ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति तर्जुमा गर्दा वा त्यसमा परिवर्तन गर्दा समितिसँग परामर्श लिनुपर्नेछ ।

**२५. समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने:** (१) समितिको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहे त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ ।

**२६. गोपनीयता कायम राख्नुपर्ने:** (१) समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद - ६

## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

**२७. एकल बिन्दु सेवा केन्द्रको स्थापना तथा सञ्चालन:** (१) यस ऐन तथा प्रचलित कानुन बमोजिम जिल्लास्थित घरेलु तथा साना उद्योग वा घरेलु तथा साना उद्योग विकास समितिले एकल बिन्दु सेवाको रुपमा काम गर्नेछन्।

(२) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) यस ऐन अन्तर्गत उद्योगले पाउने छुट, सुविधा वा सहुलियत प्रदान गर्ने मन्त्रालयमा सिफारिस गरी पठाउने ।

(ख) प्रचलित प्रादेशिक कानूनले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयबद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ७

## जरिवाना र पुनरावेदन सम्बन्धी व्यवस्था

**२८. जरिवाना सम्बन्धी व्यवस्था:** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न तीस दिनको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधि भित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई मन्त्रालयले देहायको कारबाही गर्न सक्नेछः-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यम स्तरको भए दश हजारदेखि पच्चीस हजार रुपैंयाँसम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म, मझौला तथा ठूला उद्योगको स्तर भए एकलाख देखि तीनलाख रुपैयाँसम्म जरिबाना गर्ने ।

(४) दफा ११ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई पाँचहजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रुपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रुपैयाँको दरले ।

(५) दफा २२ विपरीत कार्य गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट, सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असूल गर्ने वा सो बराबरको रकम जरिवाना गर्ने वा दुवै सजाय गर्ने,

(६) दफा ५ को उपदफा (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा देहायको उद्योगलाई मन्त्रालयले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पच्चीस हजारदेखि एक लाख रुपैंयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाखदेखि पाँच लाख रुपैंयाँसम्म,

(ग) मझौला उद्योगको हकमा पाँच लाखदेखि दश लाख रुपैंयाँसम्म वा

(घ) ठूला उद्योगको हकमा पन्। लाखदेखि तीस लाख रुपैंयाँसम्म ।

(७) उपदफा (६) बमोजिम जरिबाना गर्दा समेत दफा ५ को उपदफा (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्नेछ ।

(८) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अन्य कुनै प्रावधान उल्लंघन गरेमा लघु उद्यम भए पन्ध्र हजार रुपैयाँसम्म घरेलु तथा साना उद्योग भए पन्ध्र हजारदेखि तीस हजार रुपैंयाँसम्म, मझौला उद्योग भए तीस हजारदेखि पचास हजार रुपैंयाँसम्म र ठूला उद्योग भए पचास हजारदेखि एक

लाख रुपैयाँसम्म जरिबाना गर्ने ।

(९) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सबुद पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ ।

**२९. पुनरावेदन सम्बन्धी व्यवस्था:** दफा २८ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजाँयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद -८
## विविध

**३०. करार गरी उत्पादन गर्न सक्ने:** (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सव-कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव-कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

**३१. व्यवसायिक सामाजिक जिम्मेवारी:** मझौला वा ठूला उद्योगले बार्षिक कुल मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउन सक्नेछ । सो बमोजिम छुट्याइएको रकम बार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

**३२. औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्ने:** औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डको अधिनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रादेशिक औद्योगिक करिडोर, प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

**३३. आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिने:** (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने प्रादेशिक औद्योगिक क्षेत्र, प्रादेशिक औद्योगिक कोरिडोर, प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दुरीभित्र कुनै पनि किसिमको आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन सकिने छैन । त्यसैगरी प्रचलित कानूनले आवास क्षेत्र एवं विशेष प्रयोजनको लागि भनि तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन ।

(२) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र भनि भू-वर्गीकरण गरेमा सोही क्षेत्रमा मात्र यो ऐन अन्तर्गतका उद्योग स्थापना गर्न सकिनेछ । तर सेवा उद्योग वा प्राविधिक दृष्टिकोणले अलग राख्नु पर्ने खास प्रकृतिका उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा उद्योग स्थापना गर्न बाधा पुग्ने छैन ।

(३) उपदफा (२) मा जनुसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास

तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रतिकूल हुने वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमका आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न सकिने छैन ।

३४. **रुग्ण उद्योग सम्बन्धी व्यवस्था:** (१) तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई प्रदेश सरकारले रुग्ण उद्योगको रुपमा पहिचान गरी उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न सक्नेछ ।

तर, नेपाल सरकारले निजीकरण अवधारणा बमोजिम निजी क्षेत्रलाई विक्री गरेका उद्योगहरुको हकमा यो व्यवस्था लागु हुनेछैन ।

३५. **अधिकार प्रत्यायोजन:** (१) संघीय औद्योगिक व्यवसाय सम्बन्धी ऐन वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम स्थानिय तहको मातहत रहने गरि घोषणा भएको औद्योगिक ग्राम भित्र स्थापना हुने उद्योगको दर्ता, नविकरण तथा नियमन सम्बन्धी अधिकार प्रादेशिक राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्रदेश सरकारलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकारहरु प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकारका मातहतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निर्देशनालयलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै कार्यालय वा नेपाल सरकारको राजपत्राङ्कितस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३६. **बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

३७. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

३८. **यसै ऐन बमोजिम हुने:** यस ऐनमा उल्लेख भएका कुरामा यसै ऐन बमोजिम र यस ऐनले नसमेटेका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३९. **नियम बनाउने अधिकार:** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

४०. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने:** मन्त्रालयले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

# अनुसूची-१

**(दफा १५ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)**

## ऊर्जामूलक उद्योग

(१) जलस्रोत, वायु, सौर्यशक्ति, ग्याँस, वायोमास, फोहोर र गोबर ग्याँसबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिनरउपकरण निर्माण गर्ने उद्योग,

(२) प्रादेशिक विद्युत वितरण प्रणाली,

(३) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

# अनुसूची-२

(दफा १५ को उपदफा (३) को खण्ड (ग) सँग सम्बन्धित)

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

(१) फलफूल खेती वा फलफूल प्रशोधन,

(२) खाद्यवस्तु प्रशोधन,

(३) पशुजन्य तथा पंक्षीजन्य, पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

(४) दूध तथा दुग्धजन्य उद्योग,

(५) मत्स्यपालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,

(६) रेशम खेती तथा रेशम प्रशोधन,

(७) चिया बगान, चिया प्रशोधन,

(८) कफी खेती, कफी प्रशोधन,

(९) जडिबुटी खेती, जडिबुटी प्रशोधन,

(१०) तरकारी बीउ बिजन उत्पादन,

(११) तरकारी खेती, तरकारी प्रशोधन,

(१२) हरित गृह स्थापना र सञ्चालन,

(१३) मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

(१४) पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

(१५) नर्सरी व्यवसाय,

(१६) रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

(१७) शीत भण्डार, कृषि बजार

(१८) नगदेबालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबाली, दलहन आदि),

(१९) वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

(२०) वनस्पति उद्यान स्थापना र व्यवस्थापन,

(२१) वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

(२२) बीउबिजन प्रशोधन,

(२३) गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग,

(२४) जैविक प्रविधि सम्बन्धी उद्योग,

(२५) फर्निचर उद्योग,

(२६) निजी कृषि वन उद्योग,

(२७) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

# अनुसूची-३

(दफा १५ को उपदफा (३) को खण्ड (ङ) सँग सम्बन्धित)

## निर्माण उद्योग

(१) सडक, पुल, सुरुङ्ग,

(२) रोपवे, ट्राम, ट्रलि बस, केबुल कार, मोनोरेल र स्लाईडिङ्ग कार,

(३) औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,

(४) सभा सम्मेलन केन्द्र,

(५) ढल तथा ढल निकास,

(६) खानेपानी आपूर्ति तथा वितरण,

(७) सिँचाइ पूर्वाधार,

(८) खेलकुद गृह, रङ्गशाला,

(९) सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

(१०) कार्गो कम्प्लेक्स,

(११) दूषित पानी प्रशोधन केन्द्र,

(१२) घर तथा आवास भवन,

(१३) फिल्म स्टुडियो निर्माण,

(१४) व्यापारिक कम्प्लेक्स,

(१५) एकीकृत आवास,

(१६) स्वीमिङ्ग पुल,

(१७) क्रसर , ईट्टा र ब्लक उद्योग

(१८) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

# अनुसूची-४

(दफा १५ को उपदफा (३) को खण्ड (च) सँग सम्बन्धित)

## पर्यटन उद्योग

(१) पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुराँ,

(२) ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, मसाज, स्पा,

(३) साहसिक पर्यटन: स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर्र्याफ्टीङ्ग, हट एयर बेलुनिङ्ग, क्यानोनिङ, प्यारा ग्लाइडिङ्ग, घोडचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,

(४) ग्रामीण पर्यटन, होम स्टे तथा पर्यापर्यटन,

(५) साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

(६) मनोरञ्जन पार्क,

(७) ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड,

(८) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

# अनुसूची-५

(दफा १५ को उपदफा (३) को खण्ड (छ) सँग सम्बन्धित)

## सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग

### खण्ड (क)

### सूचना प्रविधि उद्योग

(१) टेक्नोलोजी पार्क,

(२) आई.टि. पार्क,

(३) सफ्टवेयर विकास,

(४) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

(५) तथ्याङ्क प्रशोधन,

(६) साइवर क्याफे,

(७) डिजिटल म्यापिङ्ग,

(८) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),

(९) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

### खण्ड (ख)

### सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(१) १०० वाट वा सो सम्मका एफ.एम. रेडियो सेवा,

(२) रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(३) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(४) चलचित्र निर्माण वितरण र प्रसारण सम्बन्धी,

(५) सिनेमा हल,

(६) केबलमा आधारित टेलिभिजन,

(७) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

# अनुसूची-६

(दफा १५ को उपदफा (३) को खण्ड (ज) सँग सम्बन्धित)

## सेवामूलक उद्योग

(१) यान्त्रिक कार्यशाला (वर्कशप),
(२) छापाखाना तथा छपाई सम्बन्धी सेवा,
(३) पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
(४) प्रदर्शनी सेवा,
(५) सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
(६) निर्माण व्यवसाय,
(७) सार्वजनिक यातायात व्यवसाय,
(८) फोटोग्राफी,
(९) अस्पताल,
(१०) नर्सिङ्ग होम,
(११) शिक्षण एवं प्रशिक्षण संस्था,
(१२) पुस्तकालय, अभिलेखालय तथा सँग्रहालय सेवा,
(१३) प्रयोगशाला,
(१४) खेलकूद सेवा,
(१५) शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),
(१६) हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
(१७) फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनः प्रशोधन,
(१८) घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
(१९) निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,
(२०) पशु चिकित्सा सेवा,
(२१) ब्याट्री रिचार्जिङ्ग,
(२२) स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
(२३) खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
(२४) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),
(२५) कार्गो व्यवसाय,
(२६) प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत),
(२७) कुरियर सेवा,

(२८) ड्राइक्लिनिङ्ग व्यवसाय,

(२९) व्यूटी पार्लर,

(३०) आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

(३१) सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

(३२) प्रकाशन सेवा,

(३३) विज्ञापन सेवा,

(३४) विज्ञापन सामग्री तयार गर्ने सेवा,

(३५) टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,

(३६) स्वाइल टेष्टिङ्ग सेवा,

(३७) स्वास्थ्य (हेल्थ) क्लव,

(३८) पानी ढुवानी तथा वितरण सेवा,

(३९) जुलोजिकल पार्क सञ्चालन,

(४०) जियोलोजिकल पार्क सञ्चालन,

(४१) व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),

(४२) व्यापारिक कम्प्लेक्स सञ्चालन,

(४३) वायोटेक पार्क,

(४४) सिनेमा हल,

(४५) मल्टिप्लेक्स थियटर,

(४६) सिलाई बुनाई,

(४७) ढुवानी सेवा,

(४८) नक्शा डिजाइन सम्बन्धी सेवा,

(४९) अनुसन्धान तथा विकास सेवा,

(५०) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

# अनुसूची-७

(दफा १७ सँग सम्बन्धित)

## प्रादेशिक प्राथमिकता प्राप्त उद्योग

(१) उर्जामूलक उद्योगहरु,

(२) होटल तथा रेष्टुरेण्ट,

(३) पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर र्‍याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण,

(४) कृषि तथा वन पैदावारमा आधारित उद्योग,

(५) निर्यातमूलक उद्योग,

(६) निर्माण उद्योग,

(७) खनिज तथा खानिमा आधारित उद्योग, प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन गर्ने उद्योग,

(८) स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

(९) दुर्गम तथा अविकसित क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु ।

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/१२/२५

सम्बत् २०७५ सालको ऐन नं. २४

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (संचालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुमा निवार्चित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **'गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) **'कार्यकारी निर्देशक'** भन्नाले दफा १२ को उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ख) **'तोकिएको'** वा **'तोकिए बमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) **'परिषद'** भन्नाले दफा ७ बमोजिमको प्रशिक्षण परिषद सम्झनु पर्छ ।

(घ) **'प्रतिष्ठान'** भन्नाले दफा ३ बमोजिमको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(ङ) **'समिति'** भन्नाले दफा ९ बमोजिम कार्यकारी समिति सम्झनु पर्छ ।

(च) **'संगठित संस्था'** भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून वा प्रदेश कानून बमोजिम स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।

(छ) **'संस्थान'** भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था समेत सम्झनु पर्छ ।

(ज) **'स्थानीय तह'** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद -२

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, उद्देश्य र नीति

३. **गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना:** प्रदेश र स्थानीय तहका सरकारी निकाय र संस्थानहरुमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि गर्ने सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ ।

४. **प्रतिष्ठान संगठित संस्था हुने:** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वा अन्य कुनै किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको आफ्नो कार्य सञ्चालन र व्यवस्थापन यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियमद्वारा व्यवस्थित कार्य प्रणाली बमोजिम हुनेछ ।

५. **प्रतिष्ठानको उद्देश्य: प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुर्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन आवश्यक कार्य गर्ने।

(ग) प्रशिक्षणलाई वढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

६. **प्रशिक्षण सम्बन्धी नीति:** प्रतिष्ठानवाट संचालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहायबमोजिम हुनेछ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरुको व्यवसायिक ज्ञान, सीप र क्षमता वृद्धि गर्ने ।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने ।

## परिच्छेद-३

## प्रशिक्षण परिषद र कार्यकारी समितिको गठन, काम, कर्तव्य र अधिकार

७. **प्रशिक्षण परिषद गठन:** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको प्रशिक्षण परिषद रहनेछ:-

(क) मुख्यमन्त्री - अध्यक्ष
(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग - सदस्य
(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग - सदस्य
(घ) मुख्यमन्त्रीले तोकेको प्रदेश स्तरको विश्वविद्यालयको उप-कूलपति - सदस्य
(ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(च) प्रदेश सरकारका सचिवहरू - सदस्य
(छ) प्रदेश सरकारले मनोनित गरेको दुई जना महिला सहित तीनजना - सदस्य
(ज) प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) खण्ड (छ) बमोजिमका सदस्यहरु मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेका व्यक्तिहरु मध्येबाट प्रदेश सरकार, मन्त्रिपरिषद्ले तोकेको मापदण्डका आधारमा छनौट गरिनेछ।

(३) समितिको मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यहरुलाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले तोके बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(४) परिषदको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(५) परिषदको गणपूरक संख्या तथा बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **परिषदको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) प्रतिष्ठानवाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।
(ख) प्रतिष्ठानको नियमावली वनाउने र विनियम स्वीकृत गर्ने ।
(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने ।
(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने र वजेट स्वीकृत गर्ने ।
(ङ) समितिलाई आवश्यक निर्देशन दिने ।

९. **कार्यकारी समिति गठन:** (१) प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप प्रशिक्षण एवं अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमका सदस्यहरु भएको कार्यकारी समिति रहनेछ:-

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक - अध्यक्ष
(ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य
(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
(ङ) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य
(च) सचिव, प्रदेश नीति तथा योजना आयोग - सदस्य
(छ) कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको उप-कार्यकारी निर्देशक - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा प्रति बैठक एक जना महिला सहित तीन जनामा नबढने गरी विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको वैठक आवश्यकतानुसार बस्नेछ ।

(४) समितिको वैठकको गणपूरक संख्या तथा अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रशासकीय समस्याहरु तथा तिनका समाधानका उपायहरु वारेमा समय समयमा सभा, गोष्ठी, सेमिनार तथा सम्मेलनको आयोजना गर्ने ।

(ग) अनुसन्धान, परामर्श सेवा एवं सूचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) अन्य प्रदेश, संघीय र अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राखी प्रशिक्षण सम्बन्धी कार्यलाई स्तरोन्नति तथा विस्तृतीकरण गर्ने ।

(ङ) परिषद मार्फत प्रदेश सरकारलाई प्रादेशिकस्तरमा प्रशिक्षण सम्बन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने ।

(च) प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने ।

(छ) परिषद मार्फत प्रदेश सरकार र संस्थानहरुको विभिन्न क्षेत्रसँग सम्बन्धित प्रशिक्षण कार्यक्रमहरुको वीचमा समन्वय ल्याउन प्रदेश सरकारलाई आवश्यक राय सल्लाह दिने ।

(ज) प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने ।

(झ) प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने ।

(ञ) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्ने।

(ट) प्रशिक्षण कार्यक्रमहरुको मूल्यांकन गर्ने  गराउने ।

(ठ) प्रशिक्षणको क्षेत्रमा प्रदेश सरकार, नेपाल सरकार र अन्तरराष्ट्रिय संस्थाहरुवीच सम्पर्क माध्यमको रुपमा काम गर्ने।

(ड) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक वनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ढ) ऐन, नियम वा विनियमको अधीनमा रही प्रशिक्षण सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राख्दा समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको अचल सम्पत्ति वेचविखन गर्नु पर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद- ४

## प्रतिष्ठानका कर्मचारीहरु एवं निजहरुको सेवा शर्त सम्बन्धी व्यवस्था

**११. प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानमा आवश्यकतानुसार देहाय बमोजिमका कर्मचारी रहनेछन् ।

(क) प्रशासकीय तथा प्राविधिक

(ख) प्राध्यापक तथा अनुसन्धान

(२) प्रदेश लोक सेवा आयोगको सिफारिशमा प्रतिष्ठानका कर्मचारीहरुको पदपूर्ति गर्नु पर्नेछ ।

(३) प्रदेश लोक सेवा आयोगको गठन भई पदपूर्ति नभएसम्मको लागि प्रतिष्ठानको कार्य सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक कर्मचारी काजमा खटाउनेछ।

(४) प्रतिष्ठानका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त एंव सुविधा तोकिए बमोजिम हुनेछ ।

**१२. कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था:** (१) प्रतिष्ठानको प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशकको नियुक्ति तोकिएको मापदण्डको आधारमा प्रदेश सरकारबाट हुनेछ । तर कार्यकारी निर्देशकको पहिलो पटक नियुक्ति नभएसम्मका लागि प्रदेश सरकारका सचिवहरु मध्येबाट प्रदेश सरकारले तोकेको सचिवले कार्यकारी निर्देशकको रुपमा कामकाज गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मापदण्ड बनाउँदा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरी कम्तीमा १० वर्षको अनुभव भएका वा विद्यावारिधि गरी कम्तिमा ५ वर्षको अनुभव भएका ३५ वर्ष उमेर नाघेका व्यक्तिहरु मध्येबाट कार्यकारी निर्देशक नियुक्ति गर्ने गरी योग्यता तोकिनेछ ।

(४) निजको पदावधि पाँच वर्षको हुनेछ र अर्को एक अवधिका लागि निजलाई पुन: नियुक्ति गर्न सकिनेछ ।

(५) निजको पदावधि समाप्त भएमा वा पदावधि समाप्त हुनु अगावै ६५ वर्ष पुगेमा निज सो पदमा बहाल रहन सक्ने छैनन् ।

(६) कार्यक्षमताको अभाव भएमा, खराब आचरण गरेमा, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेमा वा बदनियतपूर्वक काम कारवाही गरेमा प्रदेश सरकारद्वारा गठित छानबिन समितिको सिफारिशमा निजलाई प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ । छानबीन समितिको गठन र सुनुवाईको मौका दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परिषद तथा समितिको निर्णय एंव निर्देशनहरु कार्यान्वयन गराउने ।

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट समिति मार्फत परिषदमा स्वीकृतिको लागि पेश गर्ने ।

(ग) परिषदबाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने।

(घ) प्रतिष्ठानका प्रगति विवरणहरु समय समयमा समिति समक्ष प्रस्तुत गर्ने, गराउने ।

(ङ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्यांकन गर्ने, गराउने ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी समितिमा स्वीकृतिका लागि पेश गर्ने गराउने ।

(छ) प्रतिष्ठान सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने ।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -५

## कोष, हिसाव र लेखापरीक्षण

**१४. प्रतिष्ठानको कोष:** (१) प्रतिष्ठानको आफ्नो एउटा छुटै कोष हुनेछ ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन् ।

(क) नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम ।

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट प्राप्त हुने रकम ।

(ग) परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम ।

(घ) अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम ।

(३) अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट सहयोग प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको सवै रकम नेपालको कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि चाहिने खर्च उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिने छ ।

**१५. हिसाव राख्ने तरीका:** प्रतिष्ठानको आम्दानी र खर्चको हिसाव महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ ।

**१६. लेखापरीक्षण:** (१) प्रतिष्ठानको हिसावको लेखापरीक्षण महालेखा परिक्षिकबाट हुनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -६

प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एवं पाठ्यक्रम

**१७. प्रशिक्षण पद्धति निर्धारण गर्ने:** (१) प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्न समय समयमा सर्वेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सर्वेक्षणको आधारमा प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पाठ्यक्रम तथा कार्यक्रम परिषदबाट स्वीकृत गराउनु पर्नेछ ।

**१८.अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन:** (१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका अन्य निकायबाट सञ्चालित प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्यांकन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्यांकनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार संशोधन वा परिवर्तन गर्न परिषद मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ ।

**१९. प्रशिक्षण पद्धति:** प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ ।

**२०. प्रशिक्षण सामग्री:** प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमहरुको लागि प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणवाट उपोयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ ।

**२१. पाठ्यक्रम:** प्रशिक्षण कार्यक्रमलाई वढी फलदायी एवं प्रभावकारी वनाउन पाठ्यक्रममा सैद्धान्तिक एवं व्यवहारिक दुवै पक्षमा जोड दिइनेछ ।

## परिच्छेद -७
### विविध

**२२. प्रतिवेदन पेश गर्नुपर्ने:** प्रतिष्ठानले प्रत्येक वर्ष प्रतिष्ठानको क्रियाकलाप सम्बन्धी प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

**२३. अधिकार प्रत्यायोजन:** समितिले यो ऐन बमोजिम आफूले पाएको अधिकारमध्ये सवै वा केही अधिकार प्रतिष्ठानको कार्यकारी निर्देशक वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । कार्यकारी निर्देशकले ऐन नियम अन्तर्गत आफूले पाएको अधिकार मध्ये सवै वा केही अधिकार प्रतिष्ठानको उप-कार्यकारी निर्देशक वा अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२४. प्रदेश सरकारसँग सम्पर्क:** (१) प्रतिष्ठानले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकारसँग सम्पर्क राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानले प्रदेश सरकारका आफ्नो कामसँग मेल खाने संस्था तथा प्रशिक्षण केन्द्रसँग आवश्यक सम्पर्क र समन्वय गर्न सक्नेछ ।

**२५. नियम तथा विनियम बनाउने:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषदले आवश्यक नियमहरु वनाउन सक्नेछ । त्यस्तो नियम प्रदेश सरकारले स्वीकृत गरे पछि लागू हुनेछ ।

(२) प्रतिष्ठानको अन्य आवश्यक काम कारवाहीको लागि उपदफा (१) अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले आवश्यक विनियम वनाउन सक्नेछ र त्यस्तो विनियम परिषदबाट स्वीकृत भएपछि लागू हुनेछ ।